# नेपाली साहित्यको विकासमा साहित्य सङ्गममकवानपुरको योगदान

त्रिभुवन विश्वविद्यालय,

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर,चितवनको

स्नातकोत्तर तह (एम्.ए.) द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

शोधपत्र


शोधार्थी

देवीराम लामा

क्याम्पस क्रमाङ्क : ५३६८

त्रि.वि. दर्ता सं. २-२-२४३-९-९९

नेपाली विभाग

त्रिभुवन विश्वविद्यालय

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन


२०६६

# नेपाली साहित्यको विकासमा साहित्य सङ्गममकवानपुरको योगदान

त्रिभुवन विश्वविद्यालय,
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर,चितवनको
स्नातकोत्तर तह (एम्.ए.) द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

शोधपत्र

शोधनिर्देशक
उपप्राध्यापक भवनाथ सडौला
शोधार्थी

देवीराम लामा
क्याम्पस क्रमाङ्क : ५३६८
त्रि.वि. दर्ता सं. २-२-२४३-९-९९
नेपाली विभाग

त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०६६

**त्रिभुवन विश्वविद्यालय,**
**मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत**
**वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर,चितवन**
**नेपाली विभाग**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरका विद्यार्थी देवीराम लामाले नेपाली  तह (एम्.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **नेपाली साहित्यको विकासमा साहित्य सङ्गममकवानपुरको योगदान** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कनसमिति

प्रा.डा. नारायणप्रसाद खनाल ..............................
हस्ताक्षर

**उपप्राध्यापक भवनाथ सडौला** ...............................
हस्ताक्षर

.................... ............................
बाह्यपरीक्षक हस्ताक्षर

मिति : २०६६/०६/०२

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय **वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका छात्र देवीराम लामाले नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकवानपुरको योगदान** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

**मिति : २०६६/०५/२२**

**उपप्राध्यापक भवनाथ सडौला**
**त्रिभुवन विश्वविद्यालय**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**भरतपुर, चितवन**

# सङ्क्षेपीकृत सूची

| | | |
|---|---|---|
| उ.मा. वि | : | उच्च माध्यमिक विद्यालय |
| कि. मि. | : | किलो मिटर |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.प्र.का. | : | जिल्ला प्रशासन कार्यालय |
| जि.प्र.का. | : | जिल्ला प्रशासन कार्यालय |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| डा. | : | डाक्टर |
| नि.मा.वि | : | निम्न माध्यमिक विद्यालय |
| प्र.ले.स. | : | प्रगतिशील लेखक सङ्घ |
| प्रा. | : | प्राध्यापक |
| पृ. | : | पृष्ठ |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| मि.लि. | : | मिलि लिटर |
| वि.सं. | : | विकम संवत् |
| सम्पा. | : | सम्पादक |
| स्व. | : | स्वर्गीय |
| हे.न.पा. | : | हेटौँडा नगरपालिका |

# विषय-सूची

## पहिलो परिच्छेद

**१.शोधपरिचय** **१-११**

१.१ शोधशीर्षक १

१.२. शोधकार्यको प्रयोजन १

१.३ विषयपरिचय १

१.४ समस्याकथन २

१.५ शोधपत्रका उद्देश्यहरू ३

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ प्राक्कल्पना ७

१.८ शोधकार्यको औचित्य तथा महत्त्व ८

१.९ शोधकार्यको क्षेत्र र सीमा ९

१.१० शोधविधि ९

१.११.शोधपत्रको रूपरेखा १०

## दोस्रो परिच्छेद

**२.मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय** **१२-२०**

२.१ पृष्ठभूमि १२

२.२ नामकरण १३

२.३ ऐतिहासिक पृष्ठभूमि १३

२.४ साँध र सिमाना १४

२.५ जिल्लाको धरातलीय स्वरूप १५

२.६ ऐतिहासिक स्थलहरू १५

२.७ धार्मिक स्थल १५

२.८ जिल्लाका प्रमुख जातिहरू १६

२.९ धर्म १७

२.१० प्रमुख व्यापारिक केन्द्रहरू १७

२.११ स्वास्थ्य १८

२.१२ शिक्षा १८
२.१३ सडक १९
२.१४ निष्कर्ष १९

# तेस्रो परिच्छेद

**३.मकवानपुर जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू २१-३३**
३.१.ज्योति पुस्तकालय २२
३.२ नव कला कुञ्ज २२
३.३ हिमाली साहित्य प्रकाशन २३
३.४ सङ्गम पुस्तकालय २३
३.५ युगप्रकाश क्लब २३
३.६ मकवानपुर साहित्य परिषद् २४
३.७ साहित्य सङ्गम मकवानपुर २४
३.८ मूर्च्छना सङ्गीत समूह २५
३.९ विश्वेश्वर आलोक मञ्च २५
३.१० पुष्पलाल स्मृति पुस्तकालय २६
३.११ जूनकीरी साहित्य परिवार २६
३.१२ उद्बोधन साहित्य मञ्च २७
३.१३ प्रगतिशील लेखक सङ्घ २७
३.१४ शृङ्खला नाट्य समूह २८
३.१५ झरना साहित्यिक परिवार २८
३.१६ दीपशिखा साहित्यिक परिवार २९
३.१७ युगदर्पण साहित्य समाज २९
३.१८ प्रणयन परिवार २९
३.१९ चन्द्रगिरी साहित्यिक परिवार ३०
३.२० मातृभूमि साहित्य समाज ३०
३.२१ परिवर्तन साहित्यिक परिवार ३१
३.२२ मृगतृष्णा साहित्यिक डबली ३१
३.२३ भीम विराग कलासाहित्य प्रतिष्ठान ३१

३.२४ वंशगोपाल सिर्जनशील समाज ३२
३.२५ निष्कर्ष ३२

## चौथो परिच्छेद

**४. साहित्य सङ्गम मकवानपुरका गतिविधिहरू ३४-७२**
**४.१ स्थापना ३४**
**४.२ कार्यसमिति र तिनका कार्य ३५-५८**
४.२.१ मकवानपुर साहित्य कमिटीको पहिलो कार्यसमिति ३५
४.२.२ साहित्य सङ्गम मकवानपुरको पहिलो कार्यसमिति ३५
४.२.३ साहित्य सङ्गम मकवानपुरको दोस्रो कार्यसमिति ३६
४.२.४ साहित्य सङ्गम मकवानपुरको तेस्रो कार्यसमिति ३७
४.२.५ साहित्य सङ्गम मकवानपुरको चौथो कार्यसमिति ३८
४.२.६ साहित्य सङ्गम मकवानपुरको पाँचौं कार्यसमिति ३९
४.२.७ साहित्य सङ्गम मकवानपुरको छैटौं कार्यसमिति ४०
४.२.८ साहित्य सङ्गम मकवानपुरको सातौं कार्यसमिति ४१
४.२.८.(क) साहित्य सङ्गम मकवानपुरको सातौं कार्यसमितिको पुनर्गठित कार्यमिति ४१
४.२.९ साहित्य सङ्गम मकवानपुरको आठौं कार्यसमिति ४३
४.२.१० साहित्य सङ्गम मकवानपुरको नवौं कार्यसमिति ४४
४.२.११ साहित्य सङ्गम मकवानपुरको दसौं कार्यसमिति ४४
४.२.१२ साहित्य सङ्गम मकवानपुरको एघारौं कार्यसमिति ४५
**४.३ साहित्य सङ्गम मकवानपुरले गरेका कार्यहरू ४६**
४.३.१ साहित्य सन्ध्या सञ्चालन ४७-५३
४.३.२ मुखपत्र प्रकाशन ५४-५२
४.३.२.१ क्रमशः, वर्ष-१, अङ्क-१ ५४
४.३.२.२ क्रमशः, वर्ष-२, अङ्क-२ ५५
४.३.२.३ क्रमशः, वर्ष-३, अङ्क-३ ५५
४.३.२.४ सौरभ, वर्ष-८, अङ्क-४ ५६

४.३.२.५ सौरभ, वर्ष-१०, अङ्क-५ ५६
४.३.२.६ सौरभ, वर्ष-१२, अङ्क-६ ५७
४.३.२.७ सौरभ, वर्ष-१५, अङ्क-७ ५७
४.३.२.८ सौरभ, वर्ष-१६, अङ्क-८ ५८
**४.४ पुरस्कार तथा मानसम्मान स्थापना र वितरण ५९-६२**
४.४.१ मकवानपुर प्रतिभा पुरस्कार ५९
४.४.२ शेषजङ्ग स्मृति कथा पुरस्कार ६०
४.४.३ णकुमारी स्मृति साहित्य पुरस्कार ६१
४.४.४ पारिजात स्मृतिसम्मान ६२
**४.५ स्रष्टा सम्मान ६२**
**४.६ साहित्य सङ्गम मकवानपुरमा आबद्ध प्रमुख स्रष्टाहरू ६३-७१**
४.६.१ आर.आर. चौलागाई ६४
४.६.२ आर. सी. रिजाल ६४
४.६.३ इन्द्रजीत शर्मा चौलागाई ६५
४.६.४ ऋषि के.बी. ६५
४.६.५ केशव श्रेष्ठ 'ज्योति' ६६
४.६.६. खेम बानियाँ ६६
४.६.७. गोविन्द खड्का ६६
४.६.८. तीर्थदेवी सिलवाल ६७
४.६.९. तुल्सी थापा ६७
४.६.१०. नवराज शर्मा ६७
४.६.११. निमेष निखिल ६८
४.६.१२. बबी थापा ६८
४.६.१३. भीम विराग ६८
४.६.१४. रामचन्द्र आचार्य 'फुर्सती' ६९
४.६.१५. श्यामकुमार बानियाँ ६९
४.६.१६. साम्ब ढकाल ७०
४.६.१७. हयग्रीव आचार्य ७०

४.७ निष्कर्ष ७१

## पाँचौं परिच्छेद

**५. साहित्य सङ्गम मकवानपुरको मूल्याङ्कन र योगदान ७३-७७**
५.१ पृष्ठभूमि ७३
५.२ मूल्याङ्कन ७४
५.३ योगदान ७५
५.४ निष्कर्ष ७६

## छैठौँ परिच्छेद

**६.उपसंहार ७७-८२**
६.१ पहिलो परिच्छेदको सारांश ७७
६.२ दोस्रो परिच्छेदको सारांश ७७
६.३ तेस्रो परिच्छेदको सारांश ७७
६.४ चौथो परिच्छेदको सारांश ७८
६.५ पाँचौं परिच्छेदको सारांश ७९
६.६ छैठौँ परिच्छेदको सारांश ७९
६.७ समग्र निष्कर्ष ७९

## सन्दर्भग्रन्थसूची र परिशिष्ट ८३-९५

प्रमुख सन्दर्भसूची ८३
सहायक सन्दर्भसूची ८४
सन्दर्भव्यक्ति सूची ८६
अन्तर्वार्ताका लागि प्रश्नावली ८७
साहित्य सङ्गम मकवानपुरको वर्तमान अध्यक्ष निमेष निखिलसँगको अन्तर्वार्ता ८८
साहित्य सङ्गम मकवानपुरको जग्गादाता आर.सी. रिजालसँगको अन्तर्वार्ता ९१
मकवानपुर जिल्लाको नक्सा ९३

साहित्य सङ्गम मकवानपुरको भवनको तस्विर ९४
साहित्य सङ्गम मकवानपुरको वर्तमान कार्यसमितिको तस्विर ९५

# तालिकासूची

तालिका सङ्ख्या : १ जिल्लाका जनजातिहरूको विवरण १६
तालिका सङ्ख्या : २ जिल्लाका विद्यालयहरूको विवरण १८
तालिका सङ्ख्या : ३ साहित्य सङ्गम मकवानपुरबाट सञ्चालित साहित्यसन्ध्या ४७
तालिका सङ्ख्या : ४ मकवानपुर प्रतिभा पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण ५९
तालिका सङ्ख्या : ५ शेषजङ्ग स्मृति कथा पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण ६०
तालिका सङ्ख्या : ६ णकुमारी स्मृति साहित्य पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण ६१
तालिका सङ्ख्या : ७ पारिजात स्मृति सम्मानबाट सम्मनित स्रष्टाहरूको विवरण ६२
तालिका सङ्ख्या : ८ साहित्य सङ्गम मकवानपुरबाट सम्मानित स्रष्टाहरूको विवरण ६३

**पहिलो परिच्छेद**

# शोधपरिचय

**दोस्रो परिच्छेद**

# मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय

## तेस्रो परिच्छेद

# मकवानपुर जिल्लाका साहित्यिक

# सङ्घसंस्थाहरू

## चौथो परिच्छेद

# साहित्य सङ्गम मकवानपुरका गतिविधिहरू

## पाँचौं परिच्छेद

# साहित्य सङ्गम मकवानपुरको मूल्याङ्कन र नेपाली साहित्यको विकासमा योगदान

## छैठौं परिच्छेद

# उपसंहार

# सन्दर्भग्रन्थसूची

# २

# परिशिष्ट

# पहिलो परिच्छेद

## १ शोधपरिचय

### १.१शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकवानपुरको योगदान** रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ विषयपरिचय

नारायणी अञ्चलअन्तर्गतको मकवानपुर जिल्ला नेपाली वाङ्मय तथा साहित्यिक गतिविधिहरूमा अञ्चलमै अग्रणी स्थान भएको जिल्ला हो । यस जिल्लामा हुने गरेका साहित्यिक तथा वाङ्मयिक गतिविधिहरूमा विभिन्न सङ्घ-संस्थाहरूको अद्वितीय हात रहेको कुरामा मकवानपुरको इतिहास साक्षी छ । एकातिर मकवानपुर जिल्लाले साहित्यका विविध विधाहरूमा कलम चलाएर नेपाली साहित्यको श्रीवृद्धिमा उल्लेख्य योगदान पुऱ्याउने थुप्रै स्रष्टाहरू जन्माएको छ भने अर्कोतिर साहित्यिक सङ्घसंस्थाहरूको साहित्यिक तथा वाङ्मयिक गतिविधिहरूलाई सङ्गठित एवम् व्यवस्थित रूपले चलाउने मकवानपुरको उपक्रमहरूमा थुप्रै उल्लेख्य साहित्यिक सङ्घसंस्थाहरू मकवानपुरको गर्भमा जन्मी-हुर्की यस जिल्लाको नाम र शानलाई समुज्ज्वल पार्न क्रियाशील देखिन्छन् । यसै सन्दर्भमा पञ्चायतकालीन निरङ्कुशीय बर्बरतालाई पर्वाह नगरी हेटौँडाका केही उत्साही, निर्भीक अनि साहित्यानुरागीहरू नवराज शर्मा, आर.आर. चौलागाई, रामचन्द्र आचार्य, केशव श्रेष्ठ 'ज्योति' जस्ता साहित्यकारहरूको सक्रियता र अग्रसरतामा वि.सं. २०४४ मा साहित्य सङ्गम मकवानपुर जिल्लाको हेटौँडामा

गठन भएको हो । यो वि.सं. २०५२ माघ १२ गते जिल्ला प्रशासन कार्यालयमा मकवानपुरमा विधिवत् दर्ता भई हालसम्म साहित्यिक तथा वाङ्मयिक गतिविधिहरू सक्रिय रूपले सञ्चालन गर्दै आएको विशुद्ध साहित्यिक संस्था हो । साहित्य सङ्गम मकवानपुरले हालसम्म १६३ औँ (२०६६ आषाढ १० गते) साहित्यिक सन्ध्या सम्पन्न गरेको र आठौँ अङ्कसम्म मुखपत्र प्रकाशन गरेको, 'मकवानपुर प्रतिभा पुरस्कार', 'णकुमारी स्मृति साहित्य पुरस्कार', 'शेषजङ्ग स्मृति कथा पुरस्कार', 'पारिजात स्मृति सम्मान' साहित्यिक पुरस्कार तथा सम्मानको संयोजन, संरक्षण तथा वितरण गर्नुका साथै कृति विमोचन, स्रष्टासम्मान र कृतिपरक तथा विधापरक राष्ट्रिय रूपमा परिचित एवम् स्थापित स्रष्टा र भाषा साहित्यमा लाग्ने उत्साही युवा पिँढीहरूका छाता सङ्गठनको काम गरेर नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएको तथ्य स्पष्ट छ । मोफसलमा रहेर स्थापित साहित्यिक संस्थाको रूपमा चिनिइसकेको परिप्रेक्ष्यमा यसको स्थापना औचित्यपूर्ण रहेको र साहित्य सङ्गम मकवानपुरले नेपाली वाङ्मयमा योगदान पुऱ्याएको हुनाले यस शोधपत्रको विषय अध्ययन योग्य रहेको छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोधपत्रका समस्याहरू यसप्रकार रहेका छन् :

क) साहित्य सङ्गम मकवानपुर के-कस्तो संस्था हो ?

ख साहित्य सङ्गम मकवानपुरको स्थापनाकालीन मकवानपुर जिल्लाको साहित्यिक सङ्घसंस्थाहरूको पृष्ठभूमि के-कस्तो रहेको थियो ?

ग) साहित्य सङ्गम मकवानपुरको साहित्यिक गतिविधिहरू के-कस्ता रहेका छन् ?

घ) साहित्य सङ्गम मकवानपुरले संरक्षण, संयोजन तथा वितरण गरेका पुरस्कार तथा सम्मानहरू के-कस्ता रहेका छन् ?

ङ) साहित्य सङ्गम मकवानपुरले प्रत्यक्ष-परोक्ष रूपमा नेपाली साहित्यको विकासमा के-कस्ता योगदान पुऱ्याएको छ ?

यिनै समस्याहरूको अधीनमा रही यो शोधपत्र तयार गरिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधपत्रका निम्निलिखित उद्देश्यहरू रहेका छन् :

क) मकवानपुर जिल्लाको अतिसङ्क्षिप्त परिचय दिई साहित्य सङ्गम मकवानपुरको परिचय दिनु ,

ख) साहित्य सङ्गम मकवानपुरको स्थापनाकालीन मकवानपुर जिल्लाको साहित्यिक सङ्घसंस्था, पत्रपत्रिका आदिका बारेमा सङ्क्षिप्त चर्चा गर्नु ,

ग) साहित्य सङ्गम मकवानपुरको साहित्यिक गतिविधिहरूको आद्योपान्त चर्चा गर्नु,

घ) साहित्य सङ्गम मकवानपुरले हालसम्म संरक्षण, संयोजन तथा वितरण गरेका पुरस्कारहरू तथा सम्मानहरूको विवरण दिनु ,

ङ) साहित्य सङ्गम मकवानपुरले नेपाली साहित्यको विकासमा पुऱ्याएका यी योगदानहरूका विश्लेषण गर्नु ।

यिनै उद्देश्यहरू परिपूर्ति गर्नमा प्रस्तावित शोधपत्र केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्य सङ्गम मकवानपुर वि.सं. २०४४ मा स्थापित भई हालसम्म निरन्तर साहित्यिक गतिविधिहरू सञ्चालन गरिरहेको एक साहित्यिक संस्था हो । यस संस्थाबाट भएगरेका कार्य र प्रकाशित सामग्रीबारे यस अघि गरिएका पूर्वकार्यहरूको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

क) साहित्य सङ्गम मकवानपुर प्रकाशक रहेको पहिलो मुखपत्र **क्रमशः** पृष्ठ ४७ मा पञ्चायती बर्बरता खासगरी २०३६ सालपछिको राजनैतिक परिवर्तनको सङ्क्रमणकालीन प्रसवपीडामा छट्पटाइरहेको बखत नेपाली कमलवीरहरू राष्ट्रप्रेम, जागृति र युगबोधका शङ्खघोष गरेका राष्ट्रिय सन्दर्भमा तत्कालीन आततायी राजनैतिक परिवेशको उपज साहित्य सङ्गम मकवानपुर गठन भएको कुरा उल्लेख गरिएको छ ।

ख) कुलप्रसाद सापकोटाले त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग भरतपुरबाट गरेको 'नेपाली साहित्यको विकासमा मकवानपुर जिल्लाको योगदान' शीर्षकको नेपाली स्नातकोत्तर तहको अप्रकाशित शोधपत्रको पृष्ठ १४० मा साहित्य सङ्गम मकवानपुर वि. सं. २०४४ पौष २५ गते स्थापना भई मुखपत्रको रूपमा 'सौरभ' प्रकाशन भएको उल्लेख गरेको पाइन्छ । साथै 'शेषजङ्ग स्मृति कथा पुरस्कार', 'मकवानपुर वाङ्मय प्रतिभा पुरस्कार' वितरण तथा संरक्षण गर्दै नियमित साहित्यिक सन्ध्याहरू सञ्चालन गर्दै आएको छ । यसले जिल्ला बाहिरसम्म पनि कार्यक्रमहरू सञ्चालन गरेको उक्त शोधपत्रमा वर्णन गरिएको छ ।

ग) साहित्य सङ्गम मकवानपुर प्रकाशक रहेको ***क्रमश:*** (२०५०) दोस्रो अङ्कको पृष्ठ २९ र ३० मा 'सङ्गम डायरी' शीर्षकमा सङ्गम २०५२ सालमा विधिवत् दर्ता भई मकवानपुर जिल्ला मूल भएका अग्रज साहित्यकारहरूलाई अभिनन्दन गर्दै जाने निर्णय गरी सर्वप्रथम समालोचक डा. केशवप्रसाद उपाध्यायलाई अभिनन्दन गरिएको कुराको उल्लेख गरिएको पाइन्छ ।

घ) अभिनवले *'प्रकाश'* साप्ताहिक २०५९ फाल्गुण ४ गते सोमबारको अङ्कमा 'निरन्तरता र क्रियाशीलताको पर्यायवाची साहित्य सङ्गम मकवानपुर' शीर्षकको लेखमा साहित्य सङ्गम मकवानपुरले गरेका विभिन्न साहित्यिक गतिविधिहरूको विवरणात्मक तथा विश्लेषणात्मक चर्चा गरिएको छ ।

ङ) रामकुमार एलनले *'कुराकानी'* साप्ताहिक २०६० चैत्र ३० गतेको अङ्कमा 'उमेर सोह्र, वैशाख बाह्र सङ्गमको जोडिँदै छ घरबार' शीर्षकको लेखमा साहित्यकार आर.सी. रिजाल, हेटौँडा नगरपालिका, संस्कृति मन्त्रालय आदि व्यक्ति तथा सङ्घसंस्थाहरूको आर्थिक सहयोगमा सङ्गमले आफ्नो पहिचानात्मक निजी भवन तयार पार्ने भनी उल्लेख गरिएको छ ।

च) विश्वम्भर शर्माको *प्रतीक* दैनिक २०६१ जेष्ठ ९ मा 'साहित्येतिहासको एउटा विशिष्ट गोरेटो विनिर्माणका क्षण' शीर्षकको लेखमा साहित्य सङ्गम मकवानपुरको भूमिकासहितको लेखमा अबका दिनमा यसले नेपाली साहित्यको गोरेटो प्रदान गर्ने कुरा उल्लेख गरिएको छ ।

छ) प्रताप विष्ट '*कान्तिपुर*' २०६१/०४/०५ गतेको 'आँगन काटेर साहित्यभवन' शीर्षकको समाचारमा साहित्यकार आर.सी. रिजालले साहित्य सङ्गम मकवानपुर तथा सिस्नुपानी नेपाललाई संयुक्त रूपमा आफ्नो आँगन काटेर चार धुर जग्गा प्रदान गरी उदाहरणीय कार्य गरेको कुरा प्रकाशित भएको छ।

ज) निमेष निखिलको '*इन्द्र सरोवर*' साप्ताहिक २०६१ साल श्रावण १७ गते आइताबारको अङ्कमा 'सबैको सहयोगबाट निरन्तर अगाडि बढिरहेको छ साहित्य सङ्गम' शीर्षकको लेखमा साहित्य सङ्गम सबै खालका स्रष्टाहरूको सहकार्य र समन्वयबाट सङ्गमका विभिन्न साहित्यिक गतिविधिहरू अगाडि बढिरहेको भनी  उल्लेख गरिएको छ ।

झ) मकरबहादुर सार्कीको *हेटौँडा सन्देश* २०६१ साल श्रावण २३ 'देशमै उदाहरणीय बन्दै छ मकवानपुरे साहित्य' लेखमा मोफसलको फस्टाउँदो साहित्यिक पुष्प बाटिकाको रूपमा साहित्य सङ्गम मकवानपुर रहेको कुरा उल्लेख गरिएको छ ।

ञ) कौशल पाण्डेको *प्रयास* अर्धवार्षिक पत्रिका २०६१ कार्त्तिक १६ मा 'साहित्य सन्ध्यामा देवकोटाको सम्झना' शीर्षकको लेखमा साहित्य सङ्गम मकवानपुरको १०५ औँ नियमित सन्ध्यामा महाकवि लक्ष्मीप्रसाद देवकोटाको सम्झना गर्दै उनको कृतित्व र व्यक्तित्वसम्बन्धी रचना प्रस्तुत गरिएको भनी उल्लेख गरिएको छ ।

ट) *'पहल'* साप्ताहिक वि.सं.२०६१ मङ्सिर २७ गते 'सङ्गमले सबैलाई समेट्न सक्नुपर्छ' भन्ने दुर्गा लामिछानेको लेखमा साहित्य सङ्गम मकवानपुरले सबै खाले गतिमूलक साहित्यिक स्रष्टाहरूलाई समन्वय गर्दै लैजानुपर्ने भनिएको छ ।

ठ) रामशरण पुडासैनीले *'गोरखापत्र'* २०६२ साल श्रावण ६ मा 'मकवानपुरे साहित्य उदाहरण बन्ने' शीर्षकमा मकवानपुरे साहित्यलाई थप उचाइ दिन साहित्यकार आर.सी.रिजालले दिनुभएको ४ धुर जग्गामा जि.वि.स. मकवानपुर, हेटौँडा नगरपालिका तथा संस्कृति मन्त्रालयलगायतका सहयोगमा साहित्य सङ्गम मकवानपुरको भवननिर्माण हुने समाचार प्रकाशित भएको पाइन्छ ।

ड) *दृष्टि* साप्ताहिक (वर्ष २२, अङ्क ४८) २०६२ साल कार्त्तिक २९ गते देवराज रिमालका 'साहित्य सङ्गमको सत्र वर्षे यात्रा' शीर्षकको लेखमा साहित्य सङ्गम मकवानपुरले थुप्रै स्रष्टाहरूलाई समेटेको र आफ्नै भवनसमेत तयार गरी मकवानपुरे साहित्यिक इतिहासमा छुट्टै पहिचान नै बनाएको भनी सङ्गमको १७ वर्षे अवधिको मूल्याङ्कन गरिएको छ ।

ढ) साहित्य सङ्गम मकवानपुरको आफ्नै प्रकाशकत्वमा प्रकाशित सातौँ मुखपत्र *सौरभ* (२०६२) पृष्ठ १२३-१४७ सम्म साहित्य सङ्गम मकवानपुरका सचिव निमेष निखिलको प्रतिवेदनमा स्थापनाकालदेखि आद्योपान्त सङ्गमका विभिन्न गतिविधिहरू तथा सङ्गमले संरक्षण, संयोजन र वितरण गरेका पुरस्कारहरू र पुरस्कृत एवम् सम्मानित स्रष्टाहरूको नामावली प्रस्तुत गरेका छन् ।

यसरी साहित्य सङ्गम मकवानपुरको गतिविधिहरू मुखपत्र, शोधपत्र तथा विभिन्न स्थानीय एवम् राष्ट्रिय पत्रपत्रिकाहरूमा आंशिक उल्लेख भएको देखिए पनि साहित्य सङ्गम मकवानपुरका समग्र क्रियाकलापहरू र यसका कामहरूको पूर्ण विवरणहरू समेटिन सकेको देखिँदैन । त्यसैले प्रस्तुत शोधकाय गर्न अग्रसर हुनुपरेको हो ।

## १.७ प्राक्कल्पना

यस शोधकार्यको लागि गरिएको प्राक्कल्पना यसप्रकार छ :

क) साहित्य सङ्गम मकवानपुर २०४४ सालमा स्थापना भई निरन्तर भाषा, साहित्य तथा कलाका क्षेत्रमा सक्रिय संस्थाको रूपमा रहेको छ ।

ख) साहित्य सङ्गम मकवानपुरको स्थापनाकालीन सन्दर्भमा निरङ्कुश पञ्चायती बर्बरताका बाबजुद पनि राजनैतिक असन्तुष्टि पोख्न र वाङ्मयिक उत्थानमा सङ्ख्यात्मक रूपले न्यून नै भए पनि वाङ्मयकर्मीहरू लागिपरेका छन् ।

ग) साहित्य सङ्गम मकवानपुरले विभिन्न शृङ्खला गरी १६३ औँ साहित्य सन्ध्या सम्पन्न, आठ अङ्कसम्म मुखपत्र प्रकाशन, विभिन्न पुरस्कार तथा सम्मानहरूका संयोजन तथा वितरण, स्रष्टा सम्मान, पुस्तकालय व्यवस्थापन तथा अन्य साहित्यिक तथा साहित्येतर सङ्घसंस्थाहरूसँग सहकार्य गरी विभिन्न साहित्यिक कार्यक्रमहरू गरिरहेको छ ।

घ) साहित्य सङ्गम मकवानपुरले नेपाली वाङ्मय, कला, साहित्य तथा संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याउनुहुने स्रष्टाहरूलाई ‘मकवानपुर प्रतिभा पुरस्कार’, ‘णकुमारी स्मृति साहित्य पुरस्कार’, ‘शेषजङ्ग स्मृति कथा पुरस्कार’, ‘पारिजात स्मृति सम्मान’ तथा विभिन्न अग्रज साहित्यकारहरूलाई अभिनन्दन, पुरस्कृत सम्मानित गर्ने काम गरेको छ ।

ङ) साहित्य सङ्गम मकवानपुरले स्थापनाकालदेखि विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गरी थुप्रै साहित्यिक स्रष्टाहरूलाई जन्माएको छ भने विभिन्न पुरस्कार तथा सम्मानहरू वितरण गरी स्रष्टाहरूमा वाङ्मय सेवाको भावना जगाई नेपाली साहित्यको विकास गर्ने काम भएको छ ।

यसरी साहित्य सङ्गम मकवानपुर २०४४ सालमा स्थापना भई निरन्तर नेपाली भाषा, साहित्य तथा कलाका क्षेत्रमा सक्रिय संस्थाको रूपमा रहेको छ । यसक्रममा १६३ औँ

साहित्य सन्ध्या सम्पन्न, आठ अङ्कसम्म मुखपत्र प्रकाशन, विभिन्न पुरस्कार तथा सम्मानहरूको संयोजन तथा वितरण, स्रष्टा सम्मान, पुस्तकालय व्यवस्थापन तथा अन्य साहित्यिक तथा साहित्येतर सङ्घसंस्थाहरूसँग सहकार्य गरी विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको छ । नेपाली भाषा, साहित्य तथा कलाको क्षेत्रमा विशेष योगदान पुऱ्याउने वाङ्मयकर्मीहरूलाई साहित्य सङ्गम मकवानपुर 'मकवानपुर प्रतिभा पुरस्कार', 'णकुमारी स्मृति साहित्य पुरस्कार', 'शेषजङ्ग स्मृति कथा पुरस्कार', 'पारिजात स्मृति सम्मान' तथा विभिन्न अग्रज साहित्यकारहरूलाई अभिनन्दन, पुरस्कृत सम्मानित गर्ने काम गरेको छ । यी समग्र गतिविधिहरू सञ्चालन गरी साहित्य सङ्गम मकवानपुरले नेपाली साहित्यको विकासमा प्रत्यक्षतः सहयोग पुऱ्याएको छ ।

## १.८ शोधकार्यको औचित्य तथा महत्त्व

भाषा र साहित्यको आयामभित्र स-सानै भएपनि भाषिक तथा साहित्यिक क्रियाकलापहरूको आ-आफ्नै गरिमा र महिमा रहेको हुन्छ । खासगरी मोफसलमा भाषा साहित्यका खातिर गैरसरकारी तवरबाट साहित्यिक उत्थानमा जुटेका व्यक्ति वा संस्था सङ्ख्यात्मक हिसाबले न्यून नै रहेका पाइन्छन् । क्षेत्रीय रूपमा भाषा तथा साहित्यमा पुऱ्याइएका यस्ता योगदानहरू चर्चाबाट ओझेलमा परेका छन् । यससन्दर्भमा दुई दशकभन्दा बढी समयदेखि मकवानपुरका साहित्यिक गतिविधिहरूमा क्रियाशील साहित्यिक सङ्गठन साहित्य सङ्गम मकवानपुरले आजसम्म निरन्तर रूपमा नेपाली साहित्यलाई सङ्ख्यात्मक तथा गुणात्मक रूपमा पुऱ्याएको योगदान, स्थानीय तथा क्षेत्रीय रूपमा यसका क्रियाकलापहरूको स्तरीयता आदिका आधारमा साहित्य सङ्गमलाई राष्ट्रिय सन्दर्भमा परिचित गराउने कार्यमा प्रस्तुत शोधकार्य औचित्यपूर्ण देखिन्छ । साथै मकवानपुर जिल्लाको साहित्यिक क्षेत्रको अध्ययनका निम्ति पनि यो शोधकार्य एक महत्त्वपूर्ण पाइला हुनेछ । यसैमा नै यस शोधपत्रको औचित्य र महत्त्व झल्कन्छ ।

## १.९ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्र निम्नलिखित क्षेत्र र सीमाअन्तर्गत रहेर तयार गरिएको छ :

क) साहित्य सङ्गम मकवानपुरको परिचयको सन्दर्भमा मकवानपुर जिल्लाको भौगोलिक, शैक्षिक, जनसाङ्ख्यिक, ऐतिहासिक तथा धार्मिस्थल आदिको मात्र अतिसङ्क्षिप्त परिचय  दिइएको छ ।

ख) साहित्य सङ्गम मकवानपुरको स्थापनाकालीन तथा मकवानपुरे साहित्यमा योगदान पुऱ्याएका विभिन्न साहित्यिक सङ्घसंस्थाहरू, पत्रपत्रिकाहरूको मात्र आवश्यक विवरण प्रस्तुत गरिएको छ।

ग) साहित्य सङ्गम मकवानपुरका साहित्यिक गतिविधिहरूअन्तर्गत साहित्यिक सन्ध्याहरू, प्रकाशित मुखपत्र, वितरित पुरस्कारहरू तथा स्रष्टासम्मानको आवश्यक विवरण प्रस्तुत गरिएको छ ।

घ) साहित्य सङ्गम मकवानपुरको स्थापनाकालीन समयदेखि अहिलेसम्मका कार्यसमितिका कार्यहरू, साहित्यिक उपादेयता, सङ्गमसँग आबद्ध स्रष्टाहरूका व्यक्तित्व र कृतित्वबारे सङ्क्षेपमा प्रस्तुत गर्नु, आवश्यक मात्रामा मकवानपुर जिल्लाको साहित्यिक वस्तुस्थितिको चर्चा गर्नु यस शोधको मुख्य क्षेत्र मानिएको छ भने अन्य माथि (क) देखि (घ) बाहेक अरू सामग्री अध्ययन नगर्नु यस शोधको सीमा रहेको छ ।

यसरी यस शोधपत्रको प्रथम परिच्छेदमा मकवानपुर जिल्लाको भौगोलिक, शैक्षिक, जनसाङ्ख्यिक, ऐतिहासिक तथा धार्मिस्थल आदिको मात्र अतिसङ्क्षिप्त परिचय दिइएको छ । त्यसैगरी दोस्रो परिच्छेदमा साहित्य सङ्गम मकवानपुरको स्थापनाकालीन तथा मकवानपुरे साहित्यमा योगदान पुऱ्याएका विभिन्न साहित्यिक सङ्घसंस्था, पत्रपत्रिकाहरूको मात्र आवश्यक विवरण प्रस्तुत गरिएको छ भने तेस्रो परिच्छेदमा सङ्गमका साहित्यिक गतिविधिहरूअन्तर्गत साहित्यिक सन्ध्याहरू, प्रकाशित मुखपत्र, वितरित पुरस्कारहरू तथा

स्रष्टासम्मानको आवश्यक विवरणहरू प्रस्तुत गरिएको छ । त्यसैगरी चौथो परिच्छेदमा साहित्य सङ्गम मकवानपुरको स्थापनाकालीन समयदेखि अहिलेसम्मका कार्यसमितिका कार्यहरू तथा तिनका साहित्यिक उपादेयता, सङ्गमसँग आबद्ध स्रष्टाहरूका बारेमा सङ्क्षेपमा चर्चा गर्नु र मकवानपुर जिल्लाको साहित्यिक वस्तुस्थितिको चर्चा आवश्यक मात्रामा गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्नका लागि साहित्य सङ्गम मकवानपुरसँग सम्बन्धित पूर्व प्रकाशित सामग्रीहरूलाई पनि आधार बनाइएको छ, साथै साहित्य सङ्गम मकवानपुरका पदाधिकारीहरू, सङ्गमसँग आबद्ध साहित्यिक स्रष्टाहरू तथा सङ्गमबारे जानकारी राख्ने अन्य विभिन्न व्यक्ति-व्यक्तित्वहरूसँग सोधपुछसमेत गरी तथा प्रकाशित विभिन्न पत्रपत्रिका, मुखपत्रबाट सामग्री सङ्कलन गरिएको छ । यसका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ । सामग्री विश्लेषणका क्रममा साहित्यका खासगरी कालक्रमिक, विधापरक, गुणात्मक तथा सङ्ख्यात्मक उपलब्धिहरूको विश्लेषण गरिएको छ भने समग्र योगदान निरूपणका लागि आवश्यकताअनुसार अवलोकन विधि, अन्तर्वार्ता, विषयवस्तुको विश्लेषण, एकल अध्ययन तथा प्रश्नावलीजस्ता क्षेत्रीय अध्ययन विधि अपनाइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र निम्नलिखित छ परिच्छेदमा विभक्त रहेको छ :

क) पहिलो परिच्छेद : **शोधपरिचय**

यस परिच्छेदमा शोधशीर्षक, प्रयोजन, समस्याकथन, उद्देश्य, अध्ययनको क्षेत्र, शोधविधि, शोधपत्रको रूपरेखा आदि प्रस्तुत गरिएको छ ।

ख) दोस्रो परिच्छेद : **मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय**

यस परिच्छेदमा मकवानपुर जिल्लाको नामकरण, सङ्क्षिप्त परिचय, ऐतिहासिक पृष्ठभूमि, साँध-सिमाना, महत्त्वपूर्ण ऐतिहासिक स्थलहरू आदिको परिचय प्रस्तुत गरिएको छ ।

ग) तेस्रो परिच्छेद : **मकवानपुर जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू**

यस परिच्छेदमा मकवानपुर जिल्लाका साहित्यिक सङ्घसंस्थाहरूको स्थापनाको पृष्ठभूमि तथा स्थापनाकालीन मकवानपुर जिल्लाको साहित्यिक गतिविधिहरूबारे आवश्यक प्रकाश पारिएको छ ।

घ) चौथो परिच्छेद : **साहित्य सङ्गम मकवानपुरका गतिविधिहरू**

यस परिच्छेदमा साहित्य सङ्गम मकवानपुरको स्थापना कालदेखिको आद्योपान्त गतिविधिहरूको आवश्यक विवरण गरिएको छ ।

ङ) पाँचौं परिच्छेद : **साहित्य सङ्गम मकवानपुरको मूल्याङ्कन र नेपाली साहित्यको विकासमा योगदान**

यस परिच्छेदमा नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकवानपुरको मूल्याङ्कन र योगदानको चर्चा गरिएको छ ।

च) छैठौँ परिच्छेद : **उपसंहार**

यस परिच्छेदमा शोधपत्रको उपसंहारलाई प्रस्तुत गरिएको छ ।

यसरी शोधपत्रका मुख्य र सहायक अङ्ग-प्रत्यङ्गहरूका साथै अन्त्यमा सन्दर्भग्रन्थ सूची र परिशिष्ट समावेश गरी यो शोधप्रबन्ध तयार गरिएको छ ।

# दोस्रो परिच्छेद

## २. मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय

सुन्दर, शान्त, सुरम्य, प्रकृतिका मनोहारी छटाहरूले सुसज्जित हिमाली मुलुक नेपालको मध्यभागस्थित नारायणी अञ्चलमा पर्ने मकवानपुर जिल्ला भौगोलिक बनावट, हावापानी, भाषा, संस्कृति, जातजाति, धर्मआदि हरेक दृष्टिले विविधतायुक्त जिल्ला हो । नेपालको कूल क्षेत्रफल (१,४७,१८१ वर्ग कि.मि.) को १.६५ प्रतिशत भाग ओगटको यस जिल्लाको भाषा तथा साहित्यिक परम्परा सुसंस्कृत देखिन्छ।

## २.१ पृष्ठभूमि

विश्व मानचित्रमा नेपाल पृथ्वीको उत्तरी गोलार्धस्थित एशिया महादेशको करिब बीचमा रहेको भू-मध्य रेखादेखि उत्तरी अक्षांशमा कर्कट रेखादेखि पनि उत्तरमा भारत र चीनको माझमा हिमालको काखमा पूर्वपश्चिम झन्डैझनडै ईंटाकार भई अक्षांश २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेटसम्म उत्तर र देशान्तर ८० डिग्री ४ मिनेट पूर्वदेखि ८८ डिग्री १२ मिनेट पूर्वसम्म फैलिएर रहेको एक भूपरिवेष्टित राष्ट्र हो।[१] यस देशलाई सगरमाथाको देश, गौतम बुद्धको देश, लडाकुहरूको देश, तेस्रो ध्रुवको देश, विकासोन्मुख देश तथा विविधताको देश नामले पनि चिनिन्छ ।

विश्वको ०.०३ प्रतिशत र एशिया महादेशको ०.३ प्रतिशत भू-भाग ओगटेको यस देशको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर रहेको छ ।[२] नेपालको कूल ७५ जिल्लाहरूमध्ये एक जिल्लामा पर्ने मकवानपुर जिल्ला मध्यपूर्वी नेपालमा रहेको भित्री मधेसमा पर्ने एक जिल्ला हो । यस जिल्ला पूर्व साँघुरो हुँदै पश्चिमतर्फ बेलुन फुकेझैं फुकेको आकारमा पूर्व-पश्चिम लम्बिएर रहेको छ । विश्व भूगोलको ८४$^{o}$४१' देखि

१. खगेन्द्र निरौला, **नेपाल परिचय** (भोटाहिटी,काठमाडौँ : रत्नपुस्तक भण्डार,२०५३) पृष्ठ १६ ।

२.कुलप्रसाद सापकोटा, **नेपाली साहित्यको विकासमा मकवानपुरको योगदान**, त्रि.वि.,वी.ब.क्या.नेपाली विभाग भरतपुर, चितवन-२०५८।

८५°३१' पूर्वी देशान्तरसम्म र २७°१०' देखि २७°४०' उत्तरी अक्षांशको बीच भागमा अवस्थित यो जिल्ला २४२६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिई नेपाल अधिराज्यको कूल क्षेत्रफलको १.६५ प्रतिशत भूभाग ओगटेको छ ।[३]

## २.२ नामकरण

हाम्रो देशका अधिकांश अञ्चल जिल्ला, बजार, सार्वजनिक महत्त्वका स्थलहरूको नामकरणको पछाडि पुराना किम्बदन्तीहरू जोडिएको पाइन्छ । मकवानपुर जिल्लाको नामकरणपछाडि पनि यस्तै एउटा पुरानो किम्बदन्ती रहेको छ ।

पाल्पाका राजा मुकुन्द सेन प्रथम (वि.सं. १५५७-१६३२) ले आफ्नो राज्य विस्तारको क्रममा पूर्वमा दूधकोशीसम्मको भूभाग आफ्नो राज्यमा गाभेपश्चात श्रीवस्ती प्रदेशको पूर्वतिर भावर प्रदेशको काखमा एउटा रमणीय सहरको निर्माण गरेका र मुकुन्द सेनद्वारा निर्मित वा आर्जित सहरलाई उनकै नामबाट 'मुकुन्दपुर' नामकरण गरेको र कालान्तरमा बोलीको अपभ्रंशबाट 'माकन्दपुर', 'मेकानपुर' हुँदै 'मकवानपुर' नामकरण भएको हो ।[४]

## २.३ ऐतिहासिक पृष्ठभूमि

मकवानपुर जिल्लाको इतिहास लिच्छवीकालदेखि नै सुरू भएको देखिन्छ । उत्तरी मकवानपुरको टिस्टुङमा वसन्तदेवको अभिलेख पाइनु, अंशुवर्माका समयका विभिन्न तीन अभिलेख पाइनु र उदयदेवको एक शिलापत्र पनि पाइएबाट प्राचीन कालमा यो इलाका ऐतिहासिक दृष्टिले सम्पन्नशाली र विकसित देखा पर्दछ ।[५] यसैगरी मल्लकालीन राजा नरेन्द्रदेव हुन् भन्ने एक मात्र प्रमाण चित्लाङ् गा.वि.स.मा फेला पर्नु, सम्राट् अशोक नेपालको भ्रमणमा आउँदा चिनोस्वरूप स्थापना गरिएको अशोक चैत्य, शिवालयहरू पालुङ र बज्रबाराही क्षेत्रमा फेला पारिएका विभिन्न औजार, मूर्ति, गोपाल तथा महिषपाल वंशीहरूको

३. **मकवानपुर जिल्लको सङ्क्षिप्त परिचय**, जिल्ला विकास योजना आ.व.२०६४/२०६५ जि.वि.स. मकवानपुर ।

४.पुष्कल श्रेष्ठ, **मकवानपुर : एक परिचय** (जि.वि.स. मकवानपुरबाट प्रकाशित) पृष्ठ २ ।

५.**मकवानपुर जिल्लको सङ्क्षिप्त परिचय**, पूर्ववत् ।

सन्ततिका रूपमा रहेका गोपाल जाति आदि मकवानपुर जिल्लामा पाइनुले जिल्लाको ऐतिहासिक पक्ष समृद्ध रहेको देखिन्छ ।[६]

यसबाहेक जिल्लाको ऐतिहासिक पृष्ठभूमि खोज्दा मुकुन्द सेन प्रथमको शासनकालमा पुग्न सकिन्छ । मुकुन्द सेन प्रथमको शासनकालमा सेनराज्यको सिमाना, पश्चिममा पाल्पा, पूर्वमा मोरङ प्रदेश, उत्तरमा ऐतिहासिक चिसापानी गढी र दक्षिणमा हालको भारतका केही तराई भू-भागसम्म फैलिएको र मुकुन्द सेनले त्यसैबखत राप्ती नदीदेखि पूर्व, हर्नामाडीदेखि उत्तरको महाभारत पर्वतीय क्षेत्रमा मानववस्ती बसाली 'मुकुन्दपुर' राज्य चलाएका थिए ।[७] सेनवंशी शासकहरूमध्ये दिग्बन्धन सेनलाई मकवानपुरका अन्तिम राजा मानिएको छ । गोरखाका राजा पृथ्वीनारायण शाहले वि.सं. १८१९ मा मकवानपुरमाथि विजय हासिल गरेपश्चात् मकवानपुर पूर्ण रूपमा नेपालको एकीकरणभित्र समेटिन पुग्यो ।[८]

## २.४ साँध र सिमाना

नेपालको मध्यमाञ्चल विकासक्षेत्रअन्तर्गत पर्ने नारायणी अञ्चलका पाँच जिल्लाहरूमध्ये मकवानपुर पनि एक हो । यस जिल्लाको पूर्वी सिमाना काठमाडौँ, ललितपुर, काभ्रेपलान्चोक र सिन्धुली  जिल्लाहरूसँग जोडिएको छ भने पश्चिमतर्फ लोथर खोला साँध पारेर चितवन जिल्ला पर्दछ । यसैगरी धादिङ्ग र काठमाडौँसँग यस जिल्लाको उत्तरी सिमाना जोडिएको छ भने दक्षिणी सिमानातर्फ बारा, पर्सा र रौतहट जिल्ला पर्दछन् । यसरी यो जिल्ला देशकै धेरै जिल्लाहरूले छोइएको जिल्लामध्ये एक मानिन्छ । प्राकृतिक सिमानाका दृष्टिकोणले चाहिँ पूर्वमा बाग्मती नदी, पश्चिममा लोथर खोला, उत्तरमा चन्द्रगिरि पर्वत र दक्षिणमा चुरे पर्वत शृङ्खला पर्दछन् ।

---

६. पूर्ववत् ।

७.**मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय**, पूर्ववत् पृष्ठ १,२ ।

८.**मकवानपुर जिल्लाको सङ्क्षिप्त परिचय** ,पूर्ववत् ।

## २.५ जिल्लाको धरातलीय स्वरूप

यो जिल्ला समुद्र सतहबाट १६६ मिटरदेखि २५८४ मिटरसम्मको उचाइमा रहेको छ । जिल्लाको सबैभन्दा होचो भूभाग राईगाउँको हात्तीढुङ्गा (१६६ मी.) हो भने सबैभन्दा अग्लो भूभाग सीमभञ्ज्याङ (२५८४ मी.) हो । पूर्वमा साँघुरो हुँदै पश्चिमतर्फ बेलुन फुकेझैं फुकेको आकारमा पूर्व-पश्चिम लम्बिएर रहेको यस जिल्लाको हावापानी दक्षिणी भू-भागबाट क्रमशः अर्धोष्ण, समशीतोष्ण र ठण्डाशीतोष्ण हुँदै गएको छ । सरदर २२८८.९ मि.लि. वर्षा हुने यस जिल्लामा प्राकृतिक रूपमा कुनै पनि ठूला तालहरू रहेका छैनन् भने 'इन्द्रसरोवर' एक मात्र यस जिल्लाको मानवनिर्मित ताल हो । दोमटे, बलौटे, चिम्ट्याइलो र रातोमाटो रहेको यो जिल्ला तीन चौथाइ पहाडी र एक चौथाइ समथर भूभागमा रहेको छ । [९]

## २.६ ऐतिहासिक स्थलहरू

यस जिल्लाको महत्त्वपूर्ण ऐतिहासिक स्थलहरूमा मकवानपुरगढी, चिसापानीगढी, नेपाल-अंग्रेज युद्ध भएको ठाउँ शिखरकटेरी, दनुवारहरूको राजदरबार भएको विश्वास गरिएको ठाउँ झुरझुरे, टौखेल, चेपाङ राजाको दरबार रहेको ठाउँ मानिएको पुकनथली, तामाङ राजाको दरबार रहेको विश्वास गरिएको बेतिनी र हेटौँडा आदि रहेका छन् ।[१०]

## २.७ धार्मिक स्थल

मकवानपुर जिल्ला धार्मिक मठमन्दिरहरूको दृष्टिकोणले पनि भरिपूर्ण देखिन्छ । हेटौँडा नगरपालिका क्षेत्रभित्र भुटनदेवी, भुवनेश्वर महादेव, पुण्यक्षेत्र आदि रहेका छन् भने मकवानपुर गढी गा.वि.स.मा मनकामना मन्दिर र वंशगोपालको मन्दिर रहेको छ । चुरियामाई गा.वि.स.मा चुरियामाई तथा भैँसे गाविसमा त्रिखण्डेश्वर महादेवको मन्दिर प्रसिद्ध छन् । यसैगरी दामन गा.वि.स.मा ऋषेश्वर तथा इन्द्रायणी माईको मन्दिर रहेको छ भने

९. पुष्कल श्रेष्ठ, **मकवानपुर** : एक परिचय पृष्ठ २ ।

१०. ऐजन, पृष्ठ ४ ।

बज्रबाराही गा.वि.स.मा रहेको बज्रबाराही, नामटार गा.वि.स.मा रहेको स्यार्सेकालिका र चित्लाङ गा.वि.स.मा रहेको शिवालय आदि यस जिल्लाका प्रख्यात मठमन्दिरहरू हुन् । [११]

## २.८ जिल्लाका प्रमुख जातिहरू

यस जिल्लाका अधिकांश भूभागहरूमा विभिन्न जातजातिका मानिसहरू छरिएर बसेका पाइन्छन् । यो जिल्ला जातीय तथा भाषिक दृष्टिकोणले बहुजातीय र बहुभाषिक देखिन्छ । प्राचीनतासँग तामाङ, चेपाङ, गोपाली (नेवार), मगर आदि जातिहरू सम्बन्धित छन् । यस जिल्लामा तामाङहरूको बाहुल्यता (४७.३४ प्रतिशत) रहेको पाइन्छ । जातीय विविधताका धनी यस जिल्लामा अन्य जिल्लामा नभएको र अति सीमान्तीकृत मानिएका वनकरिया जातिको पनि बसोबास रहेको पाइन्छ ।

जनगणना २०५८ सालको विववरणअनुसार यस जिल्लाको विभिन्न जातजातिहरूलाई तलको तालिकामा देखाइएको छ । [१२]

तालिका सङ्ख्या : १

जिल्लाका जनजातिहरूको विवरण

| **क्र.सं.** | **जाति** | **जनसङ्ख्या (प्रतिशतमा)** |
|---|---|---|
| १. | तामाङ | ४७.३४ |
| २. | बाहुन | १४.९८ |
| ३. | क्षेत्री | १०.५६ |
| ४. | नेवार | ६.८१ |
| ५. | मगर | ४.५६ |
| ६. | चेपाङ | ३.९१ |
| ७. | कामी | २.६८ |
| ८. | राई | २.०८ |
| ९. | दनुवार | ०.१४ |
| १०. | दमाई | ०.९४ |

११. **जिल्ला विकास योजना**, पूर्ववत्, पृष्ठ ५ ।
१२. **सङ्क्षिप्त जिल्ला परिचय**, जिल्ला विकास समिति मकवानपुर-२०६० ।

| | | |
|---|---|---|
| ११. | गुरुङ | ०.९ |
| १२. | ठकुरी | ०.६७ |
| १३. | माझी | ०.७१ |
| १४. | सार्की | ०.२५ |
| १५. | सन्यासी | ०.३६ |
| १६. | बानियाँ | ०.२७ |
| १७. | मुस्लिम | ०.३२ |
| १८. | पहरी | ०.२८ |
| १९. | घर्ती/भुजेल | ०.१९ |
| २०. | जात नखुलेको अन्य दलित | ०.३२ |
| २१. | जातजाति नखुलेको | ०.२४ |
| २२. | अन्य | १.५१ |

२०५८ सालको जनगणनाअनुसार यस जिल्लाको कुल जनसङ्ख्या ३,९२,६०४ रहेको छ जसमध्ये ४९.२८ प्रतिशत महिला रहेका छन् । २०६४ सालको प्रक्षेपित तथ्याङ्कअनुसार यस जिल्लाको जनसङ्ख्या ४,३८,१०१ अनुमान गरिएको छ ।[१३]

## २.९ धर्म

मकवानपुर जिल्लामा विविध धर्मावलम्बीहरू बसोबास गरेका पाइन्छन् । जिल्लामा तामाङ जातिहरूको बाहुल्यता रहेको पाइए तापनि २०५८ सालको जनगणनाको आँकडाअनुसार हिन्दू धर्म मान्नेहरू बढी देखिन्छन् । यस जिल्लामा हिन्दू धर्मावलम्बी ४९.३६ प्रतिशत, बौद्ध धर्मावलम्बी ४७.६३ प्रतिशत, क्रिश्चियन धर्मावलम्बी २.०७ प्रतिशत र मुस्लिम धर्मावलम्बी ०.३२ प्रतिशत रहेको तथ्याङ्क देखिन्छ ।[१४]

## २.१० प्रमुख व्यापारिक केन्द्रहरू

जनसङ्ख्याको वृद्धि र विकास निर्माण शृङ्खलासँग स्थानीय स्तरमा उत्पादन भएका वस्तु तथा सेवाहरू खरिद-बिक्री गर्ने उद्देश्यले विभिन्न ग्रामीण क्षेत्रहरूमा बजार केन्द्रहरू स्थापना र विकास हुँदै आएको पाइन्छ । यसरी स्थापना र विकास भएका बजारहरू हेटौंडा,

१३. **जिल्ला विकास योजना**, पूर्ववत्, पृष्ठ ३ ।

१४· **जिल्ला विकास योजना**, पूर्ववत्, पृष्ठ ५ ।

भीमफेदी, मनहरी, लोथर, छतिवन, फापरबारी, चौघडा, पालुङ मुख्य हुन् । त्यसैगरी भैंसे, दामन (शिखरकोट), हटिया (चिसापानी), बसामाडी (बस्तीपुर), बज्रबाराही (सरस्वती बजार), मार्खु, कुलेखानी, नामटार, हर्नामाडी आदि पनि क्रमशः बजारोन्मुख गाविसहरूमा पर्दछन् ।

## २.११ स्वास्थ्य

मकवानपुर जिल्लालाई मध्यमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकामको रूपमा विकास गर्ने कार्यसँगसँगै क्षेत्रीय अस्पताल निर्माण गर्ने नीतिगत निर्णयपश्चात् हेटौंडा अस्पताललाई क्षेत्रीय अस्पतालको रूपमा प्रवर्द्धन गर्ने कार्य भइरहेको छ । यस जिल्लामा हालसम्म ५० शैयाको एक जिल्ला अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, एक स्वास्थ्य चौकी, एकतीस उपस्वास्थ्य चौकी तथा एउटा जिल्ला आयुर्वेदिक औषधालय रहेको छ ।[१५] यसका साथै निजी लगानीमा हेटौंडा सामुदायिक अस्पताल, हेटौंडा सामुदायिक आँखा अस्पताल, देवी अस्पताल आदि अस्पतालहरू सेवारत पाइन्छन् ।

## २.१२ शिक्षा

२०५८ सालको जनगणनाअनुसार यस जिल्लाको साक्षरता प्रतिशत ६३.४ प्रतिशत रहेको छ । महिला साक्षरता ५३.९ प्रतिशत छ भने कुल साक्षरता ७२.६ प्रतिशत रहेको छ । यस जिल्लामा २०६५ आषढ मसान्तसम्म विभिन्न तहको अध्यापन गराउने शैक्षिक संस्थाहरूको विवरण यस प्रकार रहेका छन् ।[१६]

तालिका सङ्ख्या : २

जिल्लाका विद्यालयहरूको विवरण

| विद्यालय | सामुदायिक | संस्थागत | कूल |
|---|---|---|---|
| प्रा. वि. | ३६९ | ३२ | ४०१ |
| नि. मा. वि. | ७४ | १८ | ८२ |
| मा. वि. | ६३ | २० | ८३ |
| उ. मा. वि. | १५ | ३ | १८ |

१५. **जिल्ला विकास योजना**, पूर्ववत्,पृष्ठ ५ ।
१६.**शैक्षिक समाचार**, जि.शि.का. मकवानपुर, २०६५ वर्ष-१, अङ्क-१ ।

यसका साथै वनविज्ञान अध्ययन संस्थान-हेटौँडा, मकवानपुर बहुमुखी क्याम्पस-हेटौँडा, हेटौँडा क्याम्पस-हेटौँडा, हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एन्ड सोसियल साइन्सेस-हेटौँडा, पालुङ बहुमुखी क्याम्पस, वंशगोपाल बहुमुखी क्याम्पस-चौघडा र नारायणी कलेज-हेटौँडा गरी ६ वटा क्याम्पसहरू यस जिल्लाको शैक्षिक समुन्नतिमा समर्पित पाइन्छन् ।

## २.१३ सडक

आधुनिक मानव सभ्यताको विकासमा सडक विकास एउटा महत्त्वपूर्ण र अभिन्न पाटो हो । मकवानपुर जिल्लाका केही सीमित गा.वि.स.हरूबाहेक अन्य गा.वि.स.हरूमा सडक सञ्जालको विकास भएको छ । यस जिल्लामा त्रिभुवन राजपथ (चुरे-सोर्‌याङ खण्ड) ११० कि.मि. र महेन्द्र राजमार्ग (चुरे-लोथर खण्ड) ४७ कि.मि. राष्ट्रिय राजमार्ग पर्दछ भने यसबाहेक जिल्ला सडकअन्तर्गत कुल ३३५ कि.मि. मा सवारी साधन चालु अवस्था रहेको छ । यसैगरी नगर सडक कालोपत्र ६०.८०२ कि.मि. र ग्राभेल कच्ची सडक १११.४२५ कि.मि. रहेको छ । समग्रमा जिल्लाको ४३ गा.वि.स.हरूमध्ये ८ वटा गा.वि.स.मा अझ पनि मोटर बाटो पुग्न सकेको अवस्था देखिँदैन ।[१७]

## २.१४ निष्कर्ष

मकवानपुर जिल्ला भाषा-साहित्य, कला-संस्कृति भू-बनावट, हावापानी, जनजाति शिक्षादीक्षा, धर्म आदिका दृष्टिले उल्लेखनीय रहेको छ । यातायात, विकास निर्माणका विभिन्न कार्यहरूले गर्दा तथा भौगोलिक तथा हावापानीगत सुगमताका कारण यस जिल्लाका अधिकांश ठाउँहरू नगरोन्मुख तथा नगरहरू सहरीकरणतर्फ तीव्र उन्मुख भएको देखिन्छ । शिक्षा तथा स्वास्थ्यको दृष्टिले पनि यस जिल्ला मध्यम नै देखिन्छ । समग्रमा हेर्दा मकवानपुर जिल्ला प्राकृतिक सौन्दर्य र रमणीय छटाहरूले भरिपूर्ण विभिन्न तालतलैया, नदीनालाहरूबाट अभिसिञ्चित, जैविक विविधता, जातीय एवम् धार्मिक विविधतायुक्त भित्री मधेशीय जिल्ला हो । भौतिक विकासको दृष्टिले त्यत्ति सुदृढ नदेखिएको यो जिल्ला पूर्व-पश्चिम राजमार्ग, त्रिभुवन राजपथ, हेटौँडा-काठमाडौँ छोटो दुरीको राजमार्ग, हेटौँडा औद्योगिक क्षेत्र,

१७ **जिल्ला विकास योजना**, पूर्ववत्, पृष्ठ ८ ।

मध्यामञ्चल क्षेत्रको सदरमुकाम, कुलेखानी जलविद्युत गृह आदिका कारण यसको महत्त्व चुलिएको  देखिन्छ । तामाङहरूको बाहुल्यता रहेको यो जिल्ला मकवानपुर गढी, चिसापानी गढी, सहिद स्मारक-हेटौँडा, पालुङ, इन्द्रसरोवर तथा तराईदेखि राजधानी जोड्ने द्रुतमार्ग आदिजस्ता धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल तथा विकास योजना आदिका कारण उत्तिकै चर्चित रहेको छ ।

# तेस्रो परिच्छेद

## ३. मकवानपुर जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू

मकवानपुर जिल्ला साहित्यको क्षेत्रमा पनि उर्वर रहेको पाइन्छ । यस जिल्लामा नेपाली भाषा र साहित्यको श्रीवृद्धिका लागि पञ्चायती बर्बरतालाई समेत बेवास्ता गर्दै व्यक्तिगत तथा संस्थागत प्रयासहरू पर्याप्त भएको देखिन्छ । खासगरी २०२० सालदेखि नै पत्रपत्रिका प्रकाशित भएको पाइएकाले मकवानपुरे साहित्यलाई त्यही मितिसम्म लम्ब्याउन सकिन्छ । जिल्लाबाट **गथु**, **चुली**, **जुनेली**, **झरना**, **अचार**, **श्रमिक**, **अठोट**, **प्रयास**, **अविरल**, **मुर्च्छना**, **क्रमशः**, **युगदर्पण**, **जुनकीरी**, **उद्यान**, **बारूद**, **परिवर्तन**, **पलाँस**, **नव पालुवा**, **सयपत्री**, **प्रतिभा**, **प्रकाश**, **चन्द्रगिरी**, **पूर्वको चौतारी**, **सुनगाभा**, **आवाज**, **इन्द्रसरोवर**, **आभार**, **शिक्षक आवाज**, **मकवानपुर फूलपाती**, **सिद्धार्थ**, **त्रिवेणी**लगायत **प्रयास**, **कुराकानी**, **नवकोरस**, **बलिदान**, **नमस्कार**, **हेटौँडा सन्देश**, **नारायणी**, **हेटौँडा टुडे** आदि विभिन्न सङ्घसंस्थाहरूबाट प्रकाशित स्मारिका, मुखपत्र, हवाइपत्रिका, दैनिक एवम् साप्ताहिक रूपमा प्रकाशित भएको पाइन्छ । यी पत्रिकाहरू कुनै हस्तलिखित, कुनै मुद्रित रूपमा प्रकाशित भएको पाइन्छ भने हाल केही पत्रपत्रिकाहरू नियमित प्रकाशित भइरहेका छन् ।

मकवानपुर जिल्लाको साहित्यिक उत्थान तथा विकासमा विभिन्न सङ्घसंस्थाहरूको पनि महत्त्वपूर्ण हात रहेको देखिन्छ । यस जिल्लामा वि.सं. २००९ देखि अहिलेसम्म कैयौँ साहित्यिक सङ्घसंस्थाहरू एवम् पुस्तकालयहरू स्थापित भएका छन् भने स्थापित ती सङ्घसंस्थाहरूले अद्यापि स्थानीय साहित्यिक विकासमा जीवन्त र क्रियाशील रूपमा उल्लेख्य भूमिका खेलिरहेका छन् । यस परिच्छेदमा मकवानपुर जिल्लामा स्थापना भएका पुस्तकालय एवम् साहित्यिक सङ्घसंस्थाहरूको सामान्य परिचय र तिनले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानका बारेमा कालक्रमिक चर्चा गरिएको छ ।

## ३.१.ज्योति पुस्तकालय (२००९)

मकवानपुर जिल्लाको पुरानो सदरमुकाम भीमफेदीमा वि.सं. २००९ मा शैक्षिक जागरणको प्रथम चेष्टास्वरूप **ज्योति पुस्तकालय** भीमफेदीमा स्थापना भएको थियो । २००७ साल पछिको परिवर्तित राजनैतिक संस्करणलगत्तै स्थापित यस पुस्तकालयले मूलत: शैक्षिक समुन्नतिमा योगदान पुऱ्याएको छ तापनि साहित्यिक पृष्ठभूमिमा पनि त्यत्तिकै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । भीमफेदी नेवार जातिका मानिसहरूको बाहुल्य भएको ठाउँ भएको हुनाले विभिन्न चाडपर्वहरूमा नेवारी तथा नेपाली संस्कृति झल्काउने खालका नाटकहरू आयोजना गर्ने तथा भानुजयन्ती, लक्ष्मीजयन्ती एवम् विशेष अवसरहरूमा कविता गोष्ठीहरू आयोजना गर्ने गरिएको देखिन्छ । यस पुस्तकालयमा पत्रपत्रिका एवम् साहित्यिक कृतिहरूका अध्ययनको अवसर प्रदान गर्ने ध्येयले अनेक पुस्तक तथा साहित्यिक पत्रपत्रिकाहरू सङ्कलन गर्नेजस्ता कार्यहरू गरेका थिए । मकवानपुर जिल्लाको ऐतिहासिक यो पुस्तकालय हाल केवल पुस्तकालयको रूपमा मात्र सञ्चालित रहेको छ ।[१]

## ३.२ नव कला कुञ्ज (२०१८)

हेटौँडाका साहित्यप्रेमी युवाहरूको सक्रियतामा वि.सं. २०१८ मा 'नव कला कुञ्ज'को स्थापना हेटौँडामा भएको पाइन्छ । रेडियो नेपालबाट गाइएका केही उत्कृष्ट गीत एवम् स्थानीय गायकहरूका समेत केही गीतहरू समेटी यस **नव कला कुञ्ज**ले 'गीतकुञ्ज' शीर्षकको गीति सङ्गालो सम्पादन तथा सङ्कलन गरी प्रकाशन गरेको थियो भने गीतमा रुचि भएका व्यक्तिहरूलाई प्रशिक्षण दिने काम पनि यस संस्थाले गरेको थियो । हिरण्य 'भोजपुरे', गणेश 'रसिक'लगायत गायकहरू यसै संस्थाका उपज भएको बुझिएको छ । यसका साथै यस संस्थाले समयसमयमा विभिन्न गीति प्रतियोगिताको आयोजना गर्नुका साथै समयसमयमा नाटकसमेत प्रदर्शन गरेका थियो । आफ्नै निजी भवन भएको यस संस्थाले २०२६ सालसम्म सक्रिय रूपमा विभिन्न कार्यहरू गरेका र त्यसपछि बिस्तारै निष्क्रिय हुँदै

१. रामचन्द्र 'फुर्सती'बाट प्राप्त जानकारी ।

हाल पूर्ण रूपमा बन्द हुन पुगेको बुझिन्छ ।[२]

## ३.३ हिमाली साहित्य प्रकाशन (२०२४)

रामचन्द्र आचार्य 'फुर्सती'को अगुवाइमा मकवानपुर जिल्लाको नामटारमा वि.सं. २०२४ मा स्थापना भएको **हिमाली साहित्य प्रकाशन** जिल्लाकै पहिलो प्रकाशन हो । यस संस्थाले २०२८ सालमा हेटौँडा बजारबाट 'त्रिवेणी सङ्गम' सामयिक साहित्यिक सङ्गालो वार्षिक रूपमा दुई अङ्क प्रकाशित गरेको थियो । चन्दा सङ्कलनबाट जुटाइएको रकमबाट सञ्चालित यो हिमाली साहित्य प्रकाशन आर्थिक अभावले २०२९ सालतिरदेखि प्रायः निष्क्रिय बनेको देखिन्छ । यस प्रकाशनले २०५५ सालमा नामटारमा रहेका गीतकारहरूका गीतलाई सङ्कलन गरी 'पहाडी सङ्गम' नामक गीति पुस्तिकाको प्रकाश गरेको बुझिन्छ । [३]

## ३.४ सङ्गम पुस्तकालय (२०३५)

हेटौँडाका शिक्षाप्रेमी व्यक्तिहरूको सक्रियतामा वि.सं. २०३५ मा हेटौँडा-३ सङ्गम चोकमा **सङ्गम पुस्तकालय**को स्थापना भएको पाइन्छ । यस पुस्तकालयले नेपाली भाषा र साहित्य एवम् अन्य विविध विषयका लगभग तीन हजार जति पुस्तकहरू तथा विभिन्न पत्रपत्रिकाहरू व्यवस्था गरी स्थानीय स्तरमा शैक्षिक जागरण ल्याउने र भाषिक तथा साहित्यक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । यस पुस्तकालयले आफ्नो स्थापनाकालदेखि नै बेलाबेलामा विभिन्न साहित्यिक गोष्ठी, भाषा तथा वाङ्मयिक श्रीवृद्धिमा सक्रियता साथ आजसम्म पनि सञ्चालन भएको पाइन्छ । [४]

## ३.५ युगप्रकाश क्लब (२०३७)

हे.न.पा. वडा नं. ८ नवलपुरका स्थानीय शिक्षाप्रेमी तथा समाजसेवीहरूको सामूहिक प्रयासमा २०३७ सालमा **युगप्रकाश क्लब** नवलपुरको स्थापना भएको पाइन्छ ।

२. रामचन्द्र 'फुर्सती'बाट प्राप्त जानकारी ।

३. ऐजन ।

४. ऐजन ।

यस क्लबले मकवानपुर जिल्लामै पहिलोपटक भित्तेपत्रिका प्रकाशन गरी स्थानीय साहित्यकार तथा साहित्यप्रेमीहरूलाई प्रोत्साहित गर्न उल्लेख्य मद्दत पुऱ्याएको पाइन्छ । समय-समयमा साहित्यिक गोष्ठीहरूको आयोजना गर्ने गरेको यस युगप्रकाश क्लबले जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।[५]

## ३.६ मकवानपुर साहित्य परिषद् (२०३९)

साहित्यकार भीम विराग, दीपक मुडभरी, टङ्कनाथ पराजुली आदिको सक्रियतामा वि.सं. २०३९ मा **मकवानपुर साहित्य परिषद्** हेटौँडामा स्थापना भएको विशुद्ध साहित्यिक संस्था हो । यस परिषद्ले भीम विरागको 'अतृप्त स्पर्श'(२०४३) प्रकाशन गरेर साहित्यिक कृति प्रकाशनको मेलो देखाई मकवानपुरे साहित्यिक उन्नयनमा एउटा ईँट्टा थप्ने काम गरेका देखिन्छ । विभिन्न समयसमयमा साहित्यिक गोष्ठी गर्ने यस परिषद्ले वि.सं. २०४१ मा लेखनाथ पौड्यालको शतवार्षिकोत्सवको अवसरमा बृहत् काव्य समारोहको आयोजना गरी पहिलोपटक हेटौँडामा प्राज्ञ तथा वरिष्ठ साहित्यकारहरूलाई भित्याएर मकवानपुरका स्रष्टाहरूलाई अगाडि बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । करिब तीन वर्ष जतिको सक्रियतापश्चात् यो संस्था निष्क्रिय बन्न पुगेको देखिन्छ ।[६]

## ३.७ साहित्य सङ्गम मकवानपुर (२०४४)

वि.सं. २०४३ साल कात्तिक महिनामा स्थानीय भुवनेश्वर मन्दिरको प्राङ्गणमा केही हेटौँडेली साहित्यप्रेमीहरू जम्मा भई **मकवानपुर साहित्य कमिटी** गठन गरेको र २०४४ साल पौष २५ गते विभिन्न तप्काका लेखकहरूको प्रतिनिधित्व हुनेगरी साहित्य सङ्गम मकवानपुरको नामबाट यस संस्थाको जग हाल्ने काम भयो । तत्कालीन पञ्चायती बर्बरताको प्रताडनामा बौद्धिक जमातले आफूभित्रको असन्तुष्टि वा विद्रोह पोख्ने उपयुक्त माध्यमको खोजीमा यस संस्थाको गठन भएको हो । साहित्यानुरागी नवराज शर्मा, आर.आर.

---

५.कुलप्रसाद सापकोटा, पूर्ववत् ।

६.कुलप्रसाद सापकोटा, पूर्ववत् ।

चौलागाईं, रामचन्द्र आचार्य, केशव श्रेष्ठ 'ज्योति'का सक्रियतामा स्थापित मकवानपुर साहित्य कमिटी वि.सं. २०४४ पौष २५ गते धर्मदत्त न्यौपानेको अध्यक्षतामा साहित्य सङ्गम मकवानपुर गठन भएको हो । साहित्य सङ्गम मकवानपुर नियमित साहित्य सन्ध्या सञ्चालन, मुखपत्र तथा स्मारिका प्रकाशन, विभिन्न साहित्यिक पुरस्कारहरूको संयोजन, संरक्षण तथा वितरण, पुस्तकालय सञ्चालन लगायतका साहित्यिक क्रियाकलापमा जिल्लामै अग्रणी स्थानमा रहेको देखिन्छ ।[७]

## ३.८ मूर्च्छना सङ्गीत समूह (२०४९)

मूर्च्छना सङ्गीत समूह हेटौँडामा सांस्कृतिक उत्थान तथा सङ्गीतकला क्षेत्रलाई जगेर्ना तथा संवर्द्धन गर्ने र यस क्षेत्रमा कार्यरत अन्य सङ्घसंस्थाहरूको सहयोग लिई नव प्रतिभाहरूलाई आवश्यक प्रोत्साहन गर्ने गरी २०४९ सालमा स्थापना गरिएको साङ्गीतिक समूह हो । खेम बानियाँ, रामचन्द्र भण्डारी, तुलाराम थापा, इन्द्रप्रसाद नेपाल तथा रामबाबु सापकोटा संस्थापक रहेको यस समूहले 'मूर्च्छना' नामक साङ्गीतिक तथा साहित्यिक पत्रिकासमेतको प्रकाशन गरेको पाइन्छ । स्थानीय नव प्रतिभाको प्रस्फुटन, संरक्षण, समाजमा सांस्कृतिक जागरण, कलाकारको वर्गीय हित, सुषुप्त रहेको सांस्कृतिक तथा कलाक्षेत्रलाई सक्रिय बनाई जीवन्तता प्रदान गरी जिल्लाको साहित्यिक तथा कलाक्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।[८]

## ३.९ विश्वेश्वर आलोक मञ्च (२०४९)

वाचनालय, पुस्तकालय, अध्ययन केन्द्रहरू खोलेर नवीन सामाजिक चेतनाको अभिवृद्धि गर्ने, समाजमा लुकेका व्यावसायिक, सांस्कृतिक, साहित्यिक प्रतिभाको खोजी गरी रचनात्मक प्रोत्साहन र बढवा दिने, कला, सङ्गीत, साहित्य र खेलकुद क्षेत्रका प्रतिभाहरूको अभिनन्दन तथा पुरस्कारको व्यवस्था गर्नेजस्ता बहूद्देश्य बोकी २०४९ सालमा हेटौँडामा

---

७. आर.आर. चौलागाईबाट प्राप्त जानकारी ।

८. कुलप्रसाद सापकोटा, पूर्ववत् ।

इन्द्रबहादुर श्रेष्ठको संयोजकत्वमा 'विश्वेश्वर आलोक मञ्च' गठन भएको पाइन्छ । विभिन्न अवसरहरूमा साहित्यिक गोष्ठीहरू सञ्चालन गरी साहित्यिक विकासमा रचनात्मक योगदान पुऱ्याएको यस संस्थाले २०४९ सालमा 'मकवानपुर प्रतिभा पुरस्कार'को स्थापना गरी मकवानपुरे साहित्यिक समुन्नतिमा लागि पर्ने प्रतिभाहरूलाई पुरस्कृत गर्ने क्रममा हालसम्म रामचन्द्र आचार्य 'फुर्सती', केशव श्रेष्ठ 'ज्योति', आरआर चौलागाई, रमेश गोर्खाली पुरस्कृत भइसकेका छन् । पुरस्कारको राशि रु. ५,०००/- र प्रमाणपत्र रहेको यो पुरस्कार वि.सं. २०५१ देखि प्रदान गर्न थालिएको हो । [९]

## १० पुष्पलाल स्मृति पुस्तकालय (२०४९)

वि.सं. २०४९ मा हेटौँडा नगरपालिकाद्वारा हे.न.पा.-५ सानोपोखरामा स्थापना गरिएको 'पुष्पलाल स्मृति पुस्तकालय'ले स्थानीय नगरक्षेत्रमा रहेका आम पाठकहरूलाई उल्लेखनीय सेवा पुऱ्याउँदै आएको छ । व्यवस्थापन सञ्चालन हस्तान्तरणको प्रचलनसँगै हाल यस पुस्तकालयको सञ्चालन तथा व्यवस्थापन साहित्य सङ्गम मकवानपुरद्वारा गरिएको छ । हाल यस पुस्तकालयका सदस्य सङ्ख्या ३०९ तथा पुस्तकसङ्ख्या ५,६०१ रहेको देखिन्छ । यस पुस्तकालयमा अध्ययनका लागि आउने बौद्धिक व्यक्तित्वहरूको सङ्ख्या क्रमश: बढ्दो देखिन्छ ।[१०]

## ३.११ जूनकीरी साहित्य परिवार (२०५०)

रमेशप्रसाद लामिछाने, रमेशमोहन अधिकारी, जङ्गबहादुर विश्वकर्मा, श्यामकृष्ण ढकाल, राजु घिमिरे, रामगुलाम साह, मधुसुदन शर्मा, गावाकृष्ण घिमिरे, दिलकृष्ण थापालगायतको साहित्यानुरागीहरूको संयुक्त प्रयासमा वि.सं. २०५०मा मकवानपुर जिल्लाको फापरबारीमा स्थापना भएको हो । यस जूनकीरी साहित्य परिवारले 'जूनकीरी' नामक

९. इन्द्रबहादुर श्रेष्ठबाट प्राप्त जानकारी ।

१०. भावना सापकोटाबाट प्राप्त जानकारी ।

त्रैमासिक हवाइपत्रिका प्रकाशित गरी एकातिर स्थानीय नव साहित्य अनुरागीहरूलाई प्रोत्साहन गरेको पाइन्छ भने अर्कोतिर स्थानीय तवरमा साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको समेत देखिन्छ । 'जूनकीरी'को सातौँ अङ्क प्रकाशनपश्चात् यो परिवार प्रायः निष्क्रिय रहेको बुझिएको छ ।[११]

## ३.१२ उद्बोधन साहित्य मञ्च (२०५०)

प्रकाश पौड्याल, शिव खड्का, नरबहादुर पाखिन, दीर्घराज पौड्याल, विनोद कार्की, ध्रुव थापा, शम्भु खड्का, रमेश चौलागाई, सुदीप पौड्याल, लक्ष्मण विँडारीलगायतका साहित्यप्रेमीहरूको संयुक्त प्रयासमा वि.सं. २०५० मा हेटौँडामा 'उद्बोधन साहित्य मञ्च'को स्थापना भएको हो । जीवनमुखी, जनमुखी र प्रगतिशील साहित्यको संवर्द्धन र विकास गर्ने ध्येयले स्थापित यस मञ्चले 'उद्बोधन' नामक मासिक साहित्यिक पत्रिकासमेत प्रकाशित गरेको बुझिन्छ । दुई वर्षको सक्रियतापश्चात् यस मञ्च निष्क्रिय भएको देखिन्छ ।[१२]

## ३.१३ प्रगतिशील लेखक सङ्घ (२०५०)

मकवानपुर जिल्लाका विभिन्न क्षेत्रमा रहेर प्रगतिशील चिन्तन राखी प्रगतिशील लेखन कार्यमा कार्यरत, पत्रपत्रिका सञ्चालन गरिरहेका साहित्य मञ्च, सङ्घसंस्था र सङ्गम निकट भई तथा व्यक्तिगत रूपमा पनि प्रगतिशील जनपक्षीय कलम चलाउनेहरूको साझा सङ्ठनको रूपमा वि.सं. २०५० सालमा हेटौँडामा 'प्रगतिशील लेखक सङ्घ' स्थापना भएको हो। सूर्यप्रसाद शर्माको संयोजकत्वमा स्थापित यस सङ्घले प्रारम्भमा टनकपुर सन्धिको विरोधमा जनमत सङ्ग्रह गराउने उद्देश्यले सडक कविता आन्दोलनको आयोजना गरेको थियो । यसका अतिरिक्त यस संस्थाले विभिन्न गोष्ठी एवम् साहित्यिक कार्यक्रम गर्ने गरेको पाइन्छ ।[१३]

---

११. रमेशकुमार लामिछानेबाट प्राप्त जानकारी।

१२. कुलप्रसाद सापकोटा, पूर्ववत् ।

१३. आर.आर. चौलागाईबाट प्राप्त जानकारी ।

## ३.१४ शृङ्खला नाट्य समूह (२०५०)

केशव श्रेष्ठ 'ज्योति', वासुप्रसाद न्यौपाने, मुरारी रैला, विमल घिमिरे, लोकनाथ ढकाल, आशाकाजी श्रेष्ठ, खेम बानियाँ आदिको सामूहिक प्रयासमा २०५० सालमा 'शृङ्खला नाट्य समूह' हेटौँडामा गठन भएको देखिन्छ । शैक्षिक, सामाजिक, राजनैतिक जागरणका लागि बालअधिकार र चेलीबेटी बेचबिखनसम्बन्धी जनचेतना जगाउने खालका तथा अन्य सामयिक 'शृङ्खला नाट्य समूह' हेटौँडामा गठन भएको देखिन्छ । यस प्रकारका सामाजिक जागरणको लागि बाल अधिकार, चेलीबेटी बेचबिखनसम्बन्धी जनचेतना जगाउने खालका तथा अन्य समसामयिक घटनाहरूका बारेमा जिल्लाका प्रायजसो गाविसहरूमा सडकनाटक देखाई जनचेतना अभिवृद्धि गराउने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । यस समूहले 'आरोह' नामको साहित्यिक पत्रिकाको प्रकाशन गरी मकवानपुरे नाट्यविधालाई उचाइमा पुऱ्याउन सफल भएको बुझिन्छ । [१४]

## ३.१५ झरना साहित्यिक परिवार (२०५२)

रमेशमोहन अधिकारी, उद्धवप्रसाद सापकोटा, जनार्दन खनाल, बेलप्रसाद खनाल, नाराणप्रसाद तिमल्सिना, कृष्णप्रसाद चौलागाई आदि साहित्यप्रेमीहरूको सामूहिक प्रयासमा २०५२ साल फागुन १२ गते मकवानपुर जिल्लाको छतिवनमा 'झरना साहित्यिक परिवार'को स्थापना भएका हो । यस संस्थाले छतिवन गा.वि.स. र आसपासका गा.वि.स.हरूमा सक्रियताका साथ साहित्यिक पत्रिकाको प्रकाशन गरी नवप्रतिभाहरूलाई फल्ने र फुल्ने अवसर स्थापनाकालदेखि दिँदै आएको पाइन्छ । मकवानपुरे राष्ट्रिय स्रष्टाहरूलाई अभिनन्दन गर्ने यो परिवार आफू स्वयं पनि 'कर्ममोहन पुरस्कार' द्वारा सम्मानित भएको पाइन्छ । कविता, कथा, मुक्तक, गीत, गजल, गाउँखाने कथाजस्ता साहित्यका विविन्न विधाहरूमा समानुपातिक प्रतियोगिताहरू सञ्चालन गरेका पाइन्छ ।[१५]

१४. आरआर चौलागाईबाट प्राप्त जानकारी ।

१५. कुलप्रसाद सापकोटा, पूर्ववत् ।

## ३.१६ दीपशिखा साहित्यिक परिवार (२०५३)

साहित्यकार आर.आर. चौलागाईको अगुवाइमा आर.सी. रिजाल, बाबुराम दाहाल, गणेशकुमार पौडेललगायतका हेटौँडेली साहित्यानुरागीहरूको सक्रियतामा २०५३ सालमा दीपशिखा साहित्यिक परिवार'को स्थापना भएको हो । समय-समयमा साहित्यिक गोष्ठी गर्ने गरेको बुझिएको यस परिवारले 'दीपशिखा' त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशन गरेको देखिन्छ ।[१६]

## ३.१७ युगदर्पण साहित्य समाज (२०५३)

अरुण खतिवडा, लक्ष्मण बानियाँलगायतका स्थानीय साहित्यप्रेमीहरूका सामूहिक प्रयासमा मकवानपुर जिल्लाको हर्नामाडीमा वि.सं. २०५३ मा 'युगदर्पण साहित्य समाज' स्थापना गरी स्वस्थ र स्वच्छ साहित्यिक गतिविधि सञ्चालन गरी स्थानीय साहित्यलाई टेवा पुऱ्याएको पाइन्छ । केही साहित्यिक गोष्ठीहरू सञ्चालन गरेको यस समाजले 'युगदर्पण' पत्रिकाको प्रकाशन गरेको पाइन्छ । [१७]

## ३.१८ प्रणयन परिवार (२०५५)

ऋषि के.बी., अर्पण पराजुली, भोलाराज सापकोटा आदिको सक्रियतामा 'प्रणयन परिवार' वि.सं. २०५५ मा हेटौँडामा स्थापना भएको हो । नेपाली साहित्यको उत्थान गर्ने लक्ष्य लिएको यस परिवारले छोटो समयमै महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । 'युग प्रणयन' साहित्यिक पत्रिका प्रकाशित गरी एकातिर नव प्रतिभाहरूलाई मनग्गे स्थान र हौसला दिइएको देखिन्छ भने अर्कोतिर 'घुमन्ते साहित्यिक यात्रा' कार्यक्रम लिई जिल्लाका विभिन्न गा.वि.स. तथा छिमेकी जिल्लाहरूमा समेत साहित्यिक गोष्ठीहरू सञ्चालन गरी नेपाली साहित्यको समुन्नतिमा प्रस्तुत परिवार समर्पित भएको पाइन्छ । राष्ट्रव्यापी साहित्यिक कार्यक्रमसमेत गर्ने गरेको यस परिवारले स्थायित्व भने लिन सकेको देखिँदैन ।[१८]

१६. आर.आर. चौलागाईबाट प्राप्त जानकारी ।
१७· अरुण खतिवडाबाट प्राप्त जानकारी
१८. अर्पण पराजुलीबाट प्राप्त जानकारी ।

## ३.१९ चन्द्रगिरी साहित्यिक परिवार (२०५५)

स्वच्छन्द भैरव माध्यमिक विद्यालय, चित्लाङका तात्कालिक शिक्षक मोदनाथ पोखेलको अगुवाइमा मकवानपुर जिल्लाको विकट गाविस चित्लाङमा वि.सं. २०५५ मा 'चन्द्रगिरी साहित्यिक परिवार' स्थापना गरेको हो । यस परिवारले स्थानीय भेगको संस्कृति, कला तथा साहित्यको संवर्द्धनमा महत्त्वपूर्ण भूमिका ओगटेको पाइन्छ । यस परिवारले वि.सं. २०५५ चैत्र २०गते चित्लाङमा बृहत् साहित्य गोष्ठी आयोजना गरी काठमाडौं तथा नारायणी अञ्चलका प्रायजसो सम्पूर्ण जिल्लाहरूका साहित्यकारहरूको जमघट गराई स्थानीय तथा मकवानपुरे साहित्यको पहिचानमा सहयोग पुऱ्याएको देखिन्छ ।[१९]

## ३.२० मातृभूमि साहित्य समाज (२०५६)

हयग्रीव आचार्य र देवराज खरेलको विशेष सक्रियतामा नेपाली भाषा साहित्य, कला एवम् संस्कृतिको विकास गर्ने उद्देश्यले वि.सं. २०५६ श्रावणमा हेटौंडा-५ पिप्लेमा **मातृभूमि साहित्य समाज**को स्थापना भएको हो । संस्थापक अध्यक्ष हयग्रीव आचार्य रहेको यस समाजले प्रतिष्ठित साहित्यकारहरूको जन्मजयन्ती, नारी दिवस, नयाँ वर्षजस्ता अवसरहरू तथा समयसमयमा साहित्यिक गोष्ठी, प्रतियोगिता एवम् स्मृतिजन्य कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस समाजले २०६० सालदेखि रु. ७५०००/- नगद, ताम्रपत्र तथा दोसल्लासहितको 'यतिफाइनान्स साहित्य पुरस्कार' हालसम्म रमेश गोर्खाली, ध्रुवचन्द्र गौतम, केशवप्रसाद उपाध्यायलगायत विभिन्न ६ जना साहित्यिक स्रष्टाहरूलाई तथा रु. ५०००/- नगद, ताम्रपत्र र दोसल्ला भएको 'नित्यगोविन्द स्मृति सङ्गीत पुरस्कार' मकवानपुरबाट विभिन्न ७ स्रष्टाहरूलाई विभिन्न समयमा सम्मान तथा आधा दर्जन जति स्रष्टाहरूको कृतिहरू पनि यस समाजले प्रकाशन गरेको पाइन्छ । यस संस्थाले विगत ६ वर्षदेखि 'मातृभूमि' त्रैमासिक साहित्यिक पत्रिकाको निरन्तर प्रकाशन गरी स्थानीय एवम् राष्ट्रिय साहित्यिक गतिविधिहरूलाई गति दिएको पाइन्छ ।[२०]

१९. मोदनाथ पोखरेलबाट प्राप्त जानकारी ।
२०. हयग्रीव आचार्यबाट प्राप्त जानकारी ।

## ३.२१ परिवर्तन साहित्यिक परिवार (२०५७)

कौशल पाण्डे, सन्तोष न्यौपाने, खेमप्रसाद बोलखेलगायतका साहित्यानुरागीहरूको संयुक्त प्रयासमा वि.सं. २०५७ मा 'परिवर्तन साहित्यिक परिवार' स्थापना गरी नव-नव स्रष्टाहरूलाई स्थान दिने उद्देश्य लिएर सक्रिय रूपमा अघि बढेको देखिन्छ । यस परिवारले 'परिवर्तन' नामक साहित्यिक त्रैमासिक हवाइपत्रिकामार्फत आफ्ना गतिविधिहरू सञ्चालन गरेको देखिन्छ ।[२१]

## ३.२२ मृगतृष्णा साहित्य डबली (२०५७)

श्यामकुमार बानियाँको नेतृत्वमा मकवानपुरको सरिखेतमा वि.सं. २०५७ मा 'मृगतृष्णा साहित्य डबली'को स्थापना भएको हो । ग्रामीण साहित्यिक गतिविधिहरूमा तीव्रता ल्याउन सफल यस डबलीले 'पलाँस', 'बारुद' साहित्यिक हवाइपत्रिकाको प्रकाशन गरेको पाइन्छ ।[२२]

## ३.२३ भीम विराग कला-साहित्य प्रतिष्ठान (२०५९)

माधव रिसाल, हयग्रीव आचार्य, तुल्सी थापा, सुशीला पाण्डे घनश्याम शर्मा, मुक्तिगोविन्द वैद्यलगायतका नेपाली वाङ्मयकर्मीहरूको सामूहिक प्रयासमा २०५९ सालमा यसको स्थापना भएको हो । वरिष्ठ कलासाधक भीम विरागको व्यक्तित्व, कृतित्वबारे तथा नेपाली साहित्यको संरक्षण, संवर्द्धन गर्दै साहित्यिक कृतिहरूको प्रकाशन गर्ने उद्देश्यले भीम विराग कला-साहित्य प्रतिष्ठानको स्थापना गरिएको हो । यस प्रतिष्ठानले रु. ५०,०००/- नगद तथा प्रमाणपत्र भएको 'बिजुली माया वन राष्ट्रिय सङ्गीत पुरस्कार' रु. ५,०००/- नगद तथा प्रमाणपत्र भएको 'तुल्सीमाया शिवकुमारी नारी सिर्जनशील प्रतिभा पुरस्कार', 'कला भवानी सङ्गीत पुरस्कार', 'शीला नारी सङ्गीत पुरस्कार', 'बाल प्रतिभा पुरस्कार' लगायतका विभिन्न पुरस्कार तथा सम्मानको संयोजन तथा वितरण गरी नेपाली वाङ्मयको

२०. हयग्रीव आचार्यबाट प्राप्त जानकारी ।

२१.कौशल पाण्डेबाट प्राप्त जानकारी ।

२२. कुलप्रसाद सापकोटाबाट प्राप्त जानकारी ।

श्रीवृद्धिमा ठूलो भूमिका पुऱ्याएको पाइन्छ । यसका साथै यस प्रतिष्ठानले विभिन्न अवसर पारी राष्ट्रिय स्तरका स्रस्टाहरूको जमघट गर्ने गरेको पाइन्छ । [२३]

## ३.२४ वंशगोपाल सिर्जनशील समाज (२०६३)

रमेश लामिछाने, मोदनाथ पोखरेल, साधुराम चौलागाई आदि संस्थापक सदस्य रहेका 'वंशगोपाल सिर्जनशील समाज' वि.सं. २०६३/०३/०९ गते मोदनाथ पोखरेलको अध्यक्षतामा गठन भएको हो । यसले ०६५/०५/०८ गते मोती जयन्तीको अवसर पारी प्रतियोगितात्मक कविता गोष्ठी सञ्चालन गरेको पाइन्छ । 'वंशगोपाल दर्पण' साहित्यिक प्रत्रिका हालसम्म निरन्तर प्रकाशन गरी मकवनापुरे साहित्यमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।[२४]

## ३.२५ निष्कर्ष

निष्कर्षमा यस जिल्लाको साहित्यिक विकासमा विभिन्न पत्रपत्रिका, स्मारिका एवम् मुखपत्रहरू तथा साहित्यिक सङ्घसंस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । प्रकाशित पत्रपत्रिकाहरूमध्ये **प्रयास** साप्ताहिकले पहिलोपल्ट आफ्नो पत्रिकामार्फत विभिन्न साहित्यकारहरूलाई प्रोत्साहन गरेको पाइन्छ भने **कुराकानी** साप्ताहिकले आफ्नो एक पृष्ठ नै साहित्यिक स्तम्भको रूपमा राखेर अर्धसाहित्यिक पत्रिकाको रूपमा काम गरी मकवानपुरे साहित्यिक फाँटलाई उर्वर बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । यस्तै **नव कोरस**, **रातो सूर्य**, **मधुपत्र**, **नमस्कार**, **हेटौँडा पोस्ट**, **बलिदान**, **नारायणी**, **हेटौँडा सन्देश**, **हेटौँडा टुडे** आदि समाचारमुलक पत्रिकाहरूले पनि यस जिल्लाको साहित्यिक विकासमा त्यत्तिकै महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । भाषिक कलात्मक उच्चताको दृष्टिले सबै पत्रिकाहरू स्तरीय नदेखिए पनि साहित्यिक विधाहरूको समावेशक्रमलाई हेर्दा उपलब्धिमुलक नै मान्न सकिन्छ । यसका साथै जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू तथा पुस्तकालयहरूले पनि

२३. हयग्रीव आचार्यबाट प्राप्त जानकारी ।

२४. मोदनाथ पोखरेलबाट प्राप्त जानकारी ।

जिल्लाको साहित्यिक समुन्नतिमा उत्तिकै योगदान पुऱ्याएको पाइन्छ । यसक्रममा **ज्योति पुस्तकालय**, **सङ्गम पुस्तकालय**, **पुष्पलाल स्मृति पुस्तकालय** पुस्तकालयहरूमा मुख्य हुन् भने **नव कला कुञ्ज**, **हिमाली साहित्य प्रकाशन**, **मकवानपुर साहित्य परिषद्**, **साहित्य सङ्गम मकवानपुर**, **विश्वेश्वर आलोक मञ्च**, **उद्बोधन साहित्य मञ्च**, **प्रगतिशील लेखक सङ्घ**, **शृङ्खला नाट्य समूह**, **झरना साहित्यिक परिवार**, **मातृभूमि साहित्य समाज**, **भीम विराग कला-साहित्य प्रतिष्ठान आदि** मुख्यमुख्य साहित्यिक सङ्घसंस्थाहरू हुन् ।

समग्रमा भन्नुपर्दा यस जिल्लामा पत्रपत्रिका तथा साहित्यिक सङ्घसंस्थाहरू सङ्ख्यात्मक रूपमा प्रशस्तै देखिए पनि भौतिक एवम् आर्थिक स्रोतसम्पन्न पत्रपत्रिका तथा साहित्यिक सङ्घसंस्थाहरूको भने कमी नै रहेको देखिन्छ । स्थापित भएका कतिपय पत्रपत्रिका तथा सङ्घसंस्थाहरू आर्थिक अभावमा निष्क्रिय बन्न पुगेको देखिन्छ । अवस्था जेजस्तो भए पनि **सङ्गम पुस्तकालय, पुष्पलाल स्मृति पुस्तकालय, मकवानपुर साहित्य परिषद्, साहित्य सङ्गम मकवानपुर, झरना साहित्यिक परिवार, मातृभूमि साहित्य समाज, भीम विराग कला-साहित्य प्रतिष्ठान** आदि साहित्यिक सङ्घसंस्थाहरू भने दीर्घजीवी बन्नसक्ने सम्भावना रहेको देखिन्छ तथापि यी सम्पूर्ण साहित्यिक पत्रपत्रिका तथा साहित्यिक सङ्घसंस्थाहरूले मकवानपुरे साहित्यमा पुऱ्याएको प्रत्यक्ष-परोक्ष योगदानको खुलेरै प्रशंसा गर्न सकिन्छ ।

# चौथो परिच्छेद

## ४. साहित्य सङ्गम मकवानपुरका गतिविधिहरू

### ४.१ स्थापना

पञ्चायतकालीन निरङ्कुशता र बर्बरताको प्रताडनामा बौद्धिक जमातको आफूभित्रको असन्तुष्टि वा विद्रोह पोख्ने उपयुक्त माध्यमको खोजी एकातिर भइरहेको र अर्कोतिर पढेलेखेको तथा शासकीय गतिविधिहरूको विरोध गर्नेहरूको जमात बढिरहेको अवस्थामा वि.सं. २०४३ मङ्सिर महिनामा स्थानीय भुवनेश्वर महादेव मन्दिरको परिसरमा तात्कालिक हेटौँडेली साहित्यप्रेमीहरू जम्मा भई 'मकवानपुर साहित्य कमिटी' गठन गरेको र वि.सं. २०४४ पौष २५ गते मकवानपुरका केही साहित्यिक व्यक्तिहरूको जमघटबाट विभिन्न तप्काका व्यक्तित्वहरूको प्रतिनिधित्व हुनेगरी **साहित्य सङ्गम मकवानपुर** नामबाट संस्थागत जग हाल्ने काम भएको पाइन्छ।[1] त्यतिबेला नेपाली साहित्यको माध्यमबाट तात्कालिक राजनीतिको धज्जी उडाउन तथा शासकीय निरङ्कुशतालाई चुनौती दिने सङ्घसंस्थाहरूको जुन आवश्यकता थियो, त्यसको परिपूर्ति यस सङ्गमले गरेको छ ।[2] तत्कालीन अवस्थामा रचना पढ्ने, सुन्ने र प्रगतिशील भावविचारद्वारा अघि बढ्ने व्यक्ति, समुदाय वा संस्थाको गुन्जायस नहुने अवस्थाको बाबजुद पनि यो सङ्गम राजनीतिक अभीष्ट पूरा गर्ने वा असन्तुष्टि पोख्ने उत्तम थलो बनेको देखिन्छ ।[3] यसरी पञ्चायतको उत्तरार्द्ध चरण वि.सं. २०४० को दशकमा राजनैतिक रूपमा हरेक सचेत व्यक्तिहरू सन्तुष्ट थिएनन् र हुन पनि सक्दैनथे । यसै जमातमा आर.आर. चौलागाई, नवराज शर्मा, रामचन्द्र आचार्य 'फुर्सती', केशव श्रेष्ठ 'ज्योति'लगायतका साहित्यप्रेमीहरू थिए भने मकवानपुर साहित्य कमिटीलाई आर.आर. चौलागाईले नेतृत्व गरी २०४४ सालम 'साहित्य सङ्गम मकवानपुर'

१. केशव श्रेष्ठ ***क्रमशः*** मुखपत्र वर्ष-१ ,अङ्क-१ पृष्ठ -४८ (प्रकाशक सा.सं.म.)।

२. साम्बा ढकालबाट प्राप्त जानकारी ।

३. आर.आर. चौलागाईबाट प्राप्त जानकारी ।

गठनसँगै धर्मदत्त न्यौपानेलाई नेतृत्व हस्तान्तरण गरेको पाइन्छ । वि.सं. २०४४ सालदेखि नेपाली भाषा तथा साहित्यको समुन्नयनमा निरविच्छिन्न क्रियाशील रहँदै आएको यस साहित्य सङ्गमको वर्तमान कार्यसमितिको नेतृत्व साहित्यकार निमेष निखिलले गरेका छन् ।

## ४.२ कार्यसमिति र तिनका कार्य

साहित्य सङ्गम मकवानपुरले आफ्नो स्थापनाको अढाइ दशक लामो शृङ्खला पार गरिसक्दा विभिन्न ११ वटा कार्यसमितिहरू फेरिसकेको छ । साहित्य सङ्गम मकवानपुरको समुन्नतिमा समर्पित कार्यसमितिका पदाधिकारीहरू तथा कार्यसमितिका मुख्य-मुख्य कामहरू यसप्रकार छन् :

**४.२.१** २०४३ सालमा स्थानीय भुवनेश्वर महादेव मन्दिर परिसरमा भेला भई 'मकवानपुर साहित्यकमिटी' गठनका पदाधिकारीहरू यसप्रकार थिए :[४]

| | |
|---|---|
| संयोजक | श्री आर.आर. चौलागाई |
| सदस्य | श्री यादवप्रसाद शर्मा |
| सदस्य | श्री धर्मदत्त न्यौपाने |
| " | श्री कौशल पाण्डे |
| " | श्री नवराज शर्मा |
| " | श्री गोविन्द खड्का |
| " | श्री केशव एल्. श्रेष्ठ |
| " | श्री केशव श्रेष्ठ 'ज्योति' |
| " | श्री सूर्यचन्द्र न्यौपाने |
| " | श्री अमृत राजथला |
| " | श्री दिनेश श्रेष्ठ |

४. निमेष निखिल **सौरभ**, मुखपत्र वर्ष-१५ ,अङ्क-७ पृष्ठ -१२३ (प्रकाशक सा.सं.म.)।

| | |
|---|---|
| सदस्य | कमलावदन पौडेल |
| ” | प्रकाश पौडेल |

यस समितिले विभिन्न राजनैतिक पृष्ठभूमिका साहित्यकारहरू तथा तात्कालिक निरङ्कुश राज्यव्यवस्थाको विरूद्धमा जनचेतना जगाउने तथा जनमत तयार गर्ने काम गरेको देखिन्छ भने 'मकवानपुर साहित्य कमिटी' नामबाट 'साहित्य सङ्गम मकवानपुर' नामकरण गरिनुलाई मुख्य कार्यको रूपमा लिन सकिन्छ ।

**४.२.२** वि.सं. २०४४ पौष २५ गते 'मकवानपुर साहित्य कमिटी' विघटन गरी 'साहित्य सङ्गम मकवानपुर' नामाकरण गरेको पाइन्छ । त्यसको कार्यसमिति र सल्लाहकारहरू यस प्रकार रहेका छन् :[५]

| कार्यसमिति | | सल्लाहकारहरू |
|---|---|---|
| अध्यक्ष | श्री धर्मदत्त न्यौपाने | श्री ओकिलराज गोर्खाली |
| उपाध्यक्ष | श्री कौशल पाण्डे | श्री श्रीचन्द्र पोखरेल |
| सचिव | श्री आर.आर. चौलागाई | श्री ऋषिराम पोखरेल |
| सहसचिव | श्री दिनेश श्रेष्ठ | श्री सूर्यचन्द्र पोखरेल |
| कोषाध्यक्ष | श्री कमलावदन पौडेल | श्री देवप्रसाद श्रेष्ठ |
| सदस्य | श्री गोविन्द खड्का | श्री रामनारायण विँडारी |
| ” | श्री आर.आर. उप्रेती | श्री रामचन्द्र 'फुर्सती' |
| ” | श्री प्रकाश पौडेल | श्री प्रताप विष्ट |
| ” | श्री केशव श्रेष्ठ 'ज्योति' | श्रीमती विश्वकान्ति कलावती |
| ” | श्री सिन्धु ढुङ्गाना | |
| ” | श्री अमृत राजथला | |

५. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२३ ।

यस समितिले 'साहित्य सङ्गम मकवानपुर' को विधिवत् रूपमा स्थापना गरे तापनि यस कार्यकालमा सङ्गमले आफ्नो सबैभन्दा महत्त्वपूर्ण कार्यकलाप साहित्य सन्ध्या सञ्चालन आरम्भ गरेको पाइन्न बरु त्यसका सट्टा बेलाबेलामा विभिन्न स्वदेशी तथा विदेशी साहित्यकारहरूको स्मृतिमा कवितागोष्ठीको आयोजना गर्ने तथा साङ्गठनिक विस्तारको कार्यलाई अगाडि बढाएको पाइन्छ ।

**४.२.३** वि.सं. २०४७ जेष्ठ २६ गते पुनर्गठित कार्यसमितिले निम्नलिखित पदाधिकारीहरू चयन गरेको पाइन्छ :[६]

| कार्यसमिति | | सल्लाहकार |
|---|---|---|
| अध्यक्ष | श्री श्रीचन्द्र शर्मा | श्री कौशल पाण्डे |
| उपाध्यक्ष | श्री नवराज शर्मा | श्री धर्मदत्त पाण्डे |
| सचिव | श्री आर.आर. चौलागाई | श्रीमती विश्वकान्ति कलावती |
| सहसचिव | श्री गोविन्द खड्का | श्री जनक भट्टराई |
| कोषाध्यक्ष | श्री केशव श्रेष्ठ 'ज्योति' | श्री विष्णुबहादुर श्रेष्ठ |
| सदस्य | श्री जगन्नाथ ढकाल | श्री देवप्रसाद श्रेष्ठ |
| " | श्री केदार 'बेहोसी' | |
| " | श्री मृदुला शर्मा | |
| " | श्री दीपेन्द्र रेग्मी | |
| " | श्री निरोज गुरुङ | |
| " | श्री रामचन्द्र 'फुर्सती' | |

साहित्य सङ्गम मकवानपुरको यस कार्य समितिले साहित्य सन्ध्याको आरम्भ गर्नुका साथै अन्य थुप्रै साहित्यिक गतिविधिहरू सञ्चालन गरी सङ्गम तथा नेपाली साहित्यको समुन्नतिमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

६. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२४ ।

**४.२.४** वि.सं. २०४८ माघ ४ गते पुनर्गठन भएको कार्य समिति यसप्रकार रहेको छ :[७]

| कार्यसमिति | | सल्लाहकार |
|---|---|---|
| अध्यक्ष | श्री नवराज शर्मा | श्री डेण्टिजङ्ग शाह |
| उपाध्यक्ष | श्री रामचन्द्र 'फुर्सती ' | श्री हिरण्यलाल श्रेष्ठ |
| सचिव | श्री केशव श्रेष्ठ 'ज्योति' | श्री देवप्रसाद श्रेष्ठ |
| सहसचिव | श्री तुलसी घिमिरे | |
| कोषाध्यक्ष | श्री गोविन्द खड्का | |
| सदस्य | श्री आर.आर. चौलागाई | |
| " | श्री नेत्रलाल दवाडी | |
| " | श्री निरोज गुरुङ | |
| " | श्री इन्द्रजीत शर्मा चौंलागाई | |

यस कार्य समितिले पूर्व कार्यसमितिले आरम्भ गरेको साहित्य सन्ध्या सञ्चालनलाई नै विशेष जोड दिँदै आएको पाइन्छ । यसै कार्यकालबाट साहित्य सङ्गम मकवानपरुले आफ्नो मुखपत्रको रूपमा **क्रमशः** साहित्यिक सङ्कलनको प्रकाशनारम्भ गरेको पाइन्छ, जुन अहिले **सौरभ** नामबाट प्रकाशित भइरहेको छ । यस कार्यसमितिको कार्यकालमा साङ्गठनिक कार्यहरूले समेत सक्रियता साथ तीव्रता पाएको देखिन्छ ।

**४.२.५** वि.सं. २०५१ माघ ३० गते पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ :[८]

| **कार्यसमिति** | | **सल्लाहकार** |
|---|---|---|
| अध्यक्ष | श्री नवराज शर्मा | श्री डेन्टिजङ्ग शाह |
| उपाध्यक्ष | श्री रामचन्द्र 'फुर्सती' | श्री वीरबहादुर लामा |
| सचिव | श्री केशव श्रेष्ठ 'ज्योति' | श्री कौशल पाण्डे |

७. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२५ ।

८. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२५ ।

| | | |
|---|---|---|
| सहसचिव | श्री खेम बानियाँ | श्री देवप्रसाद श्रेष्ठ |
| कोषाध्यक्ष | श्री गणेशकुमार पौडेल | श्रीमती तीर्थदेवी सिलवाल |
| सदस्य | श्री आर.आर. चौलागाई | |
| " | श्री साम्ब ढकाल | |
| " | श्री गोविन्द खड्का | |
| " | श्रीमती मृदुला शर्मा | |

यस कार्यसमितिले साहित्य सन्ध्यालाई निरन्तरता दिनेलगायत साहित्य सङ्गम मकवानपुरलाई विधिवत् जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा दर्ता गराउने कामसमेत गरेको देखिन्छ । यसै कार्यसमितिले शिक्षविद् श्री डेण्टिजङ्ग शाहले आफ्ना दिवङ्गत पुत्रको स्मृतिमा रु. ११,०००/- को अक्षयकोष स्थापना गरिदिनुभएको घटना पनि यस कार्यकालको उल्लेखनीय पाटोका रूपमा देखिन्छ । त्यसैगरी मास्टर मित्रसेनको सतवार्षिकी मनाउने, सिस्नुपानी नेपालसँग संयुक्त रूपमा कोठा भाडामा लिई कार्यालय सञ्चालन गर्ने, मकवानपुर जिल्लाका साहित्यकारहरूको व्यक्तिगत विवरण तयार गर्ने तदारुकता देखाउनु पनि यस कार्यकालका उल्लेखनीय कार्यहरू हुन् ।

**४.२.६** वि.सं. २०५३ असार १५ मा पुनर्गठित कार्य समिति यसप्रकार रहेको छ :[९]

| कार्यसमिति | | सल्लाहकार |
|---|---|---|
| अध्यक्ष | श्री नवराज शर्मा | श्री डेण्टीजङ्ग शाह |
| उपाध्यक्ष | श्री ध्रुवप्रसाद भट्टराई | श्री यादवप्रसाद शर्मा |
| सचिव | श्री केशव श्रेष्ठ 'ज्योति' | श्री कौशल पाण्डे |
| सहसचिव | श्री साम्बा ढकाल | |
| कोषाध्यक्ष | श्री हिमप्रसाद पौडेल | |
| सदस्य | श्री रामबाबु थापा | |

९. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२६ ।

| | |
|---|---|
| सदस्य | श्री गोविन्द खड्का |
| ” | श्रीमती तीर्थदेवी सिलवाल |
| ” | श्री खेम बानियाँ |

यस कार्यकालले पनि सङ्गमको संस्थागत विकास गर्नुका साथै साहित्य सन्ध्या सञ्चालन गर्नेजस्ता कार्यमा सक्दो योगदान पुऱ्याएको देखिन्छ तथापि सङ्गमको नयाँ आयामिक कार्य भने गर्न सकेको देखिँदैन ।

**४.२.७** वि.सं. २०५५ मङ्सिर १२ मा पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ :[१०]

| | कार्यसमिति | सल्लाहकार |
|---|---|---|
| अध्यक्ष | श्री आर.आर. चौलागाई | श्री भीम विराग |
| उपाध्यक्ष | श्री गणेशकुमार पौडेल | श्री नवराज शर्मा |
| सचिव | श्री केशव श्रेष्ठ | श्री डेण्टिजङ्ग शाह |
| सहसचिव | श्री तुलसी घिमिरे | श्री डोरमणि पौडेल |
| कोषाध्यक्ष | श्री आरसी रिजाल | श्री रामेश्वर राना |
| सदस्य | श्री इन्द्रजीत शर्मा चौलागाई | |
| ” | श्री ऋषि के. बी. | |
| ” | श्री ऋषेश्वर दुवाडी | |
| ” | श्रीमती तीर्थदेवी सिलवाल | |

यस समितिको कार्यकालमा ‘मकवानपुर प्रतिभा पुरस्कार’को स्थापनालाई मुख्य उपलब्धि मान्न सकिन्छ । जिल्ला विकास समिति मकवानपुरद्वारा स्थापित रु. १,००,०००/- को अक्षयकोषबाट प्राप्त ब्याजबाट वर्षेनि रु.५,००१/- र सम्मान-पत्रसहित मकवानपुर जिल्लाको कलासाहित्य संस्कृति क्षेत्रलाई कर्मभूमि बनाएका महानुभावहरूलाई उक्त पुरस्कार

१०. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२७ ।

प्रदान गर्ने गरिएको देखिन्छ । सङ्गमका साहित्य सन्ध्या सञ्चालनलगायतका अन्य कार्यहरू पूर्ववत् सञ्चालन यस कार्य समितिले पनि गरेको देखिन्छ ।

**४.२.८** वि.सं. २०५७ माघ १४ गते पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ :[११]

| | कार्यसमिति | सल्लाहकार |
|---|---|---|
| अध्यक्ष | श्री आर.सी. रिजाल | श्री भीम विराग |
| उपाध्यक्ष | श्री इन्द्रजीत शर्मा | श्री डेण्टीजङ्ग शाह |
| सचिव | श्री ऋषि के. बी. | श्री रामेश्वर राना |
| सहसचिव | श्री पद्मराज लामिछाने 'गगन' | श्री नवराज शर्मा |
| कोषाध्यक्ष | श्री निमेष निखिल | श्री डोरमणि पौडेल |
| सदस्य | श्री प्रमिला बिँडारी | श्री आर.आर. चौलागाई |
| " | श्री अप्सरा तिम्सिना | |
| " | श्री रामकुमार एलन | |
| " | श्री गणेशकुमार तिमिल्सिना | |
| " | श्री उज्ज्वल चौलागाई | |

साहित्य सन्ध्यालाई मासिक रूपमा नियमित गर्न प्रतिबद्धतासाथ आफ्नो कार्यारम्भ गरेको यस कार्यसमितिबाट तत्कालीन सचिव ऋषि के.बी. तथा सदस्य उज्ज्वल चौलागाईंले कार्यव्यस्तताको कारण राजिनामा दिनुभएपछि कार्यसमितिको नवौँ बैठकबाट कार्यसमितिलाई निम्नानुसार पुनर्गठन गरिएको पाइन्छ :[१२]

---

११. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२७ ।

१२. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२८।

कार्यसमिति

| | |
|---|---|
| अध्यक्ष | श्री आर.सी. रिजाल |
| उपाध्यक्ष | श्री इन्द्रजीत शर्मा |
| सचिव | श्री निमेष निखिल |
| सहसचिव | श्री पद्मराज लामिछाने 'गगन' |
| कोषाध्यक्ष | श्री रामशरण पुडासैनी |
| सदस्य | श्री प्रमिला बिँडारी |
| " | श्री अप्सरा तिम्सिना |
| " | श्री रामकुमार 'एलन' |
| " | श्री गणेशकुमार तिमिल्सिना |
| " | श्री पुष्पपराग (मनोनित सदस्य) |

सल्लाहकारहरू पूर्ववत् राखिएको सङ्गमको यो कार्यकाल विभिन्न दृष्टिले उल्लेखनीय रहेको छ । सङ्गमको इतिहासमै आफ्नो दुई वर्षे कार्यकालमा सबैभन्दा बढी २७ वटा साहित्य सन्ध्या सञ्चालन भएको यस कार्यकालमा मुक्तक, गजल, लघुकथा, हास्यव्यङ्ग्यजस्ता विधाहरूमा केन्द्रित रहेर पनि सन्ध्याहरू सञ्चालन गरिएको देखिन्छ । राष्ट्रिय स्तरमा अन्य संस्थासँग सम्पर्क बढाउने कार्यहरू पनि यस कार्यकालमा अत्यधिक भएको देखिन्छ । यस कार्यकालको सबैभन्दा महत्त्वपूर्ण कार्य भनेको सङ्गमका लागि जग्गा व्यवस्थापन तथा भवननिर्माण गर्ने कार्यको प्रारम्भ गरिनु हो । यस पुनित कार्यको लागि साहित्यसेवी आर.सी. रिजालले आफ्नो आँगन काटी ४ धुर जग्गा प्रदान गर्नुभएको थियो । त्यसैगरी यसै कार्यकालमा सङ्गमले हेटौँडा नगरपालिकासँगको साझेदारीमा पुष्पलाल स्मृति पुस्तकालय सञ्चालन गर्ने जिम्मा पाएको देखिन्छ । यसै कार्यकालमा साहित्यिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले मकवानपुर जिल्लाभरि वर्षेनि कक्षा ८, ९ र १०

मा अध्ययनरत छात्राहरूबीच साहित्यिक प्रतिष्पर्धा गराई रु. १,००१/- नगद र प्रमाणपत्र प्रदान गर्नेगरी 'णकुमारी स्मृति साहित्य पुरस्कार'को पनि स्थापना गरेको देखिन्छ ।

**४.२.९** वि.सं. २०५९ फाल्गुन १० गते पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ :[१३]

| | कार्यसमिति | सल्लाहकारहरू |
|---|---|---|
| अध्यक्ष | श्री आर.सी. रिजाल | श्री भीम विराग |
| उपाध्यक्ष | श्री इन्द्रजीत शर्मा | श्री डेण्टीजङ्ग शाह |
| सचिव | श्री निमेष निखिल | श्री रामेश्वर राना |
| सहसचिव | श्री पद्मराज लामिछाने 'गगन' | श्री नवराज शर्मा |
| कोषाध्यक्ष | श्री रामशरण पुडासैनी | श्री डोरमणि पौडेल |
| सदस्य | श्री उषा पोखरेल | श्री आर.आर. चौलागाई |
| " | श्री अप्सरा तिम्सिना | |
| " | श्री रामकुमार 'एलन' | |
| " | श्री प्रेमनारायण न्यौपाने | |

यस कार्यसमितिबाट पनि विभिन्न समयमा आफ्नो स्थानान्तरका कारणहरूबाट केही पदाधिकारीहरूले राजिनामा दिएको देखिन्छ । वि.सं. २०६० साउन २ गते बसेको सङ्गमको बैठकद्वारा श्री इन्द्रजीत शर्मा (उपाध्यक्ष) र श्री प्रेमनारायण न्यौपाने (सदस्य)को राजिनामा स्वीकृत गरी उपाध्यक्षहीन र एक सदस्य घटेको नयाँ कार्यसमिति बनाएको देखिन्छ । यस कार्यकालमा सङ्गमले आफ्ना गतिविधिहरूलाई फराकिलो पार्ने प्रयत्न गरेको देखिन्छ । यसै कार्यकालमा साहित्यकार आर.सी. रिजालले साहित्य सङ्गमलाई प्रदान गर्नुभएको जग्गामा भवन निर्माणार्थ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट तीन पटक गरी रु. ३,१०,०००/- अनुदान सहयोगसमेत प्राप्त गरी साहित्य सङ्गम मकवानपुरको आफ्नो भवन निर्माण गरेको पाइन्छ ।

१३. निमेष निखिल **सौरभ**, पूर्ववत् पृष्ठ -१२९ ।

**४.२.१०** वि.सं. २०६२ वैशाखमा पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ :[१४]

कार्यसमिति

| | |
|---|---|
| अध्यक्ष | श्री आर.सी. रिजाल |
| उपाध्यक्ष | श्रीमती तीर्थदेवी सिलवाल |
| सचिव | श्री निमेष निखिल |
| सहसचिव | श्री पद्मराज लामिछाने 'गगन' |
| कोषाध्यक्ष | श्री रामशरण पुडासैनी |
| सदस्य | सुश्री बबी थापा |
| " | श्री पुण्यशीला श्रेष्ठ |
| " | श्री रामहरि शर्मा |
| " | श्री पूर्णकला घिमिरे |
| " | श्री उज्ज्वल चलागाई |

पुनर्गठित यस कार्यसमितिमा भने सङ्गमको इतिहासमै पहिलोपल्ट सल्लाहकार समिति राखिएको देखिँदैन । यस कार्यसमितिले पनि साहित्य सन्ध्यालाई नियमित रूपमा सञ्चालन गरेको देखिन्छ । यस कालमा साहित्य सङ्गम स्थानीय र राष्ट्रिय स्तरमा रहेका विभिन्न सहधर्मी सङ्घसंस्थाहरूसँग हातेमालो गर्दै अगाडि बढेको पाइन्छ ।

**४.२.११** वि.सं. २०६३ चैत्र ११ मा पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ : [१५]

कार्यसमिति

| | | | |
|---|---|---|---|
| अध्यक्ष | श्री निमेष निखिल | उपाध्यक्ष | श्री पद्मराज लामिछाने 'गगन' |
| सचिव | श्री श्यामकुमार बानियाँ | सहसचिव | श्री एस्.के. 'निधन' |
| कोषाध्यक्ष | श्री अर्जुन 'क्षितिज' | सदस्य | श्री बबी थापा |

---

१४. निमेष निखिलबाट प्राप्त जानकारी ।

१५. निमेष निखिलबाट प्राप्त जानकारी ।

| | |
|---|---|
| सदस्य | श्री के.पी. 'अन्जान' |
| " | श्री यमनदेव 'उत्प्रेरक' |
| " | श्री शरण बानियाँ |

**४.२.१२** वि.सं. २०६६ वैशाख १२ गते पुनर्गठित कार्यसमिति यसप्रकार रहेको छ :[१६]

| कार्यसमिति | | सल्लाहकार |
|---|---|---|
| अध्यक्ष | श्री निमेष निखिल | आर.सी. रिजाल |
| उपाध्यक्ष | श्री श्यामकुमार बानियाँ | तुल्सी थापा |
| सचिव | श्री रामशरण पुडासैनी | |
| सहसचिव | श्री के.पी. 'अञ्जान' लुइँटेल | |
| कोषाध्यक्ष | श्री अर्जुन 'क्षितिज' | |
| सदस्य | श्री यमनदेव 'उत्प्रेरक' | |
| " | श्री अनिता न्यौपाने | |
| " | श्री भावना सापकोटा | |
| " | श्री पुरूषोत्तम आचार्य | |

यसरी साहित्य सङ्गम मकवानपुरको साहित्यिक उन्नयनका लागि स्थापनाकालदेखि ११ वटा कार्यसमितिहरूले आफ्नो कार्यकाल पूरा गरिसकेको देखिन्छ भने हाल बाह्रौँ कार्यसमितिको रूपमा निमेष निखिलको नेतृत्वको समिति रहेको छ । यी कार्यसमितिहरूमध्ये सबैभन्दा बढी साहित्य सन्ध्या आठौँ कार्यसमितिले २७ वटा सन्ध्या सञ्चालन गरेको पाइन्छ भने सबैभन्दा कम सन्ध्या चौथो कार्यसमितिले जम्मा ५ वटा मात्र कार्यक्रम संयोजन गरेको देखिन्छ । उपलब्धिको हिसाबले सबैभन्दा पहिले साहित्यिक सन्ध्या सञ्चालन गर्ने श्रेय धर्मदत्त न्यौपानेको अध्यक्षताको दोस्रो कार्यसमितिलाई जान्छ । त्यसैगरी चौथो कार्यसमितिले

---
१६. निमेष निखिलबाट प्राप्त जानकारी ।

मुखपत्र प्रकाशनको आरम्भ गरेको पाइन्छ । त्यसैगरी पाँचौं कार्यसमितिले 'शेषजङ्ग पुरस्कार' स्थापना गरेको पक्ष पनि मननीय देखिन्छ । त्यस्तै आर.आर. चौलागाईंको अध्यक्षताको सातौं कार्यसमितिबाट 'मकवानपुर प्रतिभा पुरस्कार'को संयोजन भएको पाइन्छ । साहित्यिक उपादेयतालाई हेर्दा आर.सी. रिजालको अध्यक्षताको आठौं कार्यसमितिले सङ्गमको आफ्नै भवन बनाउने महान् कार्यको आरम्भ गरेको पाइन्छ । यसपछिका समितिले पूर्ववत् समितिका नीति तथा योजनालाई अनुशरण गर्नु आफ्नो धर्म ठानेको पाइन्छ ।

## ४.३ साहित्य सङ्गम मकवानपुरले गरेका कार्यहरू

पञ्चायतको सन्ध्याकाल वा उत्तरार्द्ध चरणमा हरेक सचेत एवम् बौद्धिक जमातले आफूभित्रको विद्रोह पोख्ने उपयुक्त माध्यम वा स्थानको खोजी गरिरहेको थियो भने अर्कोतिर रचना पढ्ने र सुन्ने मञ्चको उत्तिकै अभाव थियो । यस्तो अवस्थितिमा मकवानपुरे प्रगतिशील भावनाले ओतप्रोत जुझारू युवा समूहको सामूहिक चिन्तनको उपज बन्यो **साहित्य सङ्गम मकवानपुर** । सीमित व्यक्तिसमूहबाट स्थापित र सञ्चालित यस सङ्गमले २०४० को दशकदेखि २०७० को मध्य दशकसम्म आइपुग्दा थुप्रै आरोहअवरोह व्यतीत गरेको देखिन्छ भने आफैमा वयस्क वृक्ष भई थुप्रै साहित्यप्रेमीलाई शीतल, ओत, दिनुका साथै अनि प्यास मेटाउने काम भएको देखिन्छ । यस साहित्य सङ्गम मकवानपुरको समुन्नतिमा थुप्रै मकवानपुरे र इतरका स्रष्टाहरूले सहयोग पुऱ्याएको देखिन्छ । यस साहित्य सङ्गम मकवानपुर स्थापनाकालदेखि हालसम्म नेपाली साहित्यलाई प्रत्यक्ष-परोक्ष रूपमा सहयोग पुऱ्याउने क्रममा विभिन्न कार्यहरूमा अभ्यस्त देखिन्छ र अद्यापि रहेको छ । यस क्रममा साहित्य सङ्गम मकवानपुरले साहित्यसन्ध्या सञ्चालन, मुखपत्र प्रकाशन, पुरस्कारहरूको संयोजन तथा वितरण, पुस्तकालय सञ्चालनलगायतका कामहरू गरी नेपाली साहित्यको श्रीवृद्धिमा लागिपरेको देखिन्छ । यहाँ यसका कार्यहरूको विस्तृत र व्यवस्थित चर्चा क्रमशः गरिएको छ :

## ४.३.१ साहित्य सन्ध्या सञ्चालन

साहित्य सन्ध्या साहित्य सङ्गम मकवानपुरको मुख्य अभिलक्षण र सर्वाधिक सफलता पनि हो । वि.सं. २०४७ देखि २०६६ आषाढ १३ गतेसम्म १६३ औँ शृङ्खला नियमित र व्यवस्थित तवरले गीत, गजल, मुक्तक, लघुकथाहरू आदि विशेष अङ्कको रूपमा सञ्चालित रहेको पक्ष र नियमित साहित्य स्रष्टाहरूबीच सम्पर्कको कडी भएकोले यो महिमायुक्त देखिन्छ । साहित्य सङ्गम मकवानपुरले हालसम्म सञ्चालन गरेका साहित्य सन्ध्याको प्राप्त भएसम्मको विवरण यसप्रकार रहेका छन् :[१७]

**तालिका सङ्ख्या : ३**

**साहित्य सङ्गम मकवानपुरबाट सञ्चालित साहित्य सन्ध्या**

| क्र.सं. | मिति | प्रायोजन | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | २०४७ भाद्र २ | श्री आधुनिक मा.वि. | हेटौँडा | - |
| २ | २०४७ आश्विन १ | श्री भुटनदेवी मा.वि. | हेटौँडा | - |
| ३ | २०४७ कात्तिक १ | श्री युगप्रकाश क्लब, नवलपुर | हेटौँडा | - |
| ४ | २०४७ मङ्सिर १ | ज्योति पुस्तकालय, भीमफेदी | हेटौँडा | - |
| ५ | २०४७ पौष १४ | नेपाल यातायात स्वतन्त्र मजदुर युनियन | हेटौँडा | - |
| ६ | २०४७ माघ ५ | श्री कालिका इलेक्ट्रिकल्स | हेटौँडा | - |
| ७ | २०४७ फागुन ४ | श्री श्रमिक मा.वि. कर्रा | हेटौँडा | - |
| ८ | २०४७ चैत्र २ | श्री ज्योति मा. वि. | - | - |
| ९ | २०४८ जेष्ठ १८ | डेन्टीजङ्ग शाह | - | - |
| १० | २०४८ आषाढ २ | पशुपति बहुउद्देश्यीय क्लब | - | - |
| ११ | २०४८ श्रावण ४ | श्री हिमचुली समूह | - | - |
| १२ | २०४८ भाद्र १ | श्री मकवानपुर ब. क्याम्स | हेटौँडा | - |
| १३ | २०४८ फागुन ३ | पुष्कर महत | हेटौँडा | - |
| १४ | २०४८ चैत्र १ | उत्पीडित जातीय उत्थान मञ्च | - | - |
| १५ | २०४९ वैशाख ६ | डेण्टीजङ्ग शाह | - | - |

१७ साहित्य सङ्गम मकवानपुरको अभिलेखअनुसार ।

| | | | | |
|---|---|---|---|---|
| १६ | २०४९ आषाढ ६ | मकवानपुर सेवा समिति | हेटौंडा | - |
| १७ | २०४९ श्रावण | भुटनदेवी मा.वि. | - | - |
| १८ | २०४९ माघ १७ | हेटौंडा नगरपालिका | - | - |
| १९ | २०४९ फागुन ९ | श्री आधुनिक राष्ट्रिय मा.वि. | आरामावि | - |
| २० | २०४९ चैत्र ७ | श्री प्रगति माध्यमिक | कर्रा | - |
| २१ | २०५० वैशाख १२ | श्री डेण्टीजङ्ग शाह | - | - |
| २२ | २०५० जेठ १६ | श्री सरस्वती प्रा.वि, सरस्वती खोला | - | - |
| २३ | २०५० आषाढ १२ | श्री त्रिभुवन मा.वि., नवलपुर | - | - |
| २४ | २०५० आषाढ २९ | नारायणी यातायात व्यवसायी सङ्घ | - | - |
| २५ | २०५० असोज ३० | हेटौंडा नगरपालिका | - | - |
| २६ | २०५० माघ १६ | हेटौंडा नगरपालिका | - | - |
| २७ | २०५१ वैशाख १० | श्री डेण्टीजङ्ग शाह | - | - |
| २८ | २०५१ जेष्ठ १० | वनउपभोक्ता समूह, चुच्चेखोला | - | - |
| २९ | २०५१ श्रावण २२ | हेटौंडा क्याम्पस, हेटौंडा | हेटौंडा क्याम्पस | - |
| ३० | २०५१ अश्विन १ | श्री विरोध खतिवडा | - | - |
| ३१ | २०५१ कात्तिक १२ | श्री सरस्वती प्रा.वि. | - | - |
| ३२ | २०५१ माघ १६ | हेटौंडा नगरपालिका | - | - |
| ३३ | २०५२ वैशाख १३ | श्री डेण्टीजङ्ग शाह | - | - |
| ३४ | २०५२ जेष्ठ १० | वनउपभोक्ता समूह, चुच्चेखोला | - | - |
| ३५ | २०५२ जेष्ठ ३१ | श्री नेपाल स्वतन्त्र क्लब | - | - |
| ३६ | २०५२ माघ २० | श्री नेपाल स्वतन्त्र क्लब | - | - |
| ३७ | २०५२ | ? | ? | ? |
| ३८ | २०५३ भदौ २९ | श्री रामेछाप मैत्रीसमाज | - | - |
| ३९ | २०५३ माघ ४ | श्री तरङ्ग साँस्कृतिक परिषद् | - | मुक्तक गोष्ठी |
| ४० | २०५३ फाल्गुण ४ | श्री मनकामना शिशु सदन | - | - |
| ४१ | २०५४ आषाढ २१ | श्री मनकामना शिशु सदन | - | - |
| ४२ | २०५४ आषाढ | रामेछाप मैत्रीसमाज | - | - |
| ४३ | ? | ? | ? | ? |

| | | | | |
|---|---|---|---|---|
| ४४ | २०५४ भाद्र ७ | - | - | बालसाहित्य गोष्ठी |
| ४५ | २०५४ भाद्र २१ | रामेछापकाभ्रे मैत्री मञ्च | भुटनदेवी मा.वि | - |
| ४६ | २०५४ पौष १४ | सैपुले पौडेल सेवा समिति | श्री चन्द्रोदय मा.वि., कमाने | - |
| ४७ | ? | - | - | - |
| ४८ | ? | - | - | - |
| ४९ | ? | - | - | - |
| ५० | २०५५ मङ्सिर ७ | | म. ब. क्याम्पस | - |
| ५१ | ? | - | - | ? |
| ५२ | ? | - | | - |
| ५३ | २०५६ असोज १५ | आर.सी. रिजाल | म. ब. क्या. | - |
| ५४ | २०५६ पौष १० | - | " | - |
| ५५ | २०५६ माघ २९ | - | " | - |
| ५६ | २०५६ चैत्र ५ | | " | - |
| ५७ | २०५७ जेष्ठ ७ | जिविस मकवानपुर | जिविस सभाहल | - |
| ५८ | २०५७ आषाढ १० | - | म. ब. क्या. | - |
| ५९ | २०५७ साउन | - | " | - |
| ६० | २०५७ आश्विन ७ | | " | - |
| ६१ | २०५७ फाल्गुण १३ | श्री सैपुले पौडेल समिति | चन्द्रोदय मा.वि. | - |
| ६२ | २०५७ चैत्र ११ | आर.आर. चौलागाई र आर.सी. रिजाल | म. ब. क्या. | - |
| ६३ | २०५८ वैशाख १८ | | " | - |
| ६४ | २०५८ जेष्ठ | | " | मुक्तकगोष्ठी |
| ६५ | २०५८ आषाढ | - | " | - |
| ६६ | २०५८ श्रावण १३ | - | " | - |
| ६७ | २०५८ भाद्र ९ | - | " | प्रतियोगितात्मक कवयित्री गोष्ठी |
| ६८ | २०५८ असोज १३ | - | " | - |

| | | | | |
|---|---|---|---|---|
| ६९ | २०५८ कार्त्तिक.... | 'पलाँस' हवाइ पत्रिका | " | - |
| ७० | २०५८ मङ्सिर .. | - | महेन्द्रचोक हेटौंडा | कवि भीमप्रसाद दुलालको गिरफ्तारीमा विरोध |
| ७१ | २०५८ पौष १४ | सहिदस्मारक विकास समिति | सहिदस्मारक हेटौंडा | - |
| ७२ | २०५८ माघ २० | - | मकवानपुर ब. क्याम्पस | प्रा. मोहनराज शर्माको आतिथ्य |
| ७३ | २०५८फाल्गुन १८ | - | " | डा. ध्रुवचन्द्र गौतमको आतिथ्य |
| ७४ | २०५८ चैत्र १२ | - | " | हाँस्यव्यङ्ग्य गोष्ठी विशेष |
| ७५ | २०५९ वैशाख २१ | - | " | नारायणीअञ्चल स्तरीय कविता गोष्ठी र मकवानपर प्रतिभा पुरस्कार वितरण |
| ७६ | २०५९ जेष्ठ ११ | भुटनदेवी एल्मुनाइ एसोसियन | भुटनदेवी मा.वि. | - |
| ७७ | २०५९ जेष्ठ २५ | - | मकवानपुर ब. क्याम्पस | मदनमणि दीक्षितको आतिथ्य |
| ७८ | २०५९ असार | - | " | - |
| ७९ | २०५९ श्रावण ११ | - | " | - |
| ८० | २०५९ भाद्र ८ | - | " | गाईजात्रा विशेष |
| ८१ | २०५९ असोज १२ | - | " | - |
| ८२ | २०५९ कार्त्तिक ... | - | " | |
| ८३ | २०५९मङ्सिर १४ | जनमत प्रकाशन तथा गणेश पौडेल | " | - |
| ८४ | २०५९ पौष १३ | श्री विक्रम क्रमश: निरौला | वन विज्ञान अध्ययन संस्थान | |
| ८५ | २०५९ माघ ..... | - | म.ब. क्याम्पस | - |
| ८६ | २०५९ फागुन १० | - | " | - |

| | | | | |
|---|---|---|---|---|
| ८७ | २०५९ चैत्र ८ | - | ” | - |
| ८८ | २०६० वैशाख १३ | - | ” | - |
| ८९ | २०६० जेष्ठ १० | - | ” | मदनमणि दीक्षितको आतिथ्य |
| ९० | २०६० आषाढ १४ | - | ” | डा. विमल कोइरालाको आतिथ्य |
| ९१ | २०६० श्रावण १० | - | ” | - |
| ९२ | २०६० भाद्र १३ | - | ” | - |
| ९३ | २०६० असोज १० | - | ” | दसैं विशेषसन्ध्या |
| ९४ | २०६० कार्त्तिक ८ | श्री युगप्रकाश क्लब, नवलपुर | त्रिभुवन मावि | लक्ष्मीजयन्ती |
| ९५ | २०६० मङ्सिर १३ | - | मकवानपुर ब. क्याम्पस | - |
| ९६ | २०६० पौष १२ | - | | गजलसन्ध्या विशेष |
| ९७ | २०६० माघ १० | - | ” | नगेन्द्रराज शर्मा र रोचक घिमिरेको आतिथ्य विशेष |
| ९८ | २०६० फाल्गुण ९ | - | ” | |
| ९९ | २०६० चैत्र १४ | - | ” | |
| १०० | २०६१ जेष्ठ ९ | नारायणी यातायात व्यवसायी समिति | ना.या.व्य.स. | तुलसी दिवसको आतिथ्य तथा साहित्य सङ्गम मकवानपुर तथा सिस्नुपानी नेपालको संयुक्त भवनको समुद्घाटनविशेष |
| १०१ | २०६१ आषाढ १२ | - | आफ्नै भवन | - |
| १०२ | २०६१ श्रावण १० | - | ” | - |
| १०३ | २०६१ भाद्र १२ | - | ” | - |
| १०४ | २०६१ आश्विन ८ | - | ” | भैरव अर्याल विशेष |
| १०५ | २०६१कार्त्तिक १४ | - | ” | महाकवि देवकोटा विशेष |
| १०६ | २०६१ मङ्सिर १२ | - | ” | - |
| १०७ | २०६१ पौष १० | | ” | - |

| | | | | |
|---|---|---|---|---|
| १०८ | २०६१ माघ ९ | - | " | खेम बानियाँस्मृति |
| १०९ | २०६१ फाल्गुण ८ | जिविस मकवानपुर | " | - |
| ११० | २०६१ चैत्र १३ | - | " | वासुशशि स्मृतिविशेष |
| १११ | २०६२ वैशाख १० | - | " | |
| ११२ | २०६२ जेष्ठ १४ | - | " | - |
| ११३ | २०६२ असार ११ | - | " | - |
| ११४ | २०६२ श्रावण १४ | - | " | - |
| ११५ | २०६२ भाद्र ११ | - | " | - |
| ११६ | २०६२ असोज ८ | - | " | - |
| ११७ | २०६२कार्त्तिक १२ | - | " | - |
| ११८ | २०६२ मार्ग ११ | - | " | - |
| ११९ | २०६२ पौष ९ | - | " | - |
| १२० | २०६२ माघ ८ | - | " | - |
| १२१ | २०६२फाल्गुण १३ | - | " | - |
| १२२ | २०६२ चैत्र १२ | - | " | - |
| १२३ | २०६३ वैशाख २९ | - | " | - |
| १२४ | २०६३ जेष्ठ १३ | - | " | - |
| १२५ | २०६३ आषाढ १० | - | " | - |
| १२६ | २०६३ श्रावण १३ | - | " | - |
| १२७ | २०६३ भाद्र २ | - | " | साहित्य सन्ध्या दिवस विशेष सन्ध्या |
| १२८ | २०६३ भाद्र २२ | - | " | |
| १२९ | २०६३आश्विन १४ | - | " | |
| १३० | २०६३ कार्त्तिक ११ | - | " | |
| १३१ | २०६३ मङ्सिर ९ | - | " | |
| १३२ | २०६३ पौष ८ | - | " | - |
| १३३ | २०६३ माघ १८ | - | " | - |
| १३४ | २०६३ फागुन १२ | - | " | - |
| १३५ | २०६३ चैत्र ११ | - | " | - |
| १३६ | - | - | " | - |
| १३७ | २०६४ जेष्ठ ११ | - | " | छन्द विशेष कविता गोष्ठी |

| | | | | |
|---|---|---|---|---|
| १३८ | २०६४ आषाढ ९ | - | ” | गोविन्द खड्का विशेष सन्ध्या |
| १३९ | २०६४ श्रावण १२ | - | ” | - |
| १४० | २०६४ भाद्र .... | - | ” | - |
| १४१ | २०६४ असोज १३ | - | ” | - |
| १४२ | २०६४कात्तिक १० | - | ” | - |
| १४३ | २०६४ मङ्सिर ८ | - | ” | - |
| १४४ | २०६४ पौष १३ | - | ” | गणतान्त्रिक जिल्ला स्तरीय कविता प्रतियोगिता |
| १४५ | २०६४ माघ १० | - | ” | खेम बानियाँ स्मृति विशेष |
| १४६ | २०६४ फागुन ११ | - | ” | खुल्ला लघु कथा प्रतियोगिता विशेष |
| १४७ | २०६४ चैत्र ९ | - | ” | - |
| १४८ | २०६५ वैशाख १४ | - | ” | - |
| १४९ | २०६५ जेष्ठ १२ | - | गोगने | कविता प्रतियोगिता |
| १५० | २०६५ आषाढ... | - | आफ्नै भवन | - |
| १५१ | २०६५ श्रावण ११ | - | ” | - |
| १५२ | २०६५ भाद्र १४ | - | ” | मोतीजयन्ती विशेष |
| १५३ | २०६५ आश्विन .. | - | ” | - |
| १५४ | २०६५ कात्तिक .. | - | ” | - |
| १५५ | २०६५मङ्सिर १४ | - | ” | - |
| १५६ | २०६५ पौष १२ | - | ” | रमेश विकल स्मृति विशेष |
| १५७ | २०६५ पौष २१ | - | दामन | पर्यटकीय कवि गोष्ठी |
| १५८ | २०६५ माघ ११ | - | सहिद स्मारक हेटौंडा | सहिद विशेष कविता प्रतियोगिता |
| १५९ | २०६५फाल्गुन १० | - | आफ्नै भवन | - |
| १६० | २०६५ चैत्र | - | ” | - |
| १६१ | २०६६ वैशाख १२ | - | ” | - |
| १६२ | २०६६ जेष्ठ ९ | - | ” | लघुकथा विशेष |
| १६३. | २०६६ आषाढ १३ | - | ” | - |

साहित्य सङ्गम मकवानपुरको निशानी बनिसकेको साहित्य सन्ध्या सङ्गमको पहिलो कार्य समितिबाटै आरम्भ भई हालसम्म निरवच्छिन्न रूपमा सञ्चालन भइरहेको उत्कृष्ट गतिविधिमध्येको एक हो । वि.सं. २०४७ भाद्र २ गतेदेखि २०६६ आषाढ १३ सम्म यसले १६३ औँ सन्ध्या सफलताका साथ पार गरिसकेको छ । आरम्भमा स्थानको अभावमा विभिन्न ठाउँहरूमा सन्ध्याहरू सञ्चालन हुँदै आएकोमा हाल हेटौँडा-५, भैरवरोडस्थित आफ्नै निजी भवनमा सञ्चालन भएको पाइन्छ । बालसाहित्य गोष्ठी विशेष, पर्यटकीय कवि विशेष, लघु कथा प्रतियोगिता विशेष, गणतान्त्रिक जिल्ला स्तरीय कविता प्रतियोगिता विशेष, छन्द विशेष कविता गोष्ठी, महाकवि देवकोटा विशेष, नगेन्द्रराज शर्मा र रोचक घिमिरेको आतिथ्य विशेष, कवि भीमप्रसाद दुलालको गिरफ्तारीमा विरोध विशेषजस्ता विशेष सन्ध्याहरू सञ्चालन गरी साहित्य सङ्गम मकवानपुरले मकवानपुरे साहित्यिक पृष्ठभूमिमा अमिट छाप छोड्न सफल भएको छ ।

## ४.३.२ मुखपत्र प्रकाशन

साहित्य सङ्गम मकवानपुरका विभिन्न क्रियाकलापहरूमध्ये मुखपत्र प्रकाशन अर्को उत्कृष्ट कार्य हो । मुखपत्रमा समाहित साहित्यका विभिन्न विधाहरू धेरैथोरै नेपाली साहित्यको विकास तथा समुन्नतिमा तत्पर रहेका देखिन्छन् । मुखपत्र प्रकाशन नियमित र व्यवस्थित हुन नसके पनि हालसम्म यसले आठवटा अङ्क प्रकाशित गरेको देखिन्छ । प्रारम्भमा तीन अङ्कहरू विभिन्न स्वरूपमा ‘क्रमशः’ र त्यसपछिका अङ्कहरू ‘सौरभ’ नामबाट प्रकाशित देखिन्छन् । यिनीहरूको आवश्यक चर्चा-परिचर्चा यसप्रकार क्रमशः गरिएको छ :

### ४.३.२.१ क्रमशः अङ्क-१, वर्ष-१

साहित्य सङ्गम मकवानपुर प्रकाशक भई प्रकाशित पहिलो मुखपत्रको रूपमा २०४९ मा **क्रमशः** सामयिक साहित्यिक सङ्गालो प्रकाशित भएको पाइन्छ । नवराज शर्मा, रामचन्द्र ‘फुर्सती’ र केशव श्रेष्ठ ‘ज्योति’ सम्पादक रहेका यस सँगालोमा सम्पादकीय लेखसहित २२ वटा कविता, १ बालकविता, १ मुक्तक, २ कथा, २ लेख/निबन्ध, १ चिन्हारी,

टुक्राटाक्री र अनुवाद १-१ गरी ३२ वटा रचना भएको ६० पृष्ठको (आवरणसहित) मझ्यौला पुस्तकाकारमा प्रकाशित भएको देखिन्छ । प्रयास स्टेशनरी उद्योग (छापाखाना) द्वारा मुद्रित यस अङ्कको रु. १०/- मूल्य निर्धारण गरिएको र १००० प्रति प्रकाशित भएको बुझिन्छ । स्थानीय स्रष्टाहरूका रचनाहरूको आधिपत्य रहेको यस अङ्कमा श्यामप्रसादको भाषासम्बन्धी निबन्ध, साम्ब ढकाल, आर.आर. चौलागाई, इन्द्रजीत शर्मा, केशव श्रेष्ठ 'ज्योति'लगायत उत्कृष्ट स्रष्टाहरूका विशेषगरी प्रगतिवादी रचनाहरूको बाहुल्य रहेको देखिन्छ ।

### ४.३.२.२ क्रमशः अङ्क-२, वर्ष-२

साहित्य सङ्गम मकवानपुरको प्रकाशकत्वमा २०५० माघ ३० गते दोस्रो मुखपत्रको रूपमा **क्रमशः** दोस्रो अङ्क प्रकाशित भएको पाइन्छ । रामचन्द्र 'फुर्सती', गोविन्द खड्का, केशव श्रेष्ठ 'ज्योति' सम्पादक रहेका यस अङ्कमा सम्पादकीय लेख, सङ्गमको गतिविधि समेटिएको सङ्गम डायरीसहित २१ वटा रचनाहरू समाहित देखिन्छन् । यस अङ्कमा पनि कविता विधाकै प्रधानता रहे पनि खेम बानियाँ, गोविन्द खड्काका कथाहरूका साथै साम्ब ढकाल, आर.आर. चौलागाई, केशव श्रेष्ठ 'ज्योति', तीर्थ सिलवाललगायतका स्रष्टाहरूको रचनाहरू समाहित छन् । पहिलो अङ्कको तुलनामा आकार र आयाम दुवै हिसाबले यो अङ्क सानो देखिन्छ । प्रयास छापाखानाद्वारा मुद्रित आवरण पृष्ठसहित ३६ पृष्ठको यस अङ्कको कुनै मूल्य निर्धारण गरिएको देखिँदैन ।

### ४.३.२.३ क्रमशः वर्ष-३, अङ्क-३

साहित्य सङ्गम मकवानपुर आफू प्रकाशक भई मुखपत्रको रूपमा **क्रमशः** प्रकाशनको शृङ्खलामा २ वर्षको बिरामपछि २०५३ सालमा तेस्रो अङ्क प्रकाशन भएको देखिन्छ । प्रयास छापाखानाबाट मुद्रित यस अङ्कको नवराज शर्मा, आर.आर. चौलागाई, खेम बानियाँको सम्पादक समूहले सम्पादन गरेको देखिन्छ । यो अङ्कमा कविता, गीत, गजल, मुक्तकमा २८ वटा रचनाहरू कथा, लघुकथा र सूत्रकथा १२ वटा लेख, व्यङ्ग्य र एकाङ्की ६ वटा, टिपनटापन, सचिवको प्रतिवेदन र सम्पादकीय लेखसहित ४९ वटा रचनाहरूले

भरिएको पाइन्छ । यस अङ्कमा एकाङ्की विधाले प्रवेश पाएको देखिन्छ भने कविताको पूर्ववत् प्रमुखता देखिन्छ । यस अङ्कमा भीम विराग, भक्तबहादुर श्रेष्ठ, घनश्याम न्यौपाने 'परिश्रमी', यादवप्रसाद शर्मा, रमेश गोर्खालीजस्ता स्रष्टाका रचनाहरू थप समेटिएका छन् भने पूर्ववर्ती स्रष्टाहरूका रचनाहरू पनि पूर्ववत् नै देखिन्छन् । पहिलो र दोस्रो अङ्कको तुलनामा यो अङ्क आकार तथा आयामका हिसाबले मजबुद देखिन्छ भने यस पुस्तकको मूल्य रु.१६/- तोकिएको पाइन्छ ।

### ४.३.२.४ सौरभ वर्ष-८, अङ्क-४

साहित्य सङ्गम मकवानपुरले **क्रमशः** नाममा मुखपत्र प्रकाशित गर्दै आएको ६ वर्षमा **क्रमश**:लाई नयाँ नामकरण गरी **सौरभ** संशोधित नामबाट २०५५ सालमा मुखपत्र प्रकाशित भएको देखिन्छ । नवराज शर्माको सम्पादकत्वमा सम्पादित यस संस्करणमा लेख-निबन्ध-४, कविता/गीत/गजल-१५, एकाङ्की-१, कथा/लघुकथा/सूत्रकथा-६ र सम्पादकीय लेखसहित २६ वटा रचनाहरू समावेश भएका छन् भने यो अङ्क आवरण पृष्ठसहित ५६ पृष्ठमा फैलिएको छ । यस अङ्कमा पनि यादवप्रसाद शर्मा, रमेश गोर्खाली, आर.आर. चौलागाई, खेम बानियाँ, तीर्थदेवी सिलवाल, केशव श्रेष्ठलगायतका रचनाहरू समावेश देखिन्छन् भने रमेशमोहन अधिकारी, इन्द्रजीत शर्मा चौलागाईजस्ता स्रष्टाहरूका रचना पनि प्रकाशित भएका देखिन्छन् । प्रयास छापाखानाद्वारा मुद्रित यस अङ्कको मूल्य रु.१५/- राखिएको पाइन्छ ।

### ४.३.२.५ सौरभ वर्ष-१०, अङ्क-५

साहित्य सङ्गम मकवानपुर प्रकाशक रही पाँचौं मुखपत्र **सौरभ** २०५७ मा प्रकाशित भएको देखिन्छ । न्यु हेटौंडा छापाखानाद्वारा मुद्रित, आर.सी. रिजालको समूहद्वारा सम्पादित यस अङ्कमा कविता-२३, बालकविता-३, छोक-१, समसायिकी-१, कथा, लघुकथा, सूत्रकथा-४, गजल-४, नारी सिर्जना स्तम्भअन्तर्गत ८ वटा रचनाहरू, नाटक र एकाङ्की १-१, नियात्रा-२, व्यङ्ग्य-१, व्यङ्ग्य गीत -१, कृति समीक्षा-१, दिवङ्गत स्रष्टाको रचनाहरू-२,

सङ्गम सचिवको प्रतिवेदन-१ र सम्पादकीय लेख गरी ५५ वटा रचनाहरू सङ्कलन गरी प्रकाशन गरिएको पाइन्छ । पूर्ववर्ती अङ्कहरूभन्दा परिमार्जित, र व्यवस्थित देखिएको यस अङ्कमा केदार लुईटेल, इन्द्रजीत शर्मा चौलागाई, आर.आर. चौलागाई, देवराज खरेल, पद्मराज लामिछाने 'गगन', ऋषि के.बी., उज्ज्वल चौलागाई, निमेष निखिल, घनश्याम न्यौपाने 'परिश्रमी', साम्ब ढकाल, केशव श्रेष्ठ 'ज्योति', आर.सी. रिजाल, रमेशमोहन अधिकारीजस्ता स्थापित तथा उदीयमान स्रष्टाहरूका रचनाहरू समावेश भएको देखिन्छ । आवरण पृष्ठसहित ७० पृष्ठ भएको यस अङ्कको बिक्री मूल्य रु. २५/- देखिन्छ । पुस्तकीय आकारप्रकार, अनुक्रमाणिकाको व्यवस्था, कागजको गुणस्तर, विधागत वैविध्यतालगायतको दृष्टिले यो अङ्क अन्य अङ्कभन्दा स्तरीय देखिन्छ ।

### ४.३.२.६ सौरभ वर्ष-१२, अङ्क-६

साहित्य सङ्गम मकवानपुरको प्रकाशत्वमा प्रकाशित मुखपत्रको छैठौं अङ्क **सौरभ** २०५९ साल माघमा प्रकाशित भएको हो । निमेष निखिलको नेतृत्वको समूहको सम्पादनमा सम्पादित यस अङ्कमा कविता/गीत/गजलअन्तर्गत-४० वटा रचनाहरू, कथा तथा लघुकथा १२वटा, कृति समीक्षा-१, अन्तर्वार्ता-१, सचिवको प्रतिवेदन-१ र सम्पादकीय लेख गरी ६१ वटा रचनाहरू यसमा समाविष्ट रहेका छन् । यो अङ्क खेम बानियाँ, घनश्याम न्यौपाने 'परिश्रमी', तुल्सी थापा, भीम विराग, लोकराज शर्मा, साम्ब ढकाल, श्यामकुमार बानियाँ, यादवप्रसाद शर्मा, आर.आर. चौलागाई, निमेष निखिल, शीतल गिरीलगायत स्थापित तथा उदीयमान स्रष्टाहरूको रचनाहरूले भरिएको छ । आवरण पृष्ठसहित १०४ पृष्ठ आयाम रहेको यस अङ्कको मूल्य व्यक्तिगत रु. २५/- र संस्थागत रु. २००/- सहयोग शुल्क तोकिएको छ । यो अङ्क पूर्व अङ्कको तुलनामा गुणात्मक र स्तरोन्मुख देखिन्छ ।

### ४.३.२.७ सौरभ, वर्ष-१५, अङ्क -७

सामयिक साहित्यिक सङ्गालो तथा साहित्य सङ्गम मकवानपुरको मुखपत्रको रूपमा प्रकाशित हुने **सौरभ**को सातौँ अङ्क २०६२ साल वैशाखमा प्रकाशित भएको देखिन्छ ।

रामशरण पुडासैनीको संयोजकत्वमा प्रकाशित यस अङ्कमा साहित्य सङ्गम मकवानपुरसँग सम्बद्ध विभिन्न तहका पचास जना विभिन्न महानुभावहरूको दृष्टिमा साहित्य सङ्गम मकवानपुरको वैयक्तिक परिचयात्मक तथा विश्लेषणात्मक रचनाविशेष अङ्कको रूपमा प्रकाशित देखिन्छ । यसबाहेक यस अङ्कमा सम्पादकीय लेख, सचिवको प्रतिवेदनलगायतका रचनाहरू पनि समाविष्ट छन् । आवरण पृष्ठसहित १६८ पृष्ठ भएको यस अङ्कको वैयक्तिक मूल्य रु. ५०/- का साथै संस्थागत मूल्य रु. २००/- तोकिएको यो अङ्क पूर्व अङ्कहरूको तुलनामा उत्कृष्ट देखिन्छ ।

### ४.३.२.८ सौरभ, वर्ष-१६, अङ्क-८

२०४९ सालबाट नियमित मुखपत्र प्रकाशन गर्दै आएको यस साहित्य सङ्गम मकवानपुरले आफ्नो आठौँ अङ्क **सौरभ** गोविन्द खड्का विशेष अङ्कको रूपमा २०६३ सालमा प्रकाशित भएको देखिन्छ । निमेष निखिलको सम्पादनमा सम्पादित यस अङ्कमा गोविन्द खड्काका रचनाहरूमध्ये कथा-४ र कविता-२३, गोविन्द खड्कासम्बन्धी लेखरचनाहरू-५, सङ्गमद्वारा पुरस्कृत रचनाहरू-४, सचिवको प्रतिवेदन, आयव्यय विवरण, सम्पादकीय लेख समाविष्ट रहेका छन् । आवरण पृष्ठसहित ६६ पृष्ठ रहेको यस अङ्कको मूल्य रू.२५/- तोकिएको पाइन्छ । यो अङ्क पूर्व अङ्कझैँ विशेष अङ्कको रूपमा प्रकाशित रहेको देखिन्छ ।

निष्कर्षमा साहित्य सङ्गम मकवानपुरको २०४९ सालदेखिको मुखपत्र प्रकाशन गर्ने शृङ्खला आठौँ अङ्कसम्म आइपुग्दा पर्याप्त गुणात्मक उन्नति हासिल गरेको पाइन्छ । प्रारम्भिक अङ्कहरूका स्रष्टाहरू निखारिएको र पारङ्गत हुन नसकेको प्रतीति हुने देखिए पनि शृङ्खलाको उत्तरार्द्धका रचनाहरू परिष्कृत र स्तरोन्मुख देखिन्छन् । आरम्भका तीन अङ्क **अक्षर** र बाँकी पाँच अङ्क **सौरभ** नामबाट प्रकाशित मुखपत्रहरूमध्ये सातौँ अङ्क साहित्य सङ्गम विशेष र आठौँ स्व. गोविन्द खड्का विशेष अङ्कको रूपमा प्रकाशित देखिन्छन् । यी अङ्कहरूमा कविता विधाहरूले झन्डै एकाधिकार नै जमाएको देखिन्छ भने त्यसपछि कथा/लघुकथा विधाको स्थान देखिन्छ । क्रमश: बहुविधोन्मुख भएको यस सङ्गमका

पछिल्ला मुखपत्रहरूमा समालोचना, यात्रा, संस्मरणजस्ता विधागत विविधता भएका रचनाहरू तथा शालीन, सौम्य र परिष्कृत रचनाहरू प्रकाशित देखिन्छन् ।

## ४.४ पुरस्कार तथा मानसम्मान स्थापना र वितरण

साहित्य सङ्गम मकवानपुरको अर्को महत्त्वपूर्ण पाटो यसले स्थापना गरेका विभिन्न पुरस्कार र सम्मानको भूमिकाले पनि नेपाली साहित्यको विकासमा प्रभाव पारेको देखिन्छ । यस साहित्य सङ्गम मकवानपुरले 'मकवानपुर प्रतिभा पुरस्कार', 'शेषजङ्ग स्मृति कथा पुरस्कार', 'णकुमारी स्मृति साहित्य पुरस्कार', 'पारिजात स्मृति सम्मान' जस्ता पुरस्कार तथा सम्मानका संरक्षण, संयोजन तथा वितरण गर्ने गरेको देखिन्छ । मकवानपुर जिल्लाका भाषाकला, संस्कृति, साहित्य आदि विभिन्न विधा र क्षेत्रका सेवीहरू तथा साहित्यकारहरूलाई यस प्रकारका पुरस्कार तथा सम्मान वितरण गरी नेपाली संस्कृति तथा वाङ्मयको संवर्द्धनमा यस सङ्गमले दरिलो सहयोग पुऱ्याएको देखिन्छ । यी पुरस्कार तथा सम्मानहरूको थप खोलुवा यसरी गरिएको छ :

### ४.४.१ मकवानपुर प्रतिभा पुरस्कार (२०५५)

वि.सं. २०५५ मा जिल्ला विकास समिति मकवानपुरद्वारा साहित्य सङ्गम मकवानपुरको नाममा रु. १,००,०००/- (एक लाख)को अक्षयकोष स्थापना गरी यसबाट प्राप्त ब्याजबाट वर्षेनि मकवानपुरे कला, साहित्य तथा संस्कृतिको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने एकजना स्रष्टालाई रु. ५,००१/- नगद र प्रमाणपत्रसहितको 'मकवानपुर प्रतिभा पुरस्कार' वितरण गर्ने गरी स्थापना गरिएको पाइन्छ । हालसम्म यो पुरस्कार प्राप्त गर्ने स्रस्टाहरू यसप्रकार छन् : [१८]

**तालिका सङ्ख्या : ४**

**मकवानपुर प्रतिभा पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण**

| क्र.सं. | स्रष्टा | ठेगाना | कृति | मिति |
|---|---|---|---|---|
| १. | श्री भीमप्रसाद दुलाल | फापरबारी | सडक कविता | वि.सं. २०५६ |

१८. साहित्य सङ्गम मकवानपुरको अभिलेखअनुसार ।

| | | | | |
|---|---|---|---|---|
| २. | श्री लाल श्रेष्ठ | हेटौँडा | गीतसङ्गीत | वि.सं. २०५७ |
| ३. | श्री साम्ब ढकाल | हेटौँडा | कविता,गजल, कथा | वि.सं. २०५८ |
| ४. | श्री ऋषि के.बी. | हेटौँडा | ललितकला | वि.सं. २०५९ |
| ५. | श्री तुलाराम थापा | हेटौँडा -५ | गीत | वि.सं. २०६० |
| ६. | श्री गौरव के.सी. | हेटौँडा -५ | गीत/सङ्गीत | वि.सं. २०६१ |
| ७. | श्री हयग्रीव आचार्य | हेटौँडा -५ | साहित्य | वि.सं. २०६२ |
| ८. | श्री रमेशमोहन अधिकारी | हेटौँडा -२ | साहित्य | वि.सं. २०६३ |
| ९. | श्री बाबुलाल वाइबा | छतिवन -४ | वास्तुकला/मूर्ति | वि.सं. २०६४ |

## ४.४.२ शेषजङ्ग स्मृति कथा पुरस्कार (२०५२)

शिक्षाविद् तथा समाजसेवी डेण्टीजङ्ग शाहद्वारा वि.सं. २०५२ मा आफ्ना दिवङ्गत सुपुत्र शेषजङ्ग शाहको स्मृतिमा स्थापित रु. ११,०००/- को अक्षयकोष खडा गरी प्राप्त ब्याजबाट वर्षेनि मकवानपुर जिल्लाभित्रका माध्यमिक विद्यालयहरूमा कक्षा ९ र १० मा अध्ययनरत छात्रछात्राहरूबीच कथात्मक प्रतिष्पर्धा गराई उत्कृष्ट एक कथाकारलाई रु. १०००/- नगद र प्रमाणपत्रसहित प्रदान गर्ने गरी 'शेषजङ्ग स्मृति कथा पुरस्कार' स्थापना गरिएको देखिन्छ । हालसम्म यस पुरस्कारबाट पुरस्कृत नवोदित कथाकारहरू यसप्रकार छन् :[१९]

**तालिका सङ्ख्या : ५**

**शेषजङ्ग स्मृति कथा पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण**

| क्र.सं. | नाम | विद्यालयको नाम | मिति |
|---|---|---|---|
| १. | दीपक खड्का | श्री आधुनिक राष्ट्रिय मा.वि. ,हेटौँडा | २०५३ |
| २. | ग्रीष्मा सापकोटा | श्री त्रिभुवन मा.वि., नवलपुर | २०५४ |
| ३. | शान्ता लामा | श्री प्रगति मा.वि., पशुपतिनगर | २०५५ |

१९. साहित्य सङ्गम मकवानपुरको अभिलेखअनुसार ।

| | | | |
|---|---|---|---|
| ४. | रञ्जित राई | श्री वंशगोपाल मा.वि., चौघडा | २०५६ |
| ५. | दामोदर ढकाल | श्री नवोदय शिशु सदन, हेटौँडा | २०५७ |
| ६. | सुवास खनाल | श्री महेन्द्र मा.वि., छतिवन | २०५८ |
| ७. | मीनप्रसाद सञ्जेल | श्री महेन्द्र मा.वि., छतिवन | २०५९ |
| ८. | हेमबहादुर समाल | श्री प्रगति मा.वि., पशुपतिनगर | २०६० |
| ९. | रूपेश चौहान | श्री उज्ज्वल शिशु निकेतन, हेटौँडा | २०६१ |
| १०. | रोशन अधिकारी | श्री सिद्धार्थ शिशु सदन, हेटौँडा | २०६२ |
| ११. | अमृत ढकाल | श्री नवोदय शिशु सदन, हेटौँडा | २०६३ |

### ४.४.३ णकुमारी स्मृति साहित्य पुरस्कार ( २०५८)

हेटौँडाका वरिष्ठ साहित्यकार आर.सी. रिजालद्वारा आफ्ना दिवङ्गत माता णकुमारी रिजालको स्मृतिमा वि.सं. २०५८ मा पुरस्कार राशि रु. १,००१/- र प्रमाणपत्र प्रदान गर्ने गरी 'णकुमारी स्मृति साहित्य पुरस्कार'को स्थापना गरी मकवानपुर जिल्लाभरिका कक्षा ८, ९ र १० मा अध्ययनरत छात्राहरूबीच कुनै एक विधामा प्रतियोगिता गराई पुरस्कृत गरिने उक्त पुरस्कार हालसम्म निम्नलिखित नवोदित स्रष्टाहरूले पाएको देखिन्छ :[२०]

**तालिका सङ्ख्या : ६**

**णकुमारी स्मृति साहित्य पुरस्कार प्राप्त गर्ने स्रष्टाहरूको विवरण**

| क्र.सं. | नाम | विद्यालयको नाम | मिति |
|---|---|---|---|
| १. | रश्मी बज्राचार्य | श्री बालज्योति माध्यामिक विद्यालय, हेटौँडा | २०५९ |
| २. | अनिता भण्डारी | श्री भुटनदेवी माध्यामिक विद्यालय, हेटौँडा | २०६० |
| ३. | कल्पना विश्वकर्म | श्री महेन्द्र मा.वि. ,छतिवन | २०६१ |

२०. साहित्य सङ्गम मकवानपुरको अभिलेखअनुसार ।

| | | | |
|---|---|---|---|
| ४. | सरस्वती ढकाल | श्री जनप्रिय मा.वि., हटिया | २०६२ |
| ५. | रमा विष्ट | श्री व्यास नि.मा.वि. ,गोगने | २०६३ |
| ६. | सोनी झा | श्री सिद्धार्थ शिशु सदन, हेटौँडा | २०६४ |

## ४.४.४ पारिजात स्मृति सम्मान (२०५९)

आदर्श टोल विकास संस्था, हेटौँडा-१०, हेटौँडा बसपार्कमा साहित्यकार पारिजातको अर्धकदको प्रतिमा स्थापना गरी उक्त उद्यानको 'पारिजात उद्यान' नामकरण गरेको बुझिन्छ । यस टोल विकास संस्था र साहित्य सङ्गम मकवानपुरबीच एक सम्झौता गरी टोलविकास संस्थाले एक अक्षयकोष स्थापना गरेर उक्त कोषबाट प्राप्त हुने ब्याजबाट हरेक दुईदुई वर्षमा रु. १०,००१/- नगद र सम्मानपत्रसहित 'पारिजात स्मृति सम्मान' समर्पण गर्ने निर्णय गरिएको बुझिन्छ । हालसम्म यस सम्मानबाट सम्मानित हुने महानुभावहरू यस प्रकार रहेका छन् :[२१]

**तालिका सङ्ख्या : ७**

**पारिजात स्मृति सम्मानबाट सम्मनित स्रष्टाहरूको विवरण**

| क्र.सं. | नाम | ठेगाना | मिति |
|---|---|---|---|
| १. | सुकन्य वाइबा | म्हैपी, काठमाडौं | २०५९/२०६० |
| २. | रामेश श्रेष्ठ | भुरुङ्खेल, काठमाडौं | २०६१/२०६२ |
| ३. | पारिजात स्मृति प्रतिष्ठान | काठमाडौं | २०६३/२०६४ |

## ४.५ स्रष्टा सम्मान

साहित्य सङ्गम मकवानपुरले आफ्नो स्थापनाकालदेखि नै नियमित साहित्य सन्ध्याको अवसरमा राष्ट्रकै अमूल्य निधिका रूपमा रहेका स्रष्टाहरूको सम्मान गर्ने परम्परालाई शुरू गरी हालसम्म निरन्तरता दिँदै आएको पाइन्छ । साहित्यकारहरू राष्ट्रकै

२१. साहित्य सङ्गम मकवानपुरको अभिलेखअनुसार ।

सम्पत्ति हुन् भन्ने भावनाबाट प्रेरित भएर हालसम्म सङ्गमले सम्मानित गरेका साहित्यकार तथा सम्मानित मिति निम्नानुसार रहेको छ :[२२]

**तालिका सङ्ख्या : ८**

**साहित्य सङ्गम मकवानपुरबाट सम्मानित साहित्यकारको विवरण**

| क्र.सं. | स्रष्टाको नाम | सन्ध्या | मिति |
|---|---|---|---|
| १. | डा. केशवप्रसाद उपाध्याय | २६ औँ | २०५० माघ १६ |
| २. | रमेश खकुरेल | ५७ औँ | २०५७ चैत्र २५ |
| ३. | नगेन्द्रराज शर्मा | ६६ औँ | २०५८ श्रावण १३ |
| ४. | प्रा. मोहनराज शर्मा | ७२ औँ | २०५८ माघ २० |
| ५. | डा. ध्रुवचन्द्र गौतम | ७३ औँ | २०५८फाल्गुण १८ |
| ६. | डा. घनश्याम न्यौपाने 'परिश्रमी' | ८२ औँ | २०५९ कार्तिक ९ |
| ७. | श्री कालीप्रसाद रिजाल | ८४ औँ | २०५९ पौष १३ |
| ८. | रोचक घिमिरे | ८९ औँ | २०६० जेष्ठ १० |
| ९. | डा. विमल कोइराला | ९० औँ | २०६० आषाढ १४ |
| १०. | श्री भीम विराग | १०० औँ | २०६१ जेष्ठ ९ |
| ११. | ? | ? | ? |
| १२. | श्री श्रवण मुकारूङ | १३३ औँ | २०६३ माघ १८ |

## ४.६ साहित्य सङ्गम मकवानपुरमा आबद्ध प्रमुख स्रष्टाहरू

साहित्य सङ्गम मकवानपुरको दुई दशकभन्दा लामो यात्रामा थुप्रै स्रष्टाहरू यसमा आबद्ध भएका पाइन्छन् । यस क्रममा नेपाली साहित्यमा सामान्य कलम चलाउनेदेखि लिएर राष्ट्रिय स्तरमा कलम चलाउने स्रष्टाहरू यसमा आबद्ध भएका छन् । विधात्मक रूपमा कविता विधा सशक्त बनाउन यहाँका कविकवयित्रीहरूको योगदान सराहनीय देखिन्छ

२२. साहित्य सङ्गम मकवानपुरको अभिलेखअनुसार ।

भने गीत, गजल, कथा, उपन्यास, समालोचना, यात्रा, संस्मरण आदि विधामा पनि सबल नै देखिएको छ । यसरी साहित्य सङ्गम मकवानपुरमा आबद्ध भई कलम चलाउने स्रष्टाहरूमध्ये केही सक्रिय स्रष्टाहरूको वर्णानुक्रमअनुसार सामान्य चिनारी यसप्रकार रहेका छन् :

## ४.६.१ आर.आर. चौलागाई

रेवतीराम चौलागाई वास्तविक नाम रहेका आर.आर. चौलागाई (२०१८ चैत्र १८) बाह्र वर्षको उमेरदेखि नै नेपाली साहित्यमा प्रवेश गरेको बुझिन्छ । चौलागाईको **सामन्तीलाई चिठ्ठी** (२०३७) कवितासङ्ग्रहदेखि **विघटनको तयारीमा** (२०६५) लघुकथासङ्ग्रह सम्म १० वटा कृतिहरू प्रकाशित गराई झण्डै एक दर्जन जति राष्ट्रिय एवम् अन्य पुरस्कारहरूद्वारा विभूषित छन् । विभिन्न पत्रपत्रिकाको सम्पादनसमेत गरेका चौलागाईको मुख्य साहितियक विधा कविता, लघुकथा र निबन्ध रहेका छन् । प्रगतिशील साहित्य लेखनमा क्रियाशील चौलागाई 'प्रगतिशील लेखक सङ्घ' नेपालका केन्द्रीय सदस्य, साहित्य सङ्गम मकवानपुरका अध्यक्षलगायत जिल्लाका विभिन्न साहित्यिक सङ्घसंस्थाहरूमा संलग्न रही मकवानपुरे साहित्य एवम् सिङ्गो राष्ट्रकै साहित्यिक उन्नतिमा अहोरात्र जुटेका सशक्त कलमकर्मी हुन् ।

## ४.६.२ आर. सी. रिजाल

आर.सी. रिजाल (२००९) तनमनधनले मकवानपुरे भाषा र साहित्यप्रति समर्पित नाम हो । मकवानपुरे साहित्यको पर्याय प्राय: बनिसकेका रिजालले साहित्यिक संस्थाको उन्नयनको लागि आफ्नै आँगन काटेर चार धुर जग्गा प्रदान गर्नु, स्वर्गीय मुमाको स्मृतिमा 'णकुमारी स्मृति साहित्य पुरस्कार'को स्थापना गर्नु, **अक्षर** साहित्यिक त्रैमासिक प्रकाशन गर्नु उनका विशिष्ट पहिचान हुन् । विकृति, विसङ्गति, अन्यायअत्याचारबाट कलुषित समाजलाई आफ्ना हास्यव्यङ्ग्यमार्फत नाङ्गेझार पार्दै आएका रिजालको साहित्यिक यात्रा भने २०३१/३२ सालतिरबाट आरम्भ भएको बुझिन्छ । रिजालका हालसम्म **खरानी भित्रको आगो** लघु उपन्यास, **कुकुरको पुच्छर**, **कण्ठलँगौटी** र **हाकिमको खप्पर** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह

गरी चार कृति प्रकाशित छन् भने विभिन्न पत्रपत्रिकामा प्रशस्तै लेखरचना तथा प्रशस्तै अन्तर्वार्ता प्रकाशित भएको पाइन्छ । रिजाल सामान्य नेपालको सरकारी कर्मचारीबाहेक उपन्यासकार, हास्यव्यङ्ग्य निबन्धकार, कवि, अनुवादक, लघुकथाकार, प्रकाशक तथा सम्पादक, स्तम्भकार, व्यवस्थापक, कुशल सङ्गठक र नेतृत्वकर्ता पनि हुन् । विभिन्न राष्ट्रिय प्रतियोगिताहरू हात पारिसकेका रिजाल मकवानपुरे साहित्यका जाज्वल्यमान स्रष्टा हुन् ।

### ४.६.३ इन्द्रजीत शर्मा चौलागाई

वि.सं. २०१९ मा जन्मिएका इन्द्रजीत शर्मा चौलागाई मकवानपुरे साहित्यका एक उदीयमान हस्ताक्षर हुन् । मूलत: कविता र गजल लेख्ने चौलागाई प्रगतिवादी स्रष्टा हुन् । आफ्ना रचनामार्फत समाजका शोषक र सामन्तवर्गप्रति तीव्र आक्रोश र घृणा व्यक्त गर्ने चौलागाईका पुस्तकाकारमा कुनै कृति प्रकाशित नभए पनि उनका रचनाहरू विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् ।

### ४.६.४ ऋषि के.बी.

वि.सं. २०३५ पौष १६ गते हेटौँडामा जन्मिएका ऋषि के.बी. मकवानपुर जिल्लाका दोस्रो पुस्ताका उदीयमान स्रष्टा हुन् । २०५२ जेष्ठ २१ गतेको *साहित्यिक कोसेली*मा **शुभकामना** शीर्षकको कविता प्रकाशन गरी साहित्यिक यात्रा शुरू गरेका के.बी. को **अन्तर्मनले भन्छ** (२०५३), **उद्गार** (२०५५) कवितासङ्ग्रह र **सिमात बकैया** (२०५७) कथासङ्ग्रह प्रकाशित छन् । प्रणयन साहित्यिक परिवार, साहित्य सङ्गम मकवानपुर, राष्ट्र उत्थान साहित्य मञ्च(चितवन)सँग अनुबन्धित के.बी. **प्रणयन** साहित्यिक त्रैमासिक र **प्रबन्ध** स्मारिकाका सम्पादक पनि हुन् । कविता, गीत, कथा, समीक्षा, लघुकथा आदि विधामा कलम चलाएका के.बी. जिल्ला स्तरीय विभिन्न पुरस्कारहरूद्वारा सम्मानित भएका छन् ।

### ४.६.५ केशव श्रेष्ठ 'ज्योति'

केशव श्रेष्ठ 'ज्योति' (वि.सं.२०२३) मकवानपुर जिल्लाको साहित्यका प्रेरणास्तम्भ नै हुन् । समकालीन स्रष्टाहरूलाई साहित्यिक लेखरचनामा उत्प्रेरणा प्रदान गर्ने श्रेष्ठ वादमुक्त र मानवीय परिपाटीको परिपोषक एवम् स्वतन्त्र लेखक हुन् । उपन्यास र कवितामा विशेष रुचि रहेको श्रेष्ठका **मालती** (२०४३) कविता सङ्ग्रह, **जुनी बित्ला र** ! (२०४५) उपन्यास र कविता सङग्रह तथा **बन्धन भित्रका अभिव्यक्तिहरू** (२०४६) आदि गरी सातवटा कृतिहरू प्रकाशित छन् । *निमोठिन्छन् कोपिलाहरू* २०३६ सालबाट साहित्यिक यात्रा आरम्भ गरेका श्रेष्ठ साहित्य सङ्गम मकवानपुर, शृङ्खला नाट्य समूह-मकवानपुर, राष्ट्रिय जनसाँस्कृतिक मञ्च-मकवानपुर आदि सङ्घसंस्थाहरूसँग अनुबन्धित देखिन्छ भने 'मकवानपुर प्रतिभा पुरस्कार' लगायतका विभिन्न पुरस्कारद्वारा सम्मानित व्यक्तित्व पनि हुन् ।

### ४.६.६. खेम बानियाँ

खेम बानियाँ (२०२५-२०५४) कथा, कविता, गीत, गजलजस्ता विधाहरूमा कलम चलाएका भए पनि मकवानपुर जिल्लामा सूत्रकथाको सूत्रधारको रूपमा प्रसिद्धि कमाएका व्यक्तित्व हुन् । विभिन्न स्थानीय पत्रपत्रिकाहरूमा रचना प्रकाशित गरेका बानियाँको अल्पसमयमै दुर्घटना परी मृत्यु भएको छ । छोटो कथात्मक बान्की, थोरैमा धेरै भन्न सकिने, व्यङ्ग्य प्रधान सूत्रकथा एवम् लघुकथा क्रमशः **प्रयास**, **दीपशिखा**जस्ता पत्रिकामाप्रकाशित भएका छन् । वर्तमान विकृति तथा विसङ्गतिको बिरोधी तथा यथास्थितिवादका विपक्षी हुनु उनको मुख्य साहित्यिक विशेषता हुन् ।

### ४.६.७. गोविन्द खड्का

गोविन्द खड्का (वि.सं.२०२०-२०५६) मकवानपुरे साहित्यका अविस्मरणीय हस्ती हुन् । प्रगतिशील धाराका खड्का मूलतः कवि र कथाकार हुन् । खड्काका मझौला र छोटा कविताहरूको विभिन्न एघारवटा कविताहरू **बन्धनभित्रका अभिव्यक्तिहरू** सङ्ग्रहमा सङ्गृहित छन् । यसबाहेक उनका विभिन्न लेख रचनाहरू पत्रपत्रिकामा प्रकाशित छन् भने

साहित्य सङ्गम मकवानपुरले उनैका स्मृतिमा विशेष अङ्क **सौरभ** (आठौँ अङ्क-२०६३) प्रकाशित गरेको पाइन्छ । अल्पायुमा निधन भएर ठूलो क्षति बेहोर्नु परेका खड्काका पुस्तकका रूपमा एक मात्र निशानी **बन्धनभित्रका अभिव्यक्तिहरू** हुन् ।

## ४.६.८. तीर्थदेवी सिलवाल

तीर्थदेवी सिलवाल(वि.सं.२००५) मकवानपुरे प्रगतिवादी साहित्यका क्षेत्रमा सम्मानित नाम हो । मकवानपुरे साहित्यमा नारीहस्ताक्षरको अगुवा बनेकी सिलवाल देशीय राजनीति, सामाजिक विकृति, नारीजागरणका स्वर तथा नारी सत्ताको स्थापनार्थ तीखो कलम चलाउने स्रष्टा हुन् । लामो समयदेखि मकवानपुरे साहित्यमा तल्लीन सिलवालका **आदिम यात्रा** (२०५१) र **खोज्दै जाँदा तिमीलाई** (२०५३) कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ । यसबाहेक उनका पर्याप्त रचनाहरू स्थानीय पत्रपत्रिकामा छरिएका पाइन्छन् ।

## ४.६.९. तुल्सी थापा

तुल्सी थापा (वि.सं.२००२) मकवानपुरे साहित्यका एक सशक्त हस्ताक्षर हुन् । विशेषगरी कविता, नाटक, लघुकथामा कलम चलाएका थापाका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका देखिन्छन् । अन्यन्तै थोरैमा धेरै भन्न सक्ने सामर्थ्यका कारण कवितामा उनको विशेष सिद्धहस्तता रहेको देखिन्छ । उनका **एक निमेष अनन्तको** कविता सङ्ग्रह **अमर सिंहको खोजीमा अमरसिंह** नाटक आदि कृतिहरू प्रकाशित छन् भने थापा विभिन्न पुरस्कारबाट पुरस्कृत छन् ।

## ४.६.१०. नवराज शर्मा

नेपाली साहित्यका कथा, कविता, समीक्षा, लेख निबन्ध विधाहरूमा परिचित अनि अभ्यस्त नाम नवराज शर्मा (२००९) हो । साहित्य सङ्गम मकवानपुरसँग सम्बद्ध तथा **क्रमशः**, **प्रयास**जस्ता साहित्यिक पत्रिकाका सम्पादक बनिसकेका शर्माको साहित्यिक यात्रा वि.सं. २०२४ देखि नै आरम्भ भएको देखिन्छ । विभिन्न विधाहरूमा कलम चलाएका शर्मा क्रमशः कविता, निबन्ध र कथा विधामा बढी सफल देखिन्छन् ।

### ४.६.११. निमेष निखिल

वि.सं. २०३२ मा सिन्धुली जिल्लामा जन्मिएका निमेष निखिलको वास्तविक नाम खिलप्रसाद बराल हो ।उनी डेढ दशक यताबाट मकवानपुरे साहित्यमा सुपरिचित नाम एवम् आशास्तम्भकारूपमा रहेका छन् । मकवानपुरे कविता, कथा, गीतगजल, समालोचनाजस्ता विधा-उपविधामा नेतृत्वदायी हैसियतमा पुगिसकेका निखिल विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेका छन् भने उनी पेशाले एक कुशल प्राध्यापक हुन् । विभिन्न पत्रपत्रिकाका सम्पादक, स्तम्भकार निखिलका साहित्यिक लेखरचनाहरू विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा छरिएर रहेका छन् । **मनहरूको परिसर** (२०६४) कविता सङ्ग्रह प्रकाशित गरिसकेका निखिललाई गुणात्मक हिसाबले मकवानपुरे साहित्यका अब्बल दर्जाका स्रष्टाको रूपमा लिन सकिन्छ । निखिल यही कविता सङ्ग्रहका लागि साहित्य सङ्गम चितवनबाट 'लक्ष्मीदेवी हस्तकुमारी पन्त स्मृति पुरस्कार'(२०६५) बाट सम्मानित छन् ।

### ४.६.१२. बबी थापा

मकवानपुर साहित्यका आशालाग्दा नामहरूमध्येको बबी थापा (वि.सं. २०३३) पनि एक हुन् । विभिन्न विधाहरूमा कलम चलाउने थापाले गजल अनि कवितालाई बढी महत्त्व दिएको पाइन्छ । उनका प्रशस्त फुटकर रचनाहरू स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । वादनिरपेक्ष रहेर लेख्ने थापाका कविताहरू युद्धविभीषिका, नरसंहार, यान्त्रिकताको विरोध तथा गजलहरू मायाप्रेमका प्रसङ्गहरूसँग सम्बन्धित हुन्छन् । उनको गजल सङ्ग्रहको रूपमा **बिथोलिएको मन**(२०६१) प्रकाशित छन् भने २०६० को **भानुमोती पुरस्कार**लगायत थुप्रै प्रतियोगिताहरूमा पुरस्कृत भएका छन् ।

### ४.६.१३. भीम विराग

वास्तविक नाम भीमबहादुर महर्जन रहेको भीम विरागको जन्म वि.सं. १९९१ मा वीरगञ्जको माईस्थानमा भएको हो । २०१५ सालदेखि साहित्यिक साधनामा तल्लीन विराग साहित्य, सङ्गीत र पत्रकारिताको जीउँदा दस्तावेज हुन् । औपचारिक शिक्षा आई.ए.सम्म

मात्र भए पनि उनको ज्ञानको क्षितिज निकै फराकिलो देखिन्छ । नेपाली साहित्यको कविता, गजल, गीत, सङ्गीत, लेख, कथाजस्ता विधामा कलम चलाउँदै आएको विराग *नारायणी साप्ताहिक*का सम्पादक, 'मकवानपुर साहित्य परिषद्'का संस्थापक सदस्य हुन् भने पछि अध्यक्षसमेत भई नेपाली साहित्यको संस्थागत विकासमा गहकिलो योगदान दिएको पाइन्छ । उनका हालसम्म **दु:खेका इन्द्रेणी** (२०२५) र **अतृप्त स्पर्श** (२०४३), गीत सङ्ग्रह **तातो सुस्केरा** (२०३२), **भीम विरागका कविता**'(२०५४) कविता सङ्ग्रह, **आठटुक्रे बादल** (२०२९), कथासङ्ग्रह **अज्ञात प्रारम्भ** (२०५६) खण्डकाव्य, **भीमविरागका गीत-गजल** गीत/गजल सङ्ग्रह, **स्वरसम्राटको सम्झना** (२०५७) संस्मरण र **मोहभङ्ग** (गीता महाकाव्य) २०५९, महाकाव्य गरी ९ वटा कृतिहरू प्रकाशित छन् । उहाँ 'छिन्नलता गीत पुरस्कार'(२०४३), 'नारायणी वाङ्मय पुरस्कार'(२०५५), 'लेखनाथ राष्ट्रिय प्रतिभा पुरस्कार', 'गोरखा दक्षिणबाहु चौंथो' (२०२७), 'गद्दीआरोहण रजत महोत्सव पदक' (२०५३) लगायत झन्डै तीन दर्जन मान तथा पदवीबाट सम्मानित तथा अभिनन्दित भएका छन् ।

### ४.६.१४. रामचन्द्र आचार्य 'फुर्सती'

मकवानपुरे साहित्यमा रामचन्द्र आचार्य 'फुर्सती' (वि.सं.२००५) एक सम्मानित र सुपरिचित नाम हो । मकवानपुर जिल्लाको साहित्यिक खोज अन्वेषणदेखि कविताकाव्य, गीत, समालोचना र हास्यव्यङ्ग्य क्षेत्रमा 'फुर्सती'को महत्त्वपूर्ण योगदान रहेको छ । **स्याल आरती** पहिलो प्रकाशित हास्यव्यङ्ग्य कविता रहेको फुर्सतीको हालसम्म **तीन खोले दोभान**(२०३४) र **फेरि पनि कुर्णेश** विविध हास्यव्यङ्ग्य सङ्ग्रह (२०३९) कृतिहरू प्रकाशित छन् । यी कृतिहरूका अतिरिक्त फुर्सतीका विभिन्न फुटकर रचनाहरू विभिन्न स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् ।

### ४.६.१५. श्यामकुमार बानियाँ

श्यामकुमार बानियाँ (२०३८) लाई मकवानपुर जिल्लाको साहित्यमा मात्र होइन राष्ट्रिय रूपमै उदीयमान स्रष्टाको रूपमा लिन सकिन्छ । **आव्हान** (२०५४) शीर्षकको

कविताबाट औपचारिक साहित्यिक यात्रा आरम्भ गरेका बानियाँका उल्लेख्य रचनाहरू स्थानीय पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् । कविता, समीक्षा, लेख, कथा आदि विधामा कलम चलाएका बानियाँको कविता विधा रुचिको क्षेत्र हो । बानियाँका **प्रतीक्षा** खण्डकाव्य (२०५७), **अतृप्त खण्डहर** (संयुक्त कवितासङ्ग्रह-२०६३), **अतीतका आँगनीमा** (स्मृतिकाव्य-२०६३) कृतिहरू प्रकाशित छन् भने नारायणी वाङ्मय पुरस्कारलगायत थुप्रै पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् ।

### ४.६.१६. साम्ब ढकाल

साम्ब ढकाल (वि.सं. २०२४) साहित्यिक उर्वरभूमि मकवानपुरका राष्ट्रिय पहिचान अनि निशानी हुन् । सौम्य, शालीन बौद्धिक व्यक्तित्वका धनी ढकालका रचनाहरूमा व्यक्तित्वका प्रभावहरू स्पष्टै देख्न सकिन्छ । साहित्यलाई वादनिरपेक्ष राख्नुपर्ने, साहित्यले समग्रता र व्यापकतालाई अँगाल्नु पर्नेजस्ता कालजयी मान्यता राख्ने ढकालका मुख्य रचनाक्षेत्र कविता, गजल, मुक्तक हो । मान्छे, समाज र राष्ट्रको समुन्नतिको लागि विकृति, विसङ्गति र मानवीय विकृत पक्षबाट मर्माहत मानव हृदयलाई मल्हमपट्टी लगाउने खालको थोरै तर शिष्ट र शालीन रचनाहरू ढकालका साहित्यिक विशेषता हुन् । तुलनात्मक रूपमा क्लिष्ट भाषा प्रयोग गर्ने ढकालका बौद्धिकताभित्र हार्दिकता निर्दोष सावितिका आधार हुन् । उनका ४६ वटा कविताहरूको सङ्ग्रह **मान्छेहरू अजङको यात्रामा** (२०५७) प्रकाशित छ भने अन्यान्य रचनाहरू स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित छन् । पूर्वार्द्धदेखि नै आफ्नो मौलिक प्रभाव कायम गर्दै आएका ढकाल मोफसलका राष्ट्रिय चरित्र हुन् ।

### ४.६.१७. हयग्रीव आचार्य

हयग्रीव आचार्य(२०२२) मकवानपुर जिल्लाका मात्रै नभई राष्ट्रिय चिरपरिचित एवम् सक्रिय साहित्यकार हुन् । हरिद्वारबाट विद्यार्थीकालदेखि नै साहित्यिक यात्रारम्भ गरेका आचार्यका *राष्ट्रपुकार, उम्लेको आँसु* लगायतका रचनाहरू भारतीय भूमिबाट प्रकाशित रचना हुन् भने नेपाल आगमनपश्चात् हेटौँडालाई साधनाको केन्द्रभूमि बनाई साहित्यिक

उन्नयनमा लागिपरेका सशक्त हस्ताक्षर हुन् । शिक्षक, समाजसेवी, सम्पादक तथा विभिन्न सङ्घसंस्थाहरूसँग आबद्धता हेर्दा आचार्यको व्यक्तित्व बहुआयामिक देखिन्छ । उनकै सक्रियतामा 'मातृभूमि समाज' मकवानपुर सञ्चालन भएको पाइन्छ । उनको २०३६ देखि २०५५ सम्मका कविताहरू समेटिएको **खुकुरी र मान्छे** कवितासङ्ग्रह प्रकाशित छ ।

## ४.७ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा साहित्य सङ्गम मकवानपुरले आजसम्म एघारौँ कार्यसमितिका कार्यकालहरू पार गरिसकेको छ । यसक्रममा साहित्य सङ्गम मकवानपुरले नियमित साहित्य सन्ध्या सञ्चालन, मुखपत्र प्रकाशन, पुरस्कार तथा मानसम्मानको स्थापना र वितरण, स्रष्टा सम्मानजस्ता रचनात्मक तथा गुणात्मक कार्यहरू गरेका छन् । यसका साथै पुस्तकालय सञ्चालन, विभिन्न साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूसँग सहकार्य गरी जिल्लाका विभिन्न ग्रामीण भूभागसम्म पुगी प्रतिभाको खोजी गर्ने कार्य त्यत्तिकै सराहनीय देखिन्छ । त्यस्तै राष्ट्रिय रूपमा ख्याति कमाएका स्रष्टाहरूलाई सम्मान गरी राष्ट्रले गर्न नसकेको राष्ट्रिय दायित्व पूरा गरेको छ । हेटौँडा आसपासका स्रष्टाहरूलाई नियमित जमघट गराई साहित्यिक यात्रामा अविच्छिन्न लाग्न-लगाउन पनि साहित्य सङ्गम मकवानपुर त्यत्तिकै सफल भएको छ । विभिन्न विद्यालयहरूसम्म पुगी विभिन्न साहित्यिक प्रतिष्पर्धा गराई पुरस्कृत गर्ने कार्यले एकातिर लुकेर बसेका प्रतिभाहरू खोज्ने काम भएको छ भने अर्कोतर्फ विद्यालयउमेरदेखि नै साहित्यिक रुचि बढ्न जाने देखिन्छ ।

यसबीचमा साहित्य सङ्गम मकवानपुरले आफ्नै निजी भवन बनाई विभिन्न स्थानहरूमा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने बाध्यताबाट मुक्त भएको पाइन्छ । यसरी सङ्गमले नियमित साहित्य सन्ध्या सञ्चालान, मुखपत्र प्रकाशन, पुरस्कार तथा मानसम्मानको स्थापना र वितरण, स्रष्टा सम्मान, पुस्तकालय सञ्चालन, विभिन्न साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूसँग समेत सहकार्य गर्नेजस्ता महत्त्वपूर्ण कार्यहरूको व्यवस्थित संयोजन तथा

व्वस्थापनले हेटौँडेली माटोमा बग्रेल्ती स्थानीय स्तरका तथा राष्ट्रिय स्तरका स्रष्टाहरू जन्माउन तथा हुर्काउन सफल भएको छ ।

# पाँचौं परिच्छेद

## ५. साहित्य सङ्गम मकवानपुरको मूल्याङ्कन र नेपाली साहित्यको विकासमा योगदान

## ५.१ पृष्ठभूमि

नेपाली साहित्यको उत्थान र विकासमा मकवानपुर जिल्लाको साहित्यिक सर्जकहरू, साहित्यिक सङ्घसंस्थाहरूका अतिरिक्त यस जिल्लाबाट प्रकाशित साहित्यिक समाचार तथा जानकारीमूलक पत्रपत्रिकाहरूले महत्त्वपूर्ण योगदान पुऱ्याएको पक्ष मननीय देखिन्छ । यस जिल्लामा वि.सं. २००९ देखि अहिलेसम्म धेरै साहित्यिक सङ्घसंस्थाहरू, पुस्तकालयहरूले स्थानीय साहित्यको विकासमा उल्लेख्य रचनात्मक भूमिका खेलेको पाइन्छ । यस क्रममा अढाइ दर्जन जति साहित्यिक पत्रपत्रिकाका अलवा समाचारप्रधान पत्रिकाहरू, स्मारिका तथा विभिन्न सङ्घसंस्थाहरूबाट प्रकाशित हुने मुखपत्रको पनि उत्तिकै भूमिका रहेको देखिन्छ । ४० भन्दा बढीको सङ्ख्यामा स्थापना भएका विभिन्न पुस्तकालय तथा साहित्यिक सङ्घसंस्थाहरूले मकवानपुर जिल्लाको साहित्यक विकासमा कुनै न कुनै रूपमा योगदान पुऱ्याएको पाइन्छ । यस क्रममा **ज्योति पुस्तकालय** (२००९), **हिमाली साहित्य प्रकाशन** (२०२४), **मकवानपुर साहित्य परिषद्** (२०३९), **अविरल परिवार** (२०४७), **जूनकीरी साहित्य परिवार**, **उद्बोधन साहित्य मञ्च** (२०५०), **'प्रगतिशील लेखक सङ्घ**(२०५०), **दीपशिखा साहित्यिक परिवार** (२०५३), **प्रणयन परिवार** (२०५५), **मातृभूमि साहित्य समाज** (२०५६), **मृगतृष्णा डबली**' (२०५७) आदिजस्ता साहित्यिक सङ्घसंस्थाहरू दुई दशकभन्दा बढी समयदेखि विभिन्न धारा, वाद, एवम् स्थानीय तथा क्षेत्रीय रूपबाट नेपाली साहित्यलाई सङ्ख्यात्मक तथा गुणात्मक योगदान पुऱ्याउँदै आएको देखिन्छ । मकवानपुरे साहित्यिक सङ्घसंस्थाहरू छिटफुट रूपमा उदाउने र अस्ताउने यस्ता खाले शृङ्खलामा अबिराम अनन्त यात्राको आरम्भस्वरूप साहित्य सङ्गम मकवानपुरको स्थापनामा भएको देखिन्छ ।

## ५.२ मूल्याङ्कन

औपचारिक आरम्भ २०४४ साल तथा विधिवत् आरम्भ वि.सं. २०५२ देखि भएको यस साहित्य सङ्गम मकवानपुरको प्रश्नवव्यथा पञ्चायती निरीहयताका कारण सुखद् नभए पनि प्रजातन्त्रको पुनर्बहालीले अपेक्षित वातावरण पाएको देखिन्छ । पञ्चायती बर्बरताको घुम्टो भित्रदेखि वर्तमान गणतन्त्रसम्मको यात्रालाई परिक्रमा गर्दा साहित्य सङ्गम मकवानपुरले उल्लेख्य उचाइ प्राप्त गरेको देखिन्छ । स्रष्टाहरूलाई एकत्रीत पारी प्रजातन्त्रको जग सुदृढ पार्ने कामदेखि गणतन्त्रको संस्थागत विकास गर्न यस साहित्य सङ्गम मकवानपुरले त्यत्तिकै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । रामचन्द्र 'फुर्सती', आर.आर. चौलागाई, केशव श्रेष्ठ 'ज्योति', नवराज शर्माजस्ता स्थापनाकालीन निर्भीक, उत्साही तथा जुझारू स्रष्टाहरूको संयोजनमा सङ्गम पुष्पित र पल्लवित भएको बुझिन्छ । साहित्य सङ्गम मकवानपुरले साहित्य सन्ध्याको माध्यमबाट एकातिर बग्रेल्ती नवप्रतिभाहरू जन्माएको छ भने अर्कोतिर स्रष्टका रचनाहरूलाई उत्तिकै खार्ने काम गरेको छ । विभिन्न आठ अङ्कहरू मुखपत्रको रूपमा प्रकाशित गरी ती मुखपत्रहरूमार्फत रचना रच्न प्रेरित तथा कृतिगत प्रकाशनार्थ उत्तिकै प्रेरित गरेको पाइन्छ । राष्ट्रिय रूपमा ख्याति कमाएका स्रष्टाहरूलाई आफ्ना विभिन्न कार्यक्रमहरूमा ल्याई सम्मान गरी स्रष्टाहरूप्रति व्यक्त गरेका अतीव श्रद्धालाई उदाहरणीय मान्न सकिन्छ । त्यसैगरी ग्रामीण भेगका विद्यालय तहसम्म पुगी लुकेका प्रतिभाहरूको खोजी गरी पुरस्कृत गर्ने कार्य आफैमा सराहनीय रहेको छ । यस सङ्गमले हेटौँडा नगरपालिकाद्वारा निर्मित पुष्पलाल स्मृति पुस्तकालयको व्यवस्थापनमा देखाएको कुशल व्यवस्थापकको भूमिका पनि उल्लेखनीय देखिन्छ । यसरी साहित्य सङ्गम मकवानपुरले पुस्तकालय सञ्चालन, नियमित राष्ट्रिय गोष्ठीहरू सञ्चालन, स्रष्टाहरू पहिचान तथा सम्मान, सामयिक सङ्गालोसहितको मुखपत्र प्रकाशन तथा अन्य साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूसँग समन्वय गरी नेपाली साहित्यको विकासार्थ खेलेको गुणात्मक तथा रचनात्मक भूमिकाको उच्च मूल्याङ्कन सकिन्छ ।

## ५.३ योगदान

साहित्य सङ्गम मकवानपुरका समग्र गतिविधिहरूलाई हेर्दा यसका स्रष्टा सम्मान, ग्रामीण तहसम्म पुगी प्रतिभाको खोजी तथा स्थानीय स्रष्टाहरूलाई प्रेरणा र साहित्यिक वातावरण दिई नियमित गरिने साहित्यिक सन्ध्या सम्भवत: मोफसलको दृष्टान्त हुनसक्छ । यसले आफ्नो १६३ औँ सन्ध्या पार गरिसक्दा बग्रेल्ती नवोदित स्रष्टाहरूलाई खार्ने काम तथा स्थापित स्रष्टाहरूलाई परिष्कृत बनाउने काम गरेको देखिन्छ । राष्ट्रिय रूपमा प्रतिष्ठित स्रष्टाहरूलाई सम्मान गर्ने परम्पर बसाली राष्ट्रले गर्न नसकेको काम गरी भाषा, संस्कृति र साहित्यप्रतिको सरकारी उदासीनतालाई झस्काउने काम गरेको छ । यस कार्यबाट स्रष्टाहरूले कम्तिमा आत्मसन्तुष्टिसम्म पाई आफ्नो कलमप्रति गर्व गर्न सक्ने अवस्था बनाइदिएको देखिन्छ । यस साहित्य सङ्गम मकवानपुरको केन्द्रीयतामा विभिन्न पुरस्कार तथा सम्मानहरू स्थापना गरी गाउँगाउँको विद्यालयविद्यालयसम्म पुगी स्रष्टा पहिचान गर्ने काम त्यत्तिकै महत्त्वपूर्ण योगदान मान्न सकिन्छ । जिल्लाका दुर्गम ग्रामीण विद्यालयहरूका विद्यार्थीहरूमाझ पुगी साहित्यिक चेतनाको विकास मात्र नगरी स्वस्थ प्रतिष्पर्धा गराई साहित्यिक दिशानिर्देश गरेको पक्ष उत्तिकै अविस्मरणीय रहेको देखिन्छ । यस शृङ्खलासँग ती पुरस्कार तथा सम्मानहरूको स्थापना तथा सौजन्य गरिदिनुहुने महानुभावहरू तथा सङ्घसंस्थाहरू धन्यवादका पात्र बन्न सफल भएका छन् । यसका साथै यस सङ्गमले मकवानपुरले आफ्नो मुखपत्रस्वरूप निकाल्ने गरेको सामयिक सँगालो औचित्यका दृष्टिले अर्को दृष्टान्त देखिन्छ । सङ्गमसँग आबद्ध तथा स्थानीय तथा राष्ट्रिय स्तरका स्रष्टाहरूका रचनाहरू समेटी पुस्तकीय रूप दिई प्रकाशित गर्ने क्रममा विभिन्न आठ अङ्कहरू प्रकाशित भइसकेको देखिन्छ । यी अङ्कमध्ये तेस्रो अङ्कसम्म **अक्षर** र चौथो अङ्कपछि **सौरभ** संशोधित नामबाट मुखपत्रहरू प्रकाशन भएको पाइन्छ । यसमध्ये पनि सातौँ र आठौँ अङ्क क्रमश: साहित्य सङ्गम मकवानपुर र स्व. गोविन्द खड्का विशेष अङ्कको रूपमा प्रकाशित भएको पाइन्छ । यी अङ्कहरूमा मुख्य गरी कविता विधा र त्यसपछि क्रमश: कथा, निबन्ध, लेख,

समालोचना आदि विधाहरूले उत्कृष्टता प्राप्त गरेका पाइन्छ । यस सङ्गमले हेटौँडा नगरपालिकाद्वारा निर्मित पुष्पलाल स्मृति पुस्तकालय व्यवस्थापनको जिम्मा लिई अध्येताहरूको जमघट थलोलाई सुनिश्चितता प्रदान गर्ने जस्ता हितोपकारी कार्यसमेत गरेको देखिन्छ ।

## ५.४ निष्कर्ष

यसरी स्थानीय स्रष्टाहरूलाई नियमित भेटघाट गर्न साहित्यिक वातावरण तय गर्ने कामदेखि लिएर विभिन्न पुरस्कार तथा मानसम्मानको वितरण, स्रष्टा सम्मान, पुस्तकालय सञ्चालन, मुखपत्र प्रकाशन, टेलिफोन डाइरेक्टरी प्रकाशन, साहित्य सन्ध्या सञ्चालनजस्ता महत्त्वपूर्ण कामहरूमा साहित्य सङ्गम मकवानपुर निरवच्छिन्न लागिपरेको देखिन्छ । यी विभिन्न गतिविधिहरूबाट साहित्यप्रति झुकाव राख्ने नवोदित स्रष्टाहरूले आधारभूमि प्राप्त गरेको छ भने अग्रज स्रष्टाहरू पथप्रदर्शकको भूमिकामा बस्न पाएको देखिन्छ । राष्ट्रिय रूपमा स्थापित स्रष्टाहरूलाई सम्मान गरी सर्जकहरूप्रति राष्ट्रले गर्न नसकेको कर्तव्य मात्र पूरा नगरी नव स्रष्टाहरूलाई पनि उत्प्रेरणा प्रदान गर्ने काम गरेको छ । विभिन्न पुरस्कारहरूको संयोजन गरी ग्रामीण तहसम्म पुगी प्रतिभा पहिचान गरी पुरष्कृत गर्ने परिपाटी बसाली नव स्रष्टाहरूलाई अपार हौसला र आधारभूमि प्रदान गर्न साहित्य सङ्गमको अद्वितीय भूमिका रहेको देखिन्छ । यसले मुखपत्रको रूपमा विभिन्न आठ अङ्कहरू प्रकाशित गरी विभिन्न तप्काका स्रष्टाहरूका रचनाहरूलाई स्थान दिई पुस्तकीय कृतिका लागि प्रोत्साहन गरेको देखिन्छ । सबै खाले स्रष्टा र रचनाहरूलाई सङ्गृहीत गरी प्रकाशन गर्ने परिपाटीले साहित्यकारहरूमा कृति प्रकाशनमा प्रोत्साहन तथा साहित्यलाई व्यावसायिक रूपमा बिस्तार गर्नतर्फ सङ्केत गरेको देखिन्छ । यसका साथै पुस्तकालयको व्यवस्थापन, अन्यान्य थुप्रै साहित्यिक सङ्घसंस्था तथा गैरसाहित्यिक संस्थाहरूसँग समन्वय गरी साहित्यिक समुन्नतिमा साहित्य सङ्गम मकवानपुर अहोरात्र जुटेको देखिन्छ । मकवानपुरे साहित्यकै नेतृत्व गर्न कम्मर कसेको प्रतीत हुने साहित्य सङ्गम मकवानपुर मोफसलकै साहित्यिक समृद्धिमा लागि परेको अग्रणी संस्थाको रूपमा देखिन्छ ।

# छैठौँ परिच्छेद

## ६. उपसंहार

**नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकवानपुरको योगदान** शीर्षकको प्रस्तुत शोधपत्रको उपसंहार खण्डमा परिच्छेद-परिच्छेदको निष्कर्षलाई सङ्क्षेमा प्रकाश पार्नु सान्दर्भिक ठानिएको छ :

### ६.१ पहिलो परिच्छेदको सारांश

यस परिच्छेदमा शोधपत्रको शोधपरिचयसम्बन्धित स्तम्भहरू राखिएका छन् ।

### ६.२ दोस्रो परिच्छेदको सारांश

मकवानपुर जिल्ला भाषा-साहित्य, कला-संस्कृति भूबनावट, हावापानी, जनजाति शिक्षादीक्षा, धर्म, यातयात, विकास निर्माणका विभिन्न कार्यहरू आदिका दृष्टिले उल्लेखनीय रहेको छ । मकवानपुर जिल्ला प्राकृतिक सौन्दर्य र रमणीय छटाहरूले भरिपूर्ण विभिन्न नदीनालाहरूबाट अभिसिञ्चित, जैविक विविधता, जातीय एवम् धार्मिक विविधतायुक्त भित्री मधेशीय जिल्ला हो । भौतिक विकासको दृष्टिले त्यत्ति सुदृढ नदेखिएको यो जिल्ला पूर्व पश्चिम राजमार्ग, त्रिभुवन राजपथ, हेटौँडा-काठमाडौँ छोटो दुरीको राजमार्ग, औद्योगिक क्षेत्र, मध्यामाञ्चल क्षेत्रको सदरमुकाम, कुलेखानी जलविद्युत गृह आदिका कारण यसको महत्त्व चुलिएको देखिन्छ । तामाङहरूको बाहुल्यता रहेको यो जिल्ला मकवानपुर गढी, चिसापानी गढी, सहिदस्मारक हेटौँडा, पालुङ, इन्द्रसरोवर तथा तराईदेखि राजधानी जोड्ने द्रुतमार्ग आदिजस्ता धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल तथा विकास योजना आदिका कारण यस जिल्लाको गरिमा चुलिएको छ ।

### ६.३ तेस्रो परिच्छेदको सारांश

यस परिच्छेदमा मकवानपुर जिल्लाका साहित्यिक सङ्घसंस्थाहरूले जिल्लाको साहित्यिक विकासमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । यसक्रममा यस जिल्लाबाट

प्रकाशित पत्रपत्रिकाहरू, मुखपत्र तथा स्मारिका, साहित्यिक सङ्घ तथा संस्थाहरूको योगदान पर्गेल्दा **प्रयास** साप्ताहिकले पहिलोपल्ट आफ्नो पत्रिकामार्फत विभिन्न साहित्यकारहरूलाई प्रोत्साहन गरेको, **कुराकानी** साप्ताहिकले एक पृष्ठ नै साहित्यिक स्तम्भको रूपमा राखेको र कोरस, रातो सूर्य, मधुपत्र, नमस्कार, हेटौँडा पोस्ट, बलिदान, नारायणी, हेटौँडा सन्देश, हेटौँडा टुडे आदि समाचारमुलक पत्रिकाहरूले पनि यस जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । त्यस्तै जिल्लाका साहित्यिक सङ्घसंस्थाहरू तथा पुस्तकालयहरूले पनि जिल्लाको साहित्यिक समुन्नतिमा उत्तिकै योगदान पुऱ्याएको पाइन्छ । यसक्रममा **ज्योति पुस्तकालय**, **सङ्गम पुस्तकालय**, **पुष्पलाल स्मृति पुस्तकालय, नव कला कुञ्ज**, **हिमाली साहित्य प्रकाशन**, **मकवानपुर साहित्य परिषद्**, **साहित्य सङ्गम मकवानपुर**, **विश्वेश्वर आलोक मञ्च**, **उद्बोधन साहित्य मञ्च**, **प्रगतिशील लेखक सङ्घ**, **शृङ्खला नाट्य समूह**, **झरना साहित्यिक परिवार**, **मातृभूमि साहित्य समाज**, **भीम विराग कला-साहित्य प्रतिष्ठान** आदिको योगदान मकवानपुरे साहित्यमा महत्त्वपूर्ण रहेको पाइन्छ ।

## ६.४ चौथो परिच्छेदको सारांश

यस परिच्छेदमा साहित्य सङ्गम मकवानपुरका गतिविधिहरूको बारेमा चर्चा गरिएको छ । साहित्य सङ्गम मकवानपुरका गतिविधिहरूमध्ये नियमित साहित्य सन्ध्या सञ्चालान, मुखपत्र प्रकाशन, पुरस्कार तथा मानसम्मानको स्थापना र वितरण, स्रष्टा सम्मान मुख्य हुन् । यसका साथै पुस्तकालय सञ्चालन, विभिन्न साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूसँग सहकार्य गरी जिल्लाका विभिन्न ग्रामीण भूभागसम्म पुगी प्रतिभाको खोजी गर्ने कार्य, टेलिफोन डाइरेक्टरीको प्रकाशन आदि कामहरू सराहनीय देखिन्छ । स्थानीय स्रष्टाहरूलाई नियमित जमघट गराई साहित्यिक यात्रामा अविच्छिन्न लाग्न-लगाउन यसले गरेका प्रयत्नहरू स्मरणीय रहेका छन् । गाउँगाउँ पुगी लुकेर बसेका प्रतिभाहरू खोज्ने काम तथा राष्ट्रिय ख्याति कमाएका स्रष्टाहरूलाई सम्मान गर्ने परम्परालाई घनीभूत पार्दै निरन्तरता दिनुपर्ने देखिन्छ ।

## ६.५ पाँचौं परिच्छेदको सारांश

यस परिच्छेदमा साहित्य सङ्गम मकवानपुरको मूल्याङ्कन र नेपाली साहित्यको विकासमा योगदानअन्तर्गत रही साहित्य सङ्गम मकवानपुरका समग्र गतिविधिहरूको विश्लेषण गरिएको छ । यी गतिविधिहरूलाई हेर्दा यसका स्रष्टासम्मान, ग्रामीण तहसम्म पुगी प्रतिभाको खोजी तथा स्थानीय स्रष्टाहरूलाई प्रेरणा र साहित्यिक वातावरण दिई नियमित गरिने साहित्यिक सन्ध्या उत्कृष्ट देखिन्छ । स्थानीय स्रष्टाहरूलाई नियमित भेटघाट गर्न साहित्यिक वातावरण तय गर्ने कामदेखि लिएर विभिन्न पुरस्कार तथा मानसम्मानको वितरण, स्रष्टा सम्मान, पुस्तकालय सञ्चालन, मुखपत्र प्रकाशन, टेलिफोन डाइरेक्टरी प्रकाशन, साहित्य सन्ध्या सञ्चालनजस्ता महत्त्वपूर्ण कामहरूमा साहित्य सङ्गम मकवानपुर निरवच्छिन्न लागिपरेको देखिन्छ । राष्ट्रिय रूपमा स्थापित स्रष्टाहरूलाई सम्मान गरी सर्जकहरूप्रति राष्ट्रले गर्न नसकेको कर्तव्य मात्र पूरा गरेको छ । विभिन्न पुरस्कारहरूको संयोजन गरी ग्रामीण तहसम्म पुगी प्रतिभा पहिचान गरी पुरस्कृत गर्ने परिपाटी बसाली नव स्रष्टाहरूलाई अपार हौसला र आधारभूमि प्रदान गर्न साहित्य सङ्गम मकवानपुरको अद्वितीय भूमिका रहेको देखिन्छ ।

## ६.६ छैठौं परिच्छेदको सारांश

यस परिच्छेदमा पाँचौं परिच्छेदसम्मका परिच्छेदहरूको समीक्षात्मक निष्कर्ष निकालीमा उपसंहार दिइएको छ ।

## ६.७ समग्र निष्कर्ष

मकवानपुर जिल्ला प्राकृतिक सौन्दर्य र रमणीय छटाहरूले भरिपूर्ण विभिन्न नदीनालाहरूबाट अभिसिञ्चित, जैविक विविधता, जातीय एवम् धार्मिक विविधतायुक्त भित्री मधेशीय जिल्ला हो । भौतिक विकासको दृष्टिले त्यत्ति सुदृढ नदेखिएको यो जिल्ला पूर्व पश्चिम राजमार्ग, त्रिभुवन राजपथ, हेटौँडा-काठमाडौँ छोटो दुरीको राजमार्ग, औद्योगिक क्षेत्र, मध्यामाञ्चल क्षेत्रको सदरमुकाम, कुलेखानी जलविद्युत गृह आदिका कारण यसको महत्त्व

चुलिएको देखिन्छ । तामाङहरूको बाहुल्यता रहेको यो जिल्ला मकवानपुर गढी, चिसापानी गढी, सहिदस्मारक हेटौँडा, पालुङ, इन्द्रसरोवर तथा तराईदेखि राजधानी जोड्ने द्रुतमार्ग आदिजस्ता धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल तथा विकास योजना आदिका कारण उत्तिकै चर्चित रहेको छ ।

यस जिल्लाको लोकसाहित्यिक इतिहास लामै र समृद्ध देखिए पनि मौलिक साहित्यिक परम्पराको सुरूवात वि.सं. २००० पछि मात्र भएको देखिन्छ । यस जिल्लाको साहित्यिक उन्नयनमा विभिन्न पुस्तकालय तथा साहित्यिक सङ्घसंस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । जिल्लाको पुरानो सदरमुकामको रूपमा रहेको भीमफेदी मकवानपुरे साहित्यको उद्गम स्थलको रूपमा रहेको पाइन्छ । यसैगरी यस जिल्लाको साहित्यिक समुन्नतिमा, पत्रपत्रिका, स्मारिका आदिको पनि उत्तिकै भूमिका रहेको देखिन्छ । मकवानपुर जिल्लामा स्थापित पुस्तकालय, पत्रपत्रिका, साहित्यिक सङ्घसंस्थाहरूको इतिहासमा ‘गथु’(२०२०) हस्तलिखित पत्रिकाबाट हालसम्म तीन दर्जन जति पत्रपत्रिकाहरू तथा ‘ज्योति पुस्तकालय’ (२००९) भीमफेदीबाट स्थापनाबाट आरम्भ भएको सङ्घसंस्था स्थापनाको काम आजसम्म झण्डै चार दर्जनको हारहारीमा रहेको पाइन्छ ।

पञ्चायती आततायी दमन शोषणबाट बेपर्वाही रही पञ्चायतप्रतिको असन्तुष्टि पोख्ने थलोको रूपमा नेपाली साहित्य बन्दै गरेको राष्ट्रिय अवस्थाबाट मकवानपुरे स्रष्टा र साहित्य पनि अछुतो रहन सकेन । फलस्वरूप हेटौँडेली केही निर्भीक, जुझारू, साहित्य अनुरागीहरूको सक्रियतामा साहित्य सङ्गम मकवानपुरको २०४४ सालमा गर्भाधान भएको पाइन्छ । यसरी २०५२ सालमा जि.प्र.का. मकवानपुरमा विधिवत् दर्ता भएको साहित्य सङ्गम मकवानपुर आज मोफसलकै एउटा उदाहरणीय साहित्यिक संस्था बनेको पाइन्छ । यसबीचमा सङ्गमले १२ वटा कार्य समिति, ८ अङ्क मुखपत्र प्रकाशन, आधा दर्जन जति पुरस्कार तथा सम्मानको संयोजन तथा वितरण, १६३ वटा साहित्य सन्ध्या सञ्चालन, पुस्तकालयको व्यवस्थापनलगायत प्रशस्तै सङ्ख्यात्मक र गुणात्मक कार्यहरू गरेको पाइन्छ ।

स्थापनाको २३ औँ वसन्तमा आइपुगेको सङ्गमको आफ्नै निजी कार्यालय भवन भएको र साहित्य अनुरागीहरूबीच अपार प्रतिष्ठा आर्जन गरेको सङ्गम नेपाली साहित्यकै शान बनेको छ ।

सङ्गमले साहित्य सन्ध्याको माध्यमबाट बग्रेल्ती नवप्रतिभाहरू जन्माएको छ भने रचनाहरूलाई उत्तिकै खार्ने काम गरेको छ । साहित्यानुरागीहरूबीच आपसी सौहार्दता कायम गर्ने श्रेय सङ्गमलाई रहेको देखिन्छ । विभिन्न ८ अङ्कहरू मुखपत्रको रूपमा प्रकाशित गरी रचनाहरूलाई प्रकाशित रूप दिने कार्य गरेको छ । विभिन्न स्रष्टाहरूलाई ती मुखपत्रमार्फत रचना रच्न प्रेरित तथा कृतिगत प्रकाशनार्थ उत्तिकै प्रेरित गरेको पाइन्छ । यस सङ्गमले राष्ट्रिय रूपमा ख्याति कमाएका स्रष्टाहरूलाई आफ्ना विभिन्न कार्यक्रमहरूमा ल्याई सम्मान गरी स्रष्टाहरूप्रति अतीव श्रद्धा व्यक्त गरेका छन् । भाषा तथा साहित्यलाई राष्ट्रले सम्मान गर्न नसकेको दु:खद् अवस्थामा सङ्गमको यस कार्यले स्रष्टाहरूलाई प्रोत्साहन प्रदान गर्ने काम निश्चित रूपमा भएको पाइन्छ । यसका अलवा ग्रामीण भेगका विद्यालय तहसम्म पुगी लुकेका प्रतिभाहरूको खोजी गरी पुरस्कृत गर्ने कार्यमा लागेको सङ्गम प्रतिभाको पहिचान तथा सम्मान गरी साहित्यमा समाहित गर्न पहलकामी भूमिकामा रहेको छ । विद्यालयीय उमेरमै प्राप्त हुने चर्चित पुरस्कार तथा सम्मानबाट थुप्रै विद्यार्थीहरूमा साहित्यप्रति रूचि बढ्न सक्ने सकरात्मक पक्ष रहेको पाइन्छ । यस सङ्गमले हेटौँडा नगरपालिकाद्वारा निर्मित पुष्पलाल स्मृति पुस्तकालयको व्यवस्थापनको जिम्मा लिई बौद्धिक जमात जमघट हुने थलो निर्माणको लागि पनि उत्तिकै सराहनीय भूमिका खेलेको देखिन्छ । यसैगरी साहित्य सङ्गम मकवानपुरले पुस्तकालय सञ्चालन, नियमित राष्ट्रिय गोष्ठीहरू सञ्चालन, स्रष्टाहरू पहिचान तथा सम्मान, सामयिक सङ्गालोसहितको मुखपत्र प्रकाशन तथा अन्य साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थाहरूसँग समन्वय गरी नेपाली साहित्यको विकासार्थ गुणात्मक तथा रचनात्मक भूमिका खेलेको पाइन्छ ।

साहित्य सङ्गम मकवानपुरको विहङ्गम अवलोकनको क्रममा यसका केही दुर्बल पक्षहरू पनि पाइएका छन् । साहित्यिक सन्ध्याहरूको एउटा निश्चित शृङ्खलाहरूमा पूर्ववत् स्रष्टाहरूको बाहुल्यता देखिएबाट सङ्गमले नयाँनयाँ स्रष्टालाई आकर्षित गर्न नसकेको प्रतीत हुन्छ । यस्तै सङ्गमका कार्यसमितिका प्राय: सदस्यहरूको निरवच्छिन्न संलग्नता नपाइनाले सङ्गमका स्रष्टाहरूले दीर्घकालीन त्यागतर्फ तथा व्यावसायिक साहित्यतर्फ उन्मुख हुन नसेको देखिन्छ । पछिल्लो समयमा अघिल्लो समयका स्रष्टाहरूको उपस्थिति कार्य समितिमा तथा कार्यक्रमहरूमा नहुनु वा न्यून हुनुबाट सङ्गममा पूर्ववर्ती स्रष्टाहरूप्रति आदरभाव नभएको हो कि भनी शङ्का गर्न सकिने ठाउँ देखिन्छ । सङ्गमले देशकै विभिन्न स्थानमा पुगी वा राष्ट्रिय रूपमा सघन कार्यक्रमहरू सञ्चालन गर्न नसक्दा सङ्गम परिचितका लागि मात्र परिचित देखिन्छ । सङ्गमद्वारा प्रकाशित मुखपत्रको गुणात्मक आयामलाई सङ्ख्यात्मक रूपमै वृद्धि गर्नु पर्ने देखिन्छ ।

यसरी यस संस्थाको जिल्लाको कला, संस्कृति तथा भाषा साहित्यको सेवा गर्ने उद्देश्यमा सफल देखिन्छ । यस साहित्य सङ्गम मकवानपुरले समग्र रूपमा नेपाली साहित्यको विकासमा रचनात्मक योगदान पुऱ्याएको देखिन्छ ।

# प्रमुख सन्दर्भसूची

## (पुस्तक)


अधिकारी, मीनबहादुर — **भीम विरागको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवम् विश्लेषण**, (नेपाली स्नातकोत्तर शोधपत्र अप्रकाशित (२०५६) वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर ।

चौँलागाई, आर.आर. — **विघटनको तयारीमा,** विष्णु ओझा २०६४ ।

त्रिपाठी,वासुदेव र अन्य (सम्पा.) — **नेपाली बृहत् शब्दकोश**, काठमाडौं, ने. रा.प्रा. प्र. २०५० ।

थापा, बबी — **विथोलिएको मन**, हेटौँडा, प्रश्नदेवी थापा/मधु थापा, २०६१ ।

ढकाल, साम्ब — **मान्छेहरू अजङ्गको यात्रामा,** हेटौँडा, इशु अधिकारी, २०५७ ।

बराल, खिलप्रसाद — **मकवानपुरका कवि र कविता**, (नेपाली स्नातकोत्तर शोधपत्र अप्रकाशित त्रि.वि.कीर्तिपुर २०६२ ।

रिजाल, आर.सी. — **कुकुरको पुच्छर,** हेटौँडा, लेखक स्वयम् ।

श्रेष्ठ, पुष्कल — **मकवानपुर एक परिचय**, जिविस मकवानपुर, २०५६।

सापकोटा, कुलप्रसाद — **नेपाली साहित्यको विकासमा मकवानपुर जिल्लाको योगदान,** (नेपाली स्नातकोत्तर शोधपत्र अप्रकाशित-(२०५८) वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर ।

# सहायक-सन्दर्भसूची

## (पत्रपत्रिका)


एलन, रामकुमार *उमेरमा सोह्र, वैशाख बाह्र सङ्गमको जोडिदैँछ घरबार,* **कुराकानी साप्ताहिक**, २०६० चैत्र ३० ।

अभिनभ *निरन्तरता र क्रियाशीलताको पर्यायवाची साहित्य सङ्गम मकवानपुर,* **प्रकाश साप्ताहिक** २०५९ फाल्गुण ४ ।

दुलाल, मोहन *साहित्यघरका सृष्टिकर्ता, अक्षरका रचयिता* । *आर.सी.रिजाल* , **जनमत,** वर्ष-२५, अङ्क -१०, २०६५ ।

निखिल, निमेष *सचिवको प्रतिवेदन,* **सौरभ,** वर्ष-१२, अङ्क -६, २०५९ ।

.................. *सचिवको प्रतिवेदन,* **सौरभ,** वर्ष-१६, अङ्क-८,२०६३ । ६)

.................. *सबैको सहयोगबाट निरन्तर अगाडि बढिरहेको छ साहित्य सङ्गम'* **इन्द्र सरोवर साप्ताहिक** २०६१ श्रावण १७ ।

पाण्डे कौशल *साहित्य सन्ध्यामा देवकोटाको सम्झना'* **प्रयास** अर्धवार्षिक २०६१ कार्त्तिक १६ ।

पुडासैनी, रामशरण *मकवानपुरे साहित्य उदाहरणीय बन्ने,* **गोरखापत्र,** २०६५ श्रावण ४ ।

................ (सम्पा.) **सौरभ**, वर्ष-१५, अङ्क-७, २०६२ ।

फुर्सती, रामचन्द्र(सम्पा.) **क्रमशः** वर्ष-२, अङ्क -२, २०५० ।

रिजाल, आरसी (सम्पा.) **सौरभ,** वर्ष -१०, अङ्क -५, २०५७ ।

रिमाल, देवराज *साहित्य सङ्गमको सत्र वर्षे यात्रा,* **दृष्टि साप्ताहिक**, ०६२ कार्त्तिक २९ ।

विष्ट, प्रताप *आँगन काटेर साहित्य भवन,* **कान्तिपुर राष्ट्रिय दैनिक**, २०६१ श्रावण ५ ।

शर्मा, नवराज (सम्पा.) **क्रमशः,** वर्ष -१, अङ्क -१, २०४९ ।

.............. (सम्पा.) **सौरभ**, वर्ष - ४ र ८, अङ्क - ३ र ४, २०५३/२०५५

शर्मा, विश्वम्भर *साहित्येतिहासको एउटा विशिष्ट गोरेटो विनिर्माणका क्षण,* **प्रतीक दैनिक** २०६१ जेष्ठ ९ ।

# सन्दर्भव्यक्ति सूची

अप्सरा तिमल्सिना , हेटौँडा-४, कमलडाँडा

आर. आर. चौँलागाई, हेटौँडा-४, हुप्राचौर

आर. सी. रिजाल, हेटौँडा-४, हुप्राचौर

इन्द्रबहादुर श्रेष्ठ, हेटौँडा-१,चौकीटोल

तुल्सी थापा , हेटौँडा-११, नवलपुर

निमेष निखिल , हेटौँडा-हुप्राचौर

पद्मराज लामिछाने, हेटौँडा-११, थानाभऱ्याङ

भावना सापकोटा , छतिवन, मकवानपुर

मोदनाथ पोखरेल, हेटौँडा-४ हुप्राचौर

रामचन्द्र 'फुर्सती', हेटौँडा-२

कौशल पाण्ड, हेटौँडा-४ कमलडाँडा

श्यामकुमार बाँनिया, मनहरि-३ ,मकवानपुर

साम्ब ढकाल, हेटौँडा-४

# परिशिष्ट

## (क) अन्तर्वार्ताको लागि प्रश्नावली

**नेपाली साहित्यको विकासमा साहित्य सङ्गम मकमवानपुरनको योगदान** शीर्षकमा गरिएको शोधपत्रका लागि तथ्याङ्क सङ्कलन गर्नका लागि निम्नलिखित प्रश्नावली प्रयोग गरिएको छ ।

अन्तर्वार्ता दिने व्यक्तिको नाम : ........................................

सम्पर्क फोन नं. .....................................

आवद्ध सङ्घसंस्था वा कार्यालय ..................................

प्रश्नहरू :

१. साहित्य सङ्गम मकवानपुरको यहाँले दिने परिचय र यहाँको आवद्धताको कारणबारे केही बताइदिनुहुन्छ कि ?

२. साहित्य सङ्गम मकवानपुरको स्थापनाकालीन पृष्ठभूमिबारे केही जानकारी भए बताइदिनुहुन्छ कि ?

३. साहित्य सङ्गम मकवानपुरको साहित्यिक गतिविधिहरूप्रति यहाँको कुनै धारणा वा प्रतिक्रिया भए बताइदिनुहुन्छ कि ?

४. साहित्य सङ्गम मकवानपुरले नेपाली साहित्यको विकासमा के-कस्तो योगदान पुऱ्याएको हुनसक्ला ?

५. साहित्य सङ्गम मकवानपुरबारे अन्य थप कुनै जानकारी तथा सुझाव केही दिन चाहनुहुन्छ कि ?

## (ख) साहित्य सङ्गम मकवानपुरको वर्तमान अध्यक्ष निमेष निखिलसँगको लिइएको अन्तर्वार्ता

## (ग) साहित्य सङ्गम मकवानपुरको जग्गादाता आर.सी. रिजालसँगको लिइएको अन्तर्वार्ता

# (घ) मकवानपुर जिल्लाको नक्सा

## (ङ) साहित्य सङ्गम मकवानपुरको भवनको तस्विर

# (च) साहित्य सङ्गम कमकवानपुरको वर्तमान कार्यसमिति‌को तस्विर

अध्यक्ष

उपाध्यक्ष सचिव कोषाध्यक्ष

सदस्य

सदस्य सदस्य

सदस्य

सदस्य

सल्लाहकार सल्लाहकार